सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ पुस २०८२, बुधबार (7 Jan 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रिय सभाका १८ सिटका लागि आज उम्मेदवारी दर्ता



११ माघमा हुने निर्वाचनमा कांग्रेस, एमाले, नेकपा र जसपा नेपालले तालमेल गरेर उम्मेदवारी दिँदै, कांग्रेस-एमाले ७-७, नेकपा ३ र जसपा नेपालले १ सिट पाउने 'मोडालिटी' छलफलमा । तर, मतभारका आधारमा ४ सिट पाउनुपर्ने नेकपाको दाबी, एमालेको आनाकानी ।

■ हाल राष्ट्रिय सभामा कायम सांसद

नेपाली कम्युनिस्ट पार्टी : २५
(तत्कालीन माओवादी केन्द्र : १७ र एकीकृत समाजवादी : ८)

कांग्रेस : १६

एमाले : १०

उपेन्द्र+महन्थ : ४
(जसपा नेपाल : ३ । लोसपा : १)

जनमोर्चा : १

मनोनीत : ३

(जसमध्ये एमालेका ८, नेपाली कम्युनिस्ट पार्टी : ८ (तत्कालीन माओवादीका ७, एकीकृत समाजवादीका १), उपेन्द्र+महन्थ : २ (जसपा नेपालका १, लोसपाका १) र मनोनीत १ को २१ फागुनमा कार्यकाल सकिँदै छ)



● पूर्णबहादुर खड्का
कार्यवाहक सभापति, कांग्रेस

सहमति खोज्ने विषयमा छलफल चल्दै छ । बुधबार बिहानसम्म एउटा निचोडमा पुग्छौं ।

प्रेम गौतम, शुरोजंग पाण्डे

आसन्न २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि नयाँ र वैकल्पिक भनिएका शक्तिहरू एक ठाउँ आएपछि दबाबमा परेका पुराना राजनीतिक पार्टीहरू पनि मोर्चाबन्दीमा जुटेका छन् । ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस, एमाले, नेकपा र जसपा नेपालले तालमेल गरेर उम्मेदवारी दर्ताको तयारी गरेका छन् ।

राष्ट्रिय सभाका १८ सिटका लागि मुख्य चार दल कांग्रेस, एमाले, नेकपा र जसपा नेपाल सिट बाँडफाँट गरेर चुनाव लड्न लागेका हुन् । विभिन्न प्रस्तावमा छलफल भए पनि बाँडफाँटमा संख्या र क्लस्टर टुंगिन बाँकी रहेको नेताहरूले बताएका छन् । जसपा नेपालले महन्थ ठाकुरलाई उम्मेदवार बनाउने तय गरे पनि अन्य तीन दलले उम्मेदवार टुंग्याएका छैनन् ।

मंगलबार बसेको कांग्रेस कार्यसम्पादन समिति बैठकले राष्ट्रिय सभा निर्वाचनमा तालमेल गर्ने निर्णय गरेको छ । 'माघ ११ गते हुने राष्ट्रिय सभा

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय सभामा चार दल किन मिल्दै छन् ?

● विश्लेषक दीपेश घिमिरे भन्छन्-

वैकल्पिक भनिएका दलहरू एक ठाउँ आएपछि पुराना दल अस्तित्व रक्षाकै हिसाबले गठबन्धनमा आएको देखिन्छ

राष्ट्रिय सभाको निर्वाचनका मतदाता भनेका प्रदेश सभाका सांसद र स्थानीय तहमा प्रमुख/उपप्रमुख हुन् । त्यहाँ मूलतः ठुलै दलहरूको प्रतिनिधित्व छ । एक्लाएक्लै लड्दा वा आंशिक तालमेल हुँदा कुनै दलले कम र कुनै दलले बढी जित्थे होला । तर, राष्ट्रिय सभामा यिनै चार दलबाट नै आउने हुन् । छुट्टाछुट्टै लड्दा मिश्रित नतिजा आउने, कम्तीमा दुई दल मिल्दा पूरै जिल्ल सकिने अवस्थामा पनि चारवटै दल मिलेर विश्वासको वातावरण बनाउन राष्ट्रिय सभा निर्वाचनलाई उपयोग गर्न खोजेको देखिन्छ । भोलिको दिनमा संविधान संशोधन गर्नका लागि उनीहरूको अहिलेको सहकार्यले सकारात्मक वातावरण बनाउन सक्छ । तर, यो गठबन्धन यतिमा मात्रै सीमित होला भन्ने लाग्दैन । प्रतिनिधिसभामा एक्लाएक्लै लड्ने घोषणा गरेका कांग्रेस, एमाले र नेकपाले राष्ट्रिय सभामा गठबन्धन गर्नु अर्थपूर्ण छ । वैकल्पिक भनिएका दलहरू एक ठाउँमा आएपछि पुराना दल अस्तित्व रक्षाकै हिसाबले गठबन्धनमा आएको देखिन्छ । राष्ट्रिय सभा निर्वाचनपछि विश्वासको वातावरण बन्न सक्ने र भोलिको दिनमा घोषित वा अघोषित गठबन्धनको ढोका खुल्छ । यसैलाई ध्यान दिएर पुराना दलहरूले अहिले गठबन्धन गरेका हुन सक्छन् ।



कुन प्रदेशबाट कुन-कुन क्लस्टरमा पर्दै छ उम्मेदवारी ?

२१ फागुनमा कार्यकाल सकिने १९ मध्ये १८ सांसदका लागि ११ माघमा राष्ट्रिय सभाको निर्वाचन हुँदै छ । सात प्रदेशमा हुने भिन्नाभिन्नै मतदानबाट चयन भएर आउनेछन् । कार्यकाल समाप्तिसँगै रिक्त क्लस्टरअनुसार नै निर्वाचन हुनेछ । निर्वाचन आयोगका अनुसार राष्ट्रिय सभा निर्वाचनमा महिला सात, दलित दुई, अपांगता भएका दुई र अन्य क्लस्टरबाट सातजनाको उम्मेदवारी दिनुपर्नेछ । जसअनुसार सबैभन्दा बढी मधेशबाट चारजना चुनिनेछन् । जसमा महिला, दलित, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक र अन्यबाट एक-एकजना निर्वाचित हुनेछन् । त्यस्तै, कोशीबाट महिला, दलित र अन्य एक-एक गरी तीनजना, बागमतीमा महिला र अन्य एक-एक गरी दुईजना, गण्डकीमा महिला र अन्य एक-एक गरी दुईजना चयन हुँदै छन् । यसबाहेक लुम्बिनीबाट महिला, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक र अन्य एक-एक गरी तीनजना, कर्णालीमा महिला र अन्य एक-एक गरी दुईजना र सुदूरपश्चिममा महिला र अन्य क्लस्टरमा एक-एक गरी दुईजना निर्वाचित हुनेछन् । मन्त्रिपरिषद्को सिफारिसमा मनोनीत वामदेव गौतमको पनि कार्यकाल सकिँदै छ ।

आज विशेष महाधिवेशन आह्वान गर्दै महामन्त्रीद्वय गगन–विश्व

विशेष महाधिवेशनका लागि तयारी समिति गठन, सुरक्षाका लागि सिडिओलाई पत्राचार

दुवै पक्षले 'पार्टी विभाजनको सम्भावना' अस्वीकार गरे पनि विवाद विभाजनउन्मुख

पार्टी कार्यालय सानेपामा विमलेन्द्रमाथि दुर्व्यवहार

जनकपुरमा गगन थापाको पुत्ला जलाइयो, कोटेश्वरमा राँके जुलुस

पर्शुराम काफ्ले/नयाँ पत्रिका

आसन्न प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा कांग्रेसमा विधानको व्याख्या, नेतृत्वको वैधता र आगामी निर्वाचनको मुद्दामा संस्थापन र महामन्त्रीद्वय निर्णायक चरणमा आमनेसामने भएका छन् । संस्थापन पक्षले नियमित महाधिवेशनमा जाने निर्णय गरे पनि ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको मागलाई आधार बनाएर महामन्त्रीद्वय विशेष महाधिवेशनको तयारीमा जुटेका छन् । दुवै पक्षले 'पार्टी विभाजनको सम्भावना' अस्वीकार गरे पनि 'निर्णायक विवाद' विभाजनकै जोखिमतर्फ उन्मुख छ ।

संस्थापन पक्ष राष्ट्रिय सभा निर्वाचनको तयारीमा जुटेका वेला महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्माले ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको माग सम्बोधन गर्न बुधबार विशेष महाधिवेशन आह्वान गर्ने भएका छन् । पार्टी विधानको तीनवटा धारामा टेकेर महामन्त्रीद्वय थापा र शर्माले २७ र २८ पुसमा विशेष महाधिवेशन आह्वान गर्दै महाधिवेशन प्रतिनिधिलाई संयुक्त रूपमा काठमाडौं बोलाउन लागेका छन् । यसले काग्रेसको विवाद नयाँ चरणमा प्रवेश गराउनेछ ।

केन्द्रीय कार्यसम्पादन समितिले १८ पुसमा गरेको निर्णय भन्दै सोमबार केन्द्रीय कार्यालयले प्रदेशदेखि वडा समितिसम्मलाई जारी गरेको सर्कुलरमा विशेष महाधिवेशनको औचित्य नरहेको उल्लेख छ । १८ पुसको कार्यसम्पादन समितिको बैठकमा

» पृष्ठ २ मा क्रमशः



■ बहुमत प्रतिनिधि आए नेतृत्व परिवर्तन, नभए नीतिगत संकल्प

२७ र २८ पुसमा बहुमत प्रतिनिधि सहभागी गराउने विशेष महाधिवेशन पक्षधरको प्रयास छ । बहुमत महाधिवेशन प्रतिनिधि सहभागी भएमा नीति र नेतृत्व परिवर्तन गरेर अघि बढ्ने महामन्त्रीद्वयको तयारी छ । बहुमत नपुगे भेलाका रूपमा अगाडि सार्ने उनीहरूको योजना छ । 'विशेष महाधिवेशनको समर्थनमा १६५ निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधिहरू थपिने क्रम जारी छ । ६० प्रतिशतभन्दा बढी प्रतिनिधिहरू सहभागी हुनुहुने अवस्था बन्दै छ,' विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान सञ्चालनका अगुवामध्येका एक युवा नेता बलदेव तिमल्सिनाले भने, 'विधानअनुसार बोलाइने विशेष महाधिवेशनमा सहभागी हुने बहुमत महाधिवेशन प्रतिनिधिले नीति र नेतृत्व परिवर्तनको निर्णय गर्छन्, यसलाई पार्टी फुट भन्न मिल्दैन । जहाँ बहुमत हुन्छ, त्यहीं आधिकारिकता हुन्छ । बहुमत पुगेन भने कम्तीमा यो प्रयास गरिएको हो भन्ने कुरा स्थापित गर्छौं । एउटा शक्तिका रूपमा स्थापित हुन्छौं, पार्टी फुट हुँदैन ।' विशेष महाधिवेशनको हस्ताक्षर गर्दा इतर समूहका नेता डा. शेखर कोइराला पक्षधर प्रतिनिधिको पनि समर्थन थियो । तर, अहिले शेखर पक्ष चुनावको मुखमा पार्टी विवाद बढाउन नहुने भन्दै मध्यमार्गी विकल्पमा सहमति खोज्ने प्रयासमा छ । थापा-शर्माले बोलाएको विशेष महाधिवेशनमा शेखर पक्ष अनुपस्थित रहे बहुमत पुग्न कठिन छ ।

■ के भन्छन् नेता



● जीवन परियार
शेखरपक्षीय नेता

अहिले परिस्थिति फरक दिशातर्फ गएको छ । विशेष महाधिवेशन गर्नैं हुँदैन भन्ने एक पक्ष र गर्नैं पर्छ भन्ने अर्को पक्ष आमनेसामने उभिएको अवस्थामा पार्टीलाई मध्यमार्गी निकास दिन प्रयास भइरहेको छ । शेखर दाइले सहमतिका लागि छलफल अघि बढाइरहनुभएको छ । पार्टी फुट्न नदिन र सहमतिको बाटो निकाल्न सक्रिय छौं । केही न केही निकास निस्कन्छ भन्नेमा आशावादी छौं ।



● प्रकाशशरण महत
संस्थापन पक्षधर नेता

आमनिर्वाचनको मुखमा यसरी द्वन्द्व बढाउँदा कसलाई फाइदा हुन्छ ? उद्देश्य स्पष्ट छैन । तर, यसकारण पार्टी फुट्ने अवस्था हुँदैन । वैशाखमा नियमित महाधिवेशन गर्ने संस्थागत र औपचारिक निर्णयप्रति हामी प्रतिबद्ध छौं । महामन्त्रीहरूसमेत सहभागी बैठकबाट निर्णय भइसकेको अवस्थामा फेरि मध्यमार्गी सहमतिको आवश्यकता किन पऱ्यो भन्ने कुरा बुझ्न सकिएको छैन ।



● अजयबाबु शिवाकोटी
विशेष महाधिवेशन पक्षधर नेता

पार्टी विधानअनुसार विशेष महाधिवेशन गर्नैं पर्नेछ । केन्द्रीय कार्यसमितिले यो मागको स्वामित्व नलिने अवस्थामा महामन्त्रीले केन्द्रीय कार्यालयका तर्फबाट आज आह्वान गर्नुहुन्छ ।

■ एमालेमा नेताहरूको कार्यविभाजन

दोस्रो वरीयताका नेताले चलाइरहेको नीति प्रतिष्ठानको जिम्मा रिमाललाई

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र






टिकटकसहित चार कम्पनीले तिरेनन् भ्याट

सञ्चार मन्त्रालयमा सूचीकरणका लागि अग्रसरता देखाएको टिकटकले यो वर्ष ठुला करदाता कार्यालयसँग सम्पर्कसम्म राखेको छैन

हरेक महिनाको २५ गतेभित्र भ्याट तिर्नुपर्ने, नतिरे प्रतिदिन ०.५ प्रतिशत वा प्रतिकरअवधि एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ त्यति जरिवाना लाग्ने व्यवस्था छ ।



● दिलीप गौतम, प्रमुख कर प्रशासक, ठुला करदाता कार्यालय

सम्पर्क गर्ने प्रयास गरेका छौं, तर हुन सकिरहेको छैन । टिकटकले सञ्चार मन्त्रालयमा सम्पर्क राखेको बुझिएको छ । त्यसैले भ्याट दाखिलाका लागि सञ्चार मन्त्रालयमार्फत नै ताकेता गराउने प्रयासमा छौं ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्षको ६ महिना पूरा हुन अब केही दिन मात्रै बाँकी छ । तर, चार ठुला बहुराष्ट्रिय प्रविधि कम्पनीहरूले नेपालमा सेवा सञ्चालन गरेबापत मूल्य अभिवृद्धि कर (भ्याट) नतिरेको पाइएको छ । ठुला करदाता कार्यालयको २० पुससम्मको तथ्यांकअनुसार टिकटक, गुगल आयरल्यान्ड, इबिएससिओ इन्टरनेसनल इंक र फ्ल्यास टपअप एलएलसीले भ्याट नतिरेका हुन् । इबिएससिओ इन्टरनेसनल र फ्ल्यास टपअपले त विद्युतीय

» पृष्ठ २ मा क्रमशः

■ ०७९/८० यता १९ कम्पनीबाट उठ्यो एक अर्ब १७ करोड कर

इबिएससिओ इन्टरनेसनल र फ्ल्यास टपअपले अहिलेसम्म तिरेकै छैनन्

मेटा प्लाटफर्म आयरल्यान्ड	४९ करोड ५४ लाख ६५ हजार ३२८
गुगल एसिया प्यासिफिक	२२ करोड ४८ लाख ५५ हजार ४२७
एप्पल डिस्ट्रिब्युसन इन्टरनेसनल	२२ करोड १० लाख २१ हजार ८९
एनसिएस पियर्सन इंक	१४ करोड ६५ लाख ८५ हजार ८०२
एसिसिए (एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्स)	६ करोड २५ लाख ७६ हजार १
प्रोमेट्रिक जापान कम्पनी	५ करोड १२ लाख ७३ हजार १०६
नेटफ्लिक्स	५ करोड २ लाख ५४ हजार ६८४
एप्पल सर्भिसेज	१ करोड ८७ लाख ११ हजार ६९७
टिकटक	१ करोड ६१ लाख ३९ हजार ८७
गुगल डिजिटल इंक	१ करोड ४० लाख ८ हजार ७६४
पियर्सन एजुकेसन	८४ लाख ११ हजार ७६२
गुगल आयरल्यान्ड	८२ लाख ८ हजार ६०५
माइक्रोसफ्ट रिजनल सेल्स	६९ लाख ८० हजार ९१५
मेटा प्लाटफर्म आयरल्यान्ड	४९ करोड ५४ लाख ६५ हजार ३२८
लिंक्डइन सिंगापुर	४८ लाख ९३ हजार ७१३
अमेजन कम सर्भिसेज एलएलसी	४४ लाख २९ हजार ४५५
जोहो कर्पोरेसन	२० लाख ४९ हजार ३३८
एडोब सिस्टम्स सफ्टवेयर आयरल्यान्ड	१२ लाख १३ हजार ७३
वार्नरमिडिया डाइरेक्ट एसिया	३ हजार ५९५

आन्दोलन र प्रदर्शन नगर्ने प्रतिबद्धतापछि हट्यो वीरगन्जको कर्फ्यु

वीरगन्जमा **तिवारी यादव**

आन्दोलन र प्रदर्शन नगर्ने प्रतिबद्धतापछि वीरगन्जको कर्फ्यु मंगलबार दिउँसो साढे ३ बजेबाट हटेको छ। वीरगन्जमा सोमबार साँझबाट कर्फ्यु जारी भएको थियो।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा मंगलबार बसेको बैठकले सर्वदलीय र सर्वपक्षीय बैठकमा सहभागी समेटेर स्थायी संयन्त्र बनाउने निर्णय गरेको छ। दल, जनप्रतिनिधि र संघसंस्थासहितको संयन्त्रले सद्भाव कायम गर्ने भूमिका खेल्ने सहायक प्रमुख जिल्ला अधिकारी विनोदप्रसाद पोखरेलले बताए। साथै, अन्य मुलुक र स्थानमा घटेका घटना र दुर्घटनालाई लिएर वीरगन्जमा प्रदर्शन र आन्दोलन नगर्न प्रतिबद्धतासहितको निर्णय पनि भएको छ। यसको साटो पीडित पक्षले प्रमुख जिल्ला अधिकारीको अग्रिम अनुमति लिएर मात्र आन्दोलनको कार्यक्रम गर्न सकिने भएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलका अनुसार धार्मिक, सामाजिक सद्भाव बिथोल्न दुरुत्सान गर्ने समूह र आन्दोलनकारीलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन सक्रिय रहने छ। रक्षाबन्धन पर्वप्रति दुई युवकले टिकटकमा नकारात्मक भिडियो पोस्ट गरेको निहुँमा मधेशको सामाजिक सद्भाव नै खलबलिने गरी तनाव सिर्जना भएको थियो। नकारात्मक भिडियो पोस्ट गर्ने युवकलाई प्रहरीले पक्राउ गरेर कारबाहीको प्रक्रिया सुरु गरिसकेको अवस्थामा गत शनिबार धनुषाको कमला नगरपालिका- ६, सखुवा मरानस्थित मुस्लिम टोलस्थित मस्जिदमा तोडफोड र कुरान जलाएपछि तनाव थप चर्किएको थियो। त्यसपछि मधेशमा सुरक्षा सतर्कता बढाइएको थियो भने वीरगन्जमा हरेक दिन प्रदर्शन हुन थालेपछि कर्फ्यु लगाइएको थियो।

■ ओलीले पहिलोपटक गरेको संसद् विघटनबारे सर्वोच्चको पूर्णपाठ

‘सरकारले नै सबैभन्दा बढी संविधान जान्नुपर्छ, स्वविवेकको प्रयोग अनियन्त्रित हुनुहुँदैन’

प्रधानमन्त्री अल्पमतमा परे संसद् विघटन होइन, संसद्भित्रैबाट संवैधानिक विकल्प खोज्नुपर्ने व्याख्या

शिल्पा कर्ण/नयाँ पत्रिका

कार्यकारीको स्वविवेकी अधिकार भन्दै तत्कालीन प्रधानमन्त्री केपी ओलीले ५ पुस ०७७ मा गरेको संसद् विघटन मुद्दामा सर्वोच्च अदालतले संविधानको मर्मबारे पाठ सिकाएको छ। संसद् विघटनको दुई महिनापछि नै बदरको फैसला गरेको सर्वोच्चले पाँच वर्षपछि पूर्णपाठ सार्वजनिक गर्दै सरकारले नै सबैभन्दा बढी संविधान जान्नुपर्ने र स्वविवेकको प्रयोग गर्दा अनियन्त्रित हुन नहुने संवैधानिक मर्मबारे सम्झाएको हो।

इजलासको नेतृत्वकर्ता तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले हस्ताक्षर गर्न नमानेपछि उक्त फैसलाको पूर्णपाठ आउन सकेको थिएन। हालै उनले हस्ताक्षर गरेपछि ढिला गरी पूर्णपाठ सार्वजनिक गरिएको हो।

‘संविधानवाद र विधिको शासनलाई व्यवहारमा बदल्नुपर्ने प्रमुख दायित्व भएकै कारण सरकारले नै सबैभन्दा बढी संविधान जान्नु र मान्नुपर्दछ भनिन्छ,’ फैसलामा छ, ‘...वस्तुतः संसदीय शासन प्रणालीमा कार्यकारिणीको अधिकारलाई अनियन्त्रित रूपमा प्रयोग गर्न नपाउने गरी संविधानमा सीमा बन्देज गरिएको हुँदा स्वविवेक अधिकारको प्रयोग पनि अनियन्त्रित हुन सक्ने अवस्था रहँदैन।’

विगतका संविधानमा विघटन सिफारिस प्रधानमन्त्रीको स्वविवेकीय अधिकार रहे पनि त्यसको परिणाम कसैबाट नलुकेको भन्दै सर्वोच्चले हालको संविधानले सीमा बन्देज निर्धारण गरेको पनि स्पष्ट पारेको छ। फैसलामा छ, ‘विभिन्न समयमा अस्थिरताहरूको यावत् कारक तत्त्वहरूसमेतलाई संविधानसभाले विचार गरी त्यस्तो असीमित अधिकार हटाई नेपालको संविधानले प्रतिनिधिसभा विघटनको लागि आवश्यक निश्चित पूर्वावस्था र सीमा बन्देज निर्धारण गरेको अवस्थामा अब यसलाई प्रधानमन्त्रीको स्वविवेकीय, असीमित एवं निसर्त अधिकारका रूपमा रहेको भनी हाम्रो विगतको अभ्यासलाई आधार बनाउन मिल्ने देखिँदैन।’

सर्वोच्चले सरकारको शक्तिमा नियन्त्रण लगाई शक्तिसन्तुलनको पालनलाई प्रभावकारी बनाउनु नै लिखित संविधानको गुण रहेकाले राज्यका सबै अंगको अधिकार त्यसैको सीमाबाट निर्धारित हुने तथा त्यस्ता कार्यले मात्र वैधानिकता पाउने उल्लेख गरेको छ। नेपालको संवैधानिक विकास हेर्दा विघटनलाई निसर्त रूपमा खुला छाडेको मान्न नहुने ठहर गर्दै सर्वोच्चले केवल ‘विगतको अभ्यास र संसदीय प्रणालीको आधारभूत मूल्य-मान्यता’ भन्दै विघटनलाई संविधानको मर्म र भावनाअनुकूल मान्न नहुने उल्लेख गरेको छ। संविधानको एउटा धारालाई व्याख्या गर्दा प्रस्तावना, अन्य सम्बन्धित धाराहरू, संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि र उद्देश्यलगायतलाई पनि सामञ्जस्य हुने गरी व्याख्या गर्नुपर्ने फैसलामा छ।

‘सार्वभौमसम्पन्न जनतासमक्ष आफू जनताको प्रतिनिधित्व गर्दै सरकार बनाउने प्रतिबद्धता व्यक्त गर्दै चुनावमा भाग लिई जनप्रतिनिधिका रूपमा चुनिएर जाँदा त्यस्ता जनप्रतिनिधिहरूको दलले संसद्मा बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो बहुमत प्राप्त संसदीय दलको नेतासँग सरकार बनाउने र राज्य सञ्चालन गर्नेबाहेक अन्य कुनै संवैधानिक विकल्प नै रहँदैन,’ फैसलामा सरकार गठनका धाराहरूबारे लेखिएको छ। साथै, सरकारको नेतृत्व गरिरहेको व्यक्ति अल्पमतमा भए विघटनको साटो सदनभित्रैबाट संवैधानिक विकल्प खोज्नुपर्ने फैसलामा छ। ओलीले लिखित जवाफमा राजनीतिक दलभित्रको आन्तरिक कलहका कारण विघटन गर्नुपरेको लिखित जवाफ सर्वोच्चलाई बुझाएकोमा सो विवाद दलको विधान र प्रचलित ऐनअनुसार समाधान गर्नुपर्ने संवैधानिक इजलासको निष्कर्ष छ।

ओलीले गरेको संसद् विघटनको सिफारिस तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डरीले सदर गरेकी थिइन्। यसविरुद्ध परेका १३ रिटमाथि सोही वर्ष ११ फागुनमा सर्वोच्चको संवैधानिक इजलासले फैसला गरेको थियो। अधिवक्ता सन्तोष भण्डारीसमेतले दायर गरेको रिटका साथै १३ रिटको फैसला गर्दै १३ दिनभित्र अधिवेशन आह्वान गर्ने परमादेश जारी गरे पनि तत्कालीन प्रधानन्यायाधीश जबराले हस्ताक्षर गर्न नमान्दा पूर्णपाठ आउन सकेको थिएन।

यो फैसला गर्दा इजलासको नेतृत्व जबराले गरेका थिए भने न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर केसीसमेत इजलासमा थिए। जसमध्ये मल्लबाहेक सबैले अवकाश पाइसकेका छन्। उक्त इजलासले संसद् पुनर्स्थापनाको निर्णय सुनाउँदै त्यतिवेला फैसलाको संक्षिप्त आदेश मात्रै जारी गरेको थियो। फैसलाको तीन महिनापछि फेरि पनि ओलीको सिफारिसमा राष्ट्रपति भण्डारीले ८ जेठ ०७८ मा संसद् विघटन गरेकी थिइन्। जसमाथि सोही वर्ष २८ असारमा फैसला गर्दै सर्वोच्चले नै २४ घण्टाभित्र प्रधानमन्त्री नियुक्ति गर्न परमादेश जारी गरेको थियो। त्यस समय भने संवैधानिक इजलासले पूर्णपाठ नै जारी गरेको थियो।

टिकटकसहित...

पृष्ठ १ बाट क्रमशः

सेवा कर (डिएसटी)मा दर्ता भएदेखि नै बुझाएका छैनन्। जबकि हरेक महिनाको २५ गतेभित्र भ्याट तिर्नुपर्ने व्यवस्था छ। कानुनतः वार्षिक ३० लाखभन्दा बढीको कारोबार गर्ने यस्ता कम्पनीहरूलाई १३ प्रतिशत भ्याट र २ प्रतिशत डिएसटी लाग्छ। हरेक महिनाको २५ गतेभित्र भ्याट र विद्युतीय सेवा कर (डिएसटी) नबुझाए प्रतिदिन ०.५ प्रतिशत वा प्रतिकर अवधि एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ, त्यति जरिवाना लाग्ने व्यवस्था छ।

यी कम्पनीहरू सम्पर्कमै नआएको ठुला करदाता कार्यालयका प्रमुख कर प्रशासक दिलीप गौतमले बताए। ‘डिएसटीमा दर्ता भएर पनि जसले समयमा भ्याट र डिएसटी बुझाउनुभएको छैन, हामीले सम्पर्क गर्ने प्रयास गरेका छौं। तर, सम्पर्क हुन सकिरहेको छैन। टिकटकले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सम्पर्क राखेको बुझिएको छ। त्यसैले भ्याट दाखिलाका लागि सञ्चार मन्त्रालयमार्फत नै ताकेता गराउने प्रयासमा छौं।’

टिकटकले डिएसटी लागू भएयता ०७९/८० देखि गत आर्थिक वर्षसम्म एक करोड ३४ लाख ७७ हजार भ्याट र २६ लाख ६२ हजार डिएसटी गरी एक करोड ६१ लाख ३९ हजार तिरेको थियो। तर, इबिएसिओ इन्टरनेसनल इंक र फ्ल्यास टपअप एलएलसी त डिएसटीमा दर्ता भययता नै कर कार्यालयको सम्पर्कमै छैनन्।

त्यस्तै, चालू आर्थिक वर्षमा अहिलेसम्म भ्याट र डिएसटी नबुझाएको गुगल आयरल्यान्डले पनि विगतमा कुल ८२ लाख ८६ हजार बुझाएको ठुला करदाता कार्यालयको तथ्यांकमा उल्लेख छ। गत आवमा दुई लाख ६३ हजार भ्याट तिरेको यो कम्पनीले डिएसटी तिरेको भने प्रणालीमा नदेखिएको कार्यालयले जनाएको छ। यो कम्पनीले ०८०/८१ मा ४५ लाख ७८ हजार भ्याट र ६ लाख ५७ हजार डिएसटी तिरेको थियो। त्यस्तै, ०७९/८० मा २३ लाख ११ हजार भ्याट र तीन लाख ९७ हजार डिएसटी तिरेको थियो।

यद्यपि, गुगलको आधिकारिक करदाताको रूपमा दर्ता भएका दुई कम्पनी गुगल एसिया प्यासिफिक र गुगल डिजिटल टकले भने नियमित कर दाखिला गरेको तथ्यांकले देखाएको छ। ०७९/८० मा गुगल एसिया प्यासिफिकले दुई करोड ३४ लाख, ०८०/८१ मा पाँच करोड १५ लाख, ०८१/८२ मा आठ करोड २७ लाख र आव ०८२/८३ को २० पुससम्ममा चार करोड २४ लाख भ्याट दाखिला गरेको छ। त्यस्तै, डिएसटीतर्फ ०७९/८० मा ३५ लाख ९२ हजार, ०८०/८१ मा ८३ लाख ३३ हजार, ०८१/८२ मा एक करोड २९ लाख दाखिला गरेको छ। त्यस्तै, गत आर्थिक वर्षदेखि दर्ता भएको गुगल डिजिटल इंकले ७२ लाख ९४ हजार भ्याट तिरेको थियो भने चालू आवको २० पुससम्म ५५ लाख १२ हजारको भ्याट दाखिला गरेको छ। त्यस्तै, उसले गत आवमा डिएसटीबापत १२ लाख एक हजार तिरेको कार्यालयको तथ्यांकले देखाएको छ।

मासिक भ्याट विवरणसहित कारोबारका आधारमा भ्याट तिर्नुपर्ने व्यवस्था भए पनि सम्पर्कमा नआएकासँग जरिवाना र ब्याजसहित असुल्ने प्रक्रिया अघि बढाउने तयारी गरेको ठुला करदाता कार्यालयले जनाएको छ। डिएसटीमा हालसम्म २१ कम्पनी दर्ता भएका छन्।

साढे तीन वर्षमा २१ कम्पनीबाट उठ्यो एक अर्ब १७ करोड कर

नेपालमा सेवा प्रदान गरेबापत लाग्ने विद्युतीय सेवा कर (डिएसटी) र मूल्य अभिवृद्धिकर (भ्याट) बापत २१ बहुराष्ट्रिय प्रविधि कम्पनीबाट सरकारले हालसम्म एक अर्ब १७ करोड ६० लाख रुपैयाँ कर उठाएको छ। ०७९/८० देखि लागू भएको डिएसटीमा २१ कम्पनीहरू दर्ता छन्। तथ्यांकअनुसार सुरुवातदेखि चालू आवको २० पुससम्म एक अर्ब पाँच करोड भ्याट संकलन भएको छ भने डिएसटीबापत ११ करोड ९३ लाख उठेको छ।

डिजिटल विज्ञापन, स्ट्रिमिङ, क्लाउड सेवा र अनलाइन शिक्षाको बढ्दो प्रयोगसँगै आगामी वर्षहरूमा यस्ता कर संकलन अझै बढ्ने अनुमान गरिएको छ। तथ्यांकअनुसार मेटा प्लेटफर्म आयरल्यान्ड लिमिटेड (फेसबुक, इन्स्टाग्राम) ले सबैभन्दा धेरै भ्याट तिरेको छ। मेटाबाट मात्रै हालसम्म ४३ करोड ६८ लाखभन्दा बढी भ्याट संकलन भएको छ। साथै, मेटाबाट पाँच करोड ८६ लाखभन्दा बढी विद्युतीय सेवा कर पनि उठेको छ। यसरी मेटाबाट कुल ४९ करोड ५४ लाख राजस्व संकलन भएको छ। त्यस्तै, डिएसटी नतिर्ने कम्पनीलाई भने प्रतिवर्ष कारोबार रकमको ०.१ प्रतिशत जरिवाना लाग्ने व्यवस्था छ।

अनलाइन स्ट्रिमिङ सेवा प्रदायक नेट्फ्लिक्सबाट हालसम्म चार करोड ४९ लाख भ्याट र ५२ लाखभन्दा धेरै डिएसटी संकलन भएको छ। उसले कुल पाँच करोड दुई लाख राजस्व बुझाएको छ। त्यस्तै, एसिसिएबाट ६ करोड २५ लाख, अमेजन वेब सर्भिसेजबाट तीन करोड ७९ लाख र माइक्रोसफ्ट रिजनल सेल्सबाट ६९ लाख ४५ हजार राजस्व उठेको छ। प्रोमेट्रिक जापान कम्पनी, एनसिएस पियरसन, पियरसन एजुकेसन लिमिटेडजस्ता संस्थाहरूबाट पनि करोडौं भ्याट तथा सेवा कर संकलन भएको छ।

प्रविधि कम्पनीहरूबाट उठ्ने भ्याट संकलनमा वृद्धि

सरकारले बहुराष्ट्रिय प्रविधि कम्पनीहरूलाई भ्याटको दायरामा ल्याएयता भ्याट संकलनमा पनि बर्सेनि वृद्धि भइरहेको तथ्यांकले देखाउँछ। यी कम्पनीहरूलाई भ्याट लागू गरेको पहिलो वर्ष ०७९/८० मा सात कम्पनी मात्रै भ्याटको दायरामा आएका थिए। त्यस वर्ष गुगल एसिया प्यासिफिक, एनसिएस पियरसन इंक, अमेजन वेब सर्भिसेज इंक, गुगल आयरल्यान्ड लिमिटेड, लिंक्डइन सिंगापुर र अमेजन कम सर्भिसेज एलएलसी भ्याटमा दर्ता भएका थिए। यी कम्पनीहरूले त्यति वेलामा नौ करोड १७ लाख भ्याट तिरेका थिए।

दोस्रो आर्थिक वर्ष ०८०/८१ मा मेटा प्लेटफर्म आयरल्यान्ड लिमिटेड, एसिसिए (एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्स), प्रोमेट्रिक जापान कम्पनी, नेट्फ्लिक्स, एप्पल डिस्ट्रिब्युसन इन्टरनेसनल लिमिटेड, टिकटक, माइक्रोसफ्ट रिजनल सेल्स, जोहो कर्पोरेसन र एडोब सिस्टम्स सफ्टवेयर आयरल्यान्ड लिमिटेड पनि जोडिए। भ्याटमा यी कम्पनीहरू थपिएसँगै भ्याट संकलन बढेर ३५ करोड ८५ लाख पुगेको थियो।

त्यस्तै तेस्रो, आर्थिक वर्ष ०८१/८२ मा एप्पल सर्भिसेज, गुगल डिजिटल इंक र पियर्सन एजुकेसन लिमिटेड पनि भ्याटको दायरामा आए। सो वर्ष भ्याट संकलन बढेर ३९ करोड ६६ लाख पुग्यो। इबिएससिओ इन्टरनेसनल इंक र फ्ल्यास टपअप एलएलसी भ्याटमा दर्ता भए पनि हालसम्म कर भने तिरेका छैनन्। चालू आर्थिक वर्षको २० पुससम्मको तथ्यांकअनुसार २० करोड ९८ लाख भ्याट संकलन भएको छ।

आज विशेष...

पृष्ठ १ बाट क्रमशः

वडा समितिसम्मलाई जारी गरेको सर्कुलरमा विशेष महाधिवेशनको औचित्य नरहेको उल्लेख छ। १८ पुसको कार्यसम्पादन समितिको बैठकमा महामन्त्रीद्वय थापा र शर्मासहित पाँचजना नेताले चुनावअघि नियमित महाधिवेशन हुन नसकेको अवस्थामा विशेष महाधिवेशनमा जानु अनिवार्य भएको भन्दै पार्टी निर्णयमा ‘नोट अफ डिसेन्ट’ लेखेका थिए।

महामन्त्री थापानिकट केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले महामन्त्रीका तर्फबाट विशेष महाधिवेशन आह्वान हुने बताए। ‘पार्टी विधानअनुसार विशेष महाधिवेशन गर्नै पर्नेछ। केन्द्रीय कार्यसमितिले यो मागको स्वामित्व नलिने अवस्थामा महामन्त्रीले केन्द्रीय कार्यालयका तर्फबाट आह्वान गर्नुहुन्छ,’ शिवाकोटीले नयाँ पत्रिकासँग भने। थापाले पहिला पनि विशेष महाधिवेशनका लागि तयार रहन आह्वान गरिसकेका छन्।

शिवाकोटीका अनुसार विशेष महाधिवेशनका सन्दर्भमा सहमतिका लागि महामन्त्री शर्माले संस्थापन पक्षलाई तीनवटा विकल्प सुझाएका थिए। जसमा पहिलो- विशेष महाधिवेशन केन्द्रीय समितिले बोलाउने र सभापति शेरबहादुर देउवाले अध्यक्षता गर्ने, दोस्रो- विशेष महाधिवेशनमा सभापति देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्का सहभागी हुने तथा प्रतिनिधिहरूको निर्णय सबैले मान्ने सुझाव थियो। त्यसबाहेक विशेष महाधिवेशनलाई संकल्प भेलामा परिणत गर्ने र भेलाबाट आगामी निर्वाचन प्रयोजनका लागि सभापति देउवाले हस्ताक्षर नगर्ने सुनिश्चित गर्ने र आगामी निर्वाचनमा महामन्त्री थापालाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर अघि जान तयार हुने महामन्त्री शर्माको तेस्रो विकल्प थियो।

शिवाकोटीका अनुसार सभापति देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता रमेश लेखकसँग यी विकल्पबारे शर्माले कुराकानी गर्दै आएका छन्। तर, कुनै पनि विकल्पमा जान संस्थापन पक्ष तयार नभएपछि महामन्त्रीद्वयले विशेष महाधिवेशन आह्वान गर्न लागेको उनले बताए।

महामन्त्री थापा र शर्माले विधानको धारा १७ को उपधारा २ टेकेर विशेष महाधिवेशन आह्वान गर्ने दाबी गरेको छ। ‘केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ,’ विधानको उक्त दफामा छ। धारा ३ को उपधारा १२ मा ‘केन्द्र भन्नाले केन्द्रीय कार्यसमिति र पार्टीको केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ’ भनिएको छ। धारा २७ को उपधारा १ मा ‘नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ। महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ’ भन्ने उल्लेख छ।

संस्थापन पक्षधर नेता मानिने कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले पुसमै नियमित महाधिवेशनको मिति तय गर्ने र सम्भव नभए पछि सार्ने विषयमा मौखिक सहमति भएको दाबी गरेका छन्। अहिले विशेष महाधिवेशनमा किन जोड दिइँदै छ भन्ने कुरा आफूहरूले बुझ्न नसकेको उनको भनाइ छ। ‘आमनिर्वाचनको मुखमा यसरी द्वन्द्व बढाउँदा कसलाई फाइदा हुन्छ ? उद्देश्य स्पष्ट छैन,’ उनले भने, ‘तर, यसकारण पार्टी फुट्ने अवस्था हुँदैन। वैशाखमा नियमित महाधिवेशन गर्ने संस्थागत र औपचारिक निर्णयप्रति हामी प्रतिबद्ध छौं। महामन्त्रीहरूसमेत सहभागी बैठकबाट निर्णय भइसकेको अवस्थामा फेरि मध्यमार्गी सहमतिको आवश्यकता किन पर्‍यो भन्ने कुरा बुझ्न सकिएको छैन।’

यस्तै, शेखर कोइरालापक्षीय नेता तथा सहमहामन्त्री जीवन परियारले नियमित महाधिवेशन हुन नसके विशेष महाधिवेशनमा जानुपर्छ भन्ने मान्यताका आधारमा हस्ताक्षर अभियान अघि बढाइएको बताए। तर, अहिले मध्यमार्गी विकल्प खोजी भइरहेको उनले बताए। ‘अहिले परिस्थिति फरक दिशातर्फ गएको छ। विशेष महाधिवेशन गर्नै हुँदैन भन्ने एक पक्ष र गर्नै पर्छ भन्ने अर्को पक्ष आमनेसामने उभिएको अवस्थामा पार्टीलाई मध्यमार्गी निकास दिन प्रयास भइरहेको छ,’ उनले भने, ‘शेखर दाइले सहमतिका लागि छलफल अघि बढाइरहनुभएको छ। पार्टी फुट्न नदिन र सहमतिको बाटो निकाल्न सक्रिय छौं। केही न केही निकास निस्कन्छ भन्नेमा आशावादी छौं।’

कांग्रेस नेता कोइरालाले मध्यमार्गी उपाय सुल्झाउन छलफल थालेका छन्, तर यो प्रभावकारी देखिएको छैन। उनले पार्टीको विशेष महाधिवेशनका पक्षमा मुख खोलेका छन् र केन्द्रीय समितिले माघको पहिलो साता आयोजना गर्दा विन-विन हुने बताएका छन्। सहमतिको प्रयासमा सक्रिय कांग्रेसका ३० केन्द्रीय सदस्यहरूसँग मंगलबारको छलफलमा कोइरालाले माघमा विशेष महाधिवेशन गरेर सहमति खोज्दा उपयुक्त हुने बताए।

‘विशेष महाधिवेशनको माग विधानसम्मत छ। केन्द्रीय समितिले नै माघ ९-१० गतेतिर विशेष महाधिवेशन बोलाउने गरी विन-विन परिस्थिति निर्माण गर्न सकिन्छ कि भन्ने मेरो व्यक्तिगत प्रस्ताव हो,’ कोइरालालाई उद्धृत गर्दै छलफलमा सहभागी केन्द्रीय सदस्य आङ्गेलु शेर्पाले नयाँ पत्रिकासँग भने। केन्द्रीय सदस्यहरूले सभापति देउवा, महामन्त्रीद्वय थापा र शर्मा तथा नेता कोइरालासँग छलफल गरिसकेको छ। ‘सहमतिका लागि लागिरहेका छौं। अब कार्यवाहक सभापतिसँग छलफल गर्छौं,’ शेर्पाले भने।

विशेष महाधिवेशनका लागि तयारी समिति, सुरक्षाका लागि सिडिओलाई पत्राचार

विशेष महाधिवेशन पक्षधरले बुधबार विभिन्न १८ समिति गठन गरेका छन्। पूर्वसभापति तथा पूर्वकेन्द्रीय सदस्यहरूको समन्वय, जनपरिचालन तथा जुलुस व्यवस्थापन, व्यवस्थापन समिति, प्रदेश सांसद समन्वय, पूर्वसांसद समन्वय, मञ्च व्यवस्थापन, स्वयंसेवक परिचालन, यातायात व्यवस्थापन, आवास तथा खाना, सूचना तथा प्रचारप्रसार, जिल्ला सम्पर्क, भ्रातृ तथा शुभेच्छुक संस्था समन्वय, जनसम्पर्क समिति समन्वय, स्थानीय तह समन्वय, स्वास्थ्य शिविर समन्वय, सांस्कृतिक कार्यक्रम तयारी, जेन-जी युवा परिचालन, जिल्ला क्षेत्र फोकलपर्सन समन्वय समिति गठन भएका छन्।

‘मंगलबार बिहानको बैठकमा समितिहरू गठन भएका छन्। बढीभन्दा बढी कार्यकर्ता उतार्ने गरी तयारी भएको छ। विशेष महाधिवेशन उद्घाटन सत्र, बन्दसत्र, विधान संशोधन र नेतृत्व परिवर्तनको प्रस्तावलगायतको तयारी भइरहेको छ,’ तयारीमा जुटेका कांग्रेस नेता उज्ज्वल बरालले भने, ‘ब्यानर, गेट बनाउनेदेखि झोलासम्म तयार भइसकेको छ। केन्द्रीय समितिले यसको स्वामित्व लियो भने त्यसको तयारीअनुसार अघि बढ्ने कुरा हुन्छ, नभए हामी अघि बढिसकेका छौं।’

विशेष महाधिवेशनको सचिवालयले २७ र २८ पुसमा भृकुटीमण्डपमा हल बुक गरिसकेको छ। मंगलबार सचिवालयका तर्फबाट नेता मनोजमणि आचार्यले काठमाडौं जिल्ला प्रशासन कार्यालयमा शान्ति-सुरक्षाका लागि निवेदन दिएका छन्।

नेता निधिमाथि दुर्व्यवहार, जनकपुरमा महामन्त्री थापाको पुत्ला दहन

मंगलबार केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा सहभागी हुन पार्टी कार्यालय सानेपा पुगेका नेता विमलेन्द्र निधिमाथि कांग्रेस कार्यकर्ताले दुर्व्यवहार गरेका छन्। विशेष महाधिवेशनको माग गरेका कार्यकर्ताको विरोधपछि निधिले उनीहरूलाई ‘चुप लाग्न’ भने। सुरक्षाकर्मीले निधिलाई बैठक हलभित्र पुर्‍याएका थिए। निधिले आफूमाथि दुर्व्यवहार गर्नेहरू विशेष महाधिवेशन पक्षका कार्यकर्ता नभएको प्रतिक्रिया दिए। विशेष महाधिवेशन पक्षधर नेताहरूले पनि साँझ विज्ञप्ति जारी गरी निधिमाथि उनीहरूले दुर्व्यवहार नगरेको प्रस्टीकरण दिए। निधिमाथि दुर्व्यवहारको नेताहरूले विरोध जनाएका छन्। उनीमाथि दुर्व्यवहारको विरोधमा कांग्रेस कार्यकर्ताले मंगलबार साँझ जनकपुरमा महामन्त्री गगन थापाको पुत्ला दहन गरेर विरोध प्रदर्शन गरे। प्रदर्शनकारीले महामन्त्री विश्वप्रकाश शर्माविरुद्ध पनि नाराबाजी गरेका थिए। सानेपा घटनाको विरोधमा कोटेश्वरमा पनि राँके जुलुस निकालेका थिए। निधिले विशेष महाधिवेशनको विरोध गर्दै आएका छन्।

त्यस्तै, महामन्त्रीद्वय थापा र शर्माले मंगलबार साँझ सामाजिक सञ्जालमार्फत् सानेपा घटना गलत भएको धारणा सार्वजनिक गरेका छन्। ‘आज पार्टी कार्यालयबाहिर आदरणीय नेता बिमलेन्द्र निधिप्रति भएको व्यवहार गलत छ। यो विषयमा मेरो धारणा पार्टी महामन्त्री विश्वप्रकाश शर्माले राख्नुभएको धारणासँग समान छ। असल प्रजातन्त्रवादीले सत्यको अनेकतामा विश्वास गर्छ, फरक मत राख्नेको सम्मान गर्छ। त्यसकारण उक्त घटना फरक मत राखेकै कारण घटेको हो भने झन् निन्दनीय छ,’ थापाले लेखेका छन्, ‘म समग्र नेपाली कांग्रेसका शुभेच्छुक साथीहरूलाई आग्रह गर्न चाहन्छु, हामी सबै परिवर्तन चाहन्छौं। तर विधि, विधान र प्रक्रियाभन्दा बाहिर कुनै बाटो छैन। प्रक्रियामा विश्वास गरौं, हामी सबै सँगै छौं।’

अर्का महामन्त्री शर्माले पनि घटनालाई दुःखद भनेका छन्। ‘कुनै पनि नेतासँग कसैको पनि समर्थन र विरोधको सम्बन्ध हुनसक्दछ। तर, त्यो निश्चित मर्यादाको दायरामा रहनुपर्छ। समर्थन गरिरहँदा देवत्वकरण गर्ने अनि विरोध गरिरहँदा अप्रिय टिप्पणी गर्ने कार्य हाम्रो राजनीतिको दुःखद र गलत पाटो हो,’ उनले फेसबुकमार्फत् लेखेका छन्, ‘आज अग्रज नेता विमलेन्द्र निधी कार्यालय पुग्दैगर्दा भएको व्यवहार विल्कुलै गलत छ। यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नु र राजनीतिमा स्वस्थ राजनैतिक व्यवहारलाई मात्रै प्रोत्साहित गर्नु हामी सबैको कर्तव्य हो।’

तानसेन नगरपालिका
तानसेन नगरकार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, तानसेन, पाल्पा

नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने सम्बन्धि शिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२३)

तानसेन नगरपालिका भित्र पर्ने कालीगण्डकी नदी क्षेत्रका तपशिलमा उल्लेखित विभिन्न घाट तथा बगरहरूबाट स्वीकृत IEE प्रतिवेदनको परिधी भित्र रही आ.व. २०८२/०८३ को लागि नदीजन्य पदार्थ उत्खनन्, संकलन, तथा विक्री वितरण गर्ने सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले तानसेन नगरपालिका आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ र ३, सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ र १४, सार्वजनिक खरिद नियमावली २०७७ को निमय ३१, ४० र ८४ (१), स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(१) को (च) बमोजिम शिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। योग्य ईच्छुक दर्तावाला फर्म/कम्पनीहरूले शिलबन्दी दरभाउपत्र/बोलपत्र फारम खरिद गरी आवश्यक कागजात सहित PPMO उल्लेख भए बमोजिमको शर्तहरूको अधिनमा रही शिल्बन्दी दरभाउपत्र/वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोर्टल website: www.bolpatra.gov.np हेर्न सकिनेछ।

तपसिल

क्र.स.	आय ठेक्का नम्बर	ठेक्काको विवरण (घाट क्षेत्र)	उत्खनन् गर्न सकिने परिमाण घन फुट	राजश्व प्रति घन फुट रु	न्यूनतम ठेक्का अंक (कर वाहेक) रु.	शिलबन्दी दरभाउपत्र/ बोलपत्र दस्दुर	शिलबन्दी दरभाउपत्र/ बोलपत्र पेश गर्ने अन्तिम म्याद	शिलबन्दी दरभाउपत्र/ बोलपत्र खोलिने मिति र समय	कैफियत
१	ER/06/2082/2083	कालीगण्डकी नदीको सिदुर्दी घाट, ता.न.पा. १३	२३६१०९.९५	६	१४,१६,६६०.००	रु. १०००।	२०८२ माघ ८, दिनको १२ बजेसम्म	२०८२ माघ ८, दिनको २:०० बजे	शिलबन्दी दरभाउ पत्र
२	ER/07/2082/2083	कालीगण्डकी नदीको बेलघारी घाट, ता.न.पा. १३	२६७४९६.२६	६	१६,०४,९७८.००	रु. १०००।	२०८२ माघ ८, दिनको १२ बजेसम्म	२०८२ माघ ८, दिनको २:०० बजे	शिलबन्दी दरभाउ पत्र
३	ER/08/2082/2083	कालीगण्डकी नदीको छतिवन बगर, ता.न.पा १४	१८३१३०.२१	६	१०,९८,७८१.००	रु. १०००।	२०८२ माघ ८, दिनको १२ बजेसम्म	२०८२ माघ ८, दिनको २:०० बजे	शिलबन्दी दरभाउ पत्र
४	ER/09/2082/2083	कालीगण्डकी नदीको दुमैघाट ता.न.पा. १४	१२६९६८.७	६	७,६१,८१२.००	रु. १०००।	२०८२ माघ ८, दिनको १२ बजेसम्म	२०८२ माघ ८, दिनको २:०० बजे	शिलबन्दी दरभाउ पत्र
५	ER/10/2082/2083	कालीगण्डकी नदीको गुफा बगर, ता.न.पा. १४	१७०५८१.८३	६	१०२३४९१.००	रु. १०००।	२०८२ माघ ८, दिनको १२ बजेसम्म	२०८२ माघ ८, दिनको २:०० बजे	शिलबन्दी दरभाउ पत्र
६	ER/11/2082/083	कालीगण्डकी नदीको अर्तुङ्गा बगर, ता.न.पा. १४	६३३५८७.८७	६	३८,०१,५२७.०	रु. ३०००।	२०८२ माघ २३, दिनको १२ बजेसम्म	२०८२ माघ २३, दिनको २:०० बजे	वोलपत्र

प्रमुख प्रशासकीय अधिकृत

राष्ट्रिय सभाका...

पृष्ठ १ बाट क्रमशः

सदस्य निर्वाचनमा कांग्रेसले अन्य राजनीतिक दलहरूसँग तालमेल गरी निर्वाचनमा जाने निर्णय गर्दछ,’ कांग्रेस निर्णय छ। कांग्रेसले उम्मेदवार छान्न बुधबार बिहान कार्यसम्पादन समितिको बैठक बोलाएको छ।

अर्कोतर्फ एमाले र नेकपाले तालमेललाई अन्तिम रूप दिन र उम्मेदवार छान्न शीर्ष नेतालाई जिम्मा दिएको छ। सहमतिलाई अन्तिम रूप दिएर बुधबार बिहानसम्म क्लस्टर मिलाएर उम्मेदवार टुंग्याउने तयारी रहेको नेताहरूले बताएका छन्।

कांग्रेसबाट कार्यवाहक सभापति पूर्णबहादुर खड्का र केन्द्रीय सदस्य रमेश लेखक निरन्तर छलफलमा छन्। नेकपाबाट संयोजक प्रचण्ड र सहसंयोजक माधवकुमार नेपाल छलफलमा छन्। ‘सहमति खोज्ने विषयमा छलफल चल्दै छ। बुधबार बिहानसम्म एउटा निचोडमा पुग्छौं,’ कांग्रेस कार्यवाहक सभापति खड्काले नयाँ पत्रिकासँग भने।

सचिवालय बैठकमा अध्यक्ष ओलीले राष्ट्रिय सभाको निर्वाचनमा कांग्रेस, नेकपा र मधेशकेन्द्रित दल जसपा-लोसपाबिच सहकार्यसहित सिट बाँडफाँट भइसकेको जानकारी गराएका छन्। उपमहासचिव लेखराज भट्टका अनुसार ओलीले १८ सिटमा कांग्रेस र एमालेले ७/७, नेकपाले दुई र जसपा-लोसपा एकीकृत दलको तर्फबाट १/१ सिट लिने गरी सहमति जुटिसकेको बताएका थिए।

नेकपाले नमाने एक सिट कांग्रेस र एमालेले समझदारी गरेर दिने गरी सहमति जुटेको बैठकमा ओलीको भनाइ थियो। संख्या टुंगिए पनि प्रदेशहरूमा कुन/कुन क्लस्टरमा कुन पार्टीको तर्फबाट उम्मेदवारी दिनेबारे कांग्रेस र एमालेकै बिचमा कुरा नमिलिसकेको बैठकमा ओलीको भनाइ थियो। कोशी र सुदूरपश्चिम प्रदेशबाट एमालेले महिला र कांग्रेसले पुरुष उम्मेदवारी दिने मात्र मोटामोटी टुंगिएको, तर अरू बाँकी नै रहेको बैठकमा ओलीको भनाइ थियो।

एमाले बैठकमा पार्टीले भागबन्डामा सातजना नै उम्मेदवार पाउने, नपाउने टुंगो लागिनसकेकाले महिलातर्फबाट सुदूरपश्चिमबाट लीला भण्डारी र कोशीमा रोशनी मेचेको उम्मेदवारी रहन सक्ने सम्भावना मात्र ओलीले संकेत गरेका थिए। यद्यपि, बैठकले राष्ट्रिय सभाको उम्मेदवार छान्ने अन्तिम जिम्मेवारी ओलीलाई दिएको छ।

छलफलमा सहभागी नेताहरूका अनुसार मतभारका आधारमा भाग गरेर कांग्रेसले आठ, एमालेले ६ र नेकपाले चार सिट लिने गरी सुरुमा छलफल भएको थियो। तर, मधेश प्रदेशमा तेस्रो दलको हैसियतमा रहेको जसपा नेपाललाई समेत समेट्दा कांग्रेसले एक सिट दाबी छाडेको छ। एमाले र नेकपाले सहमति गरेपछि अन्तिम रूप लिने कांग्रेसका एक नेताले बताए। ती नेताले भने, ‘मधेशको शक्तिलाई पनि समेटेर लाने भएपछि हामीले एक सिट छाडेका छौं। अब एमाले र नेकपा समझदारीमा आएपछि सहमतिले अन्तिम रूप लिन्छ।’

नेकपाले भने मतभारको आधारमा सिट टुंग्याउनुपर्ने भन्दै चार सिट दाबी गरेको छ। नेकपाले मतभारअनुसार कांग्रेसले सात, एमालेले ६, नेकपाले चार र जसपा नेपालले एक सिट लिनुपर्ने प्रस्ताव गरेको छ।

पार्टी कार्यालय कोटेश्वर पेरिसडाँडामा मंगलबार बसेको परामर्श बैठकले मतभारका आधारमा तालमेल हुनुपर्ने निर्णय गरेको छ। बैठकमा संयोजक प्रचण्डले कम्तीमा चार सिट पाएमा कांग्रेस र एमालेसँग तालमेल हुने ब्रिफिङ गरेका छन्। ‘राष्ट्रिय सभामा तालमेलबारे प्रमुख दलहरूबिच छलफल भइरहेको छ। मतभारअनुसार तालमेल गरौं भन्ने हाम्रो प्रस्ताव छ। त्यसमा सहमति बने तालमेल हुन्छ,’ प्रचण्डको भनाइ उद्धृत गर्दै एक नेताले भने। नेकपा नेता अग्नि सापकोटाले मतभारअनुसार सिट बाँड्ने विषयमा प्रस्ताव गरिएको बताए।

■ एमालेमा नेताहरूको कार्यविभाजन

दोस्रो वरीयताका नेताले चलाइरहेको नीति प्रतिष्ठानको जिम्मा रिमाललाई

■ उहाँ (रिमाल) जिम्मेवारीमा नहुँदा पार्टीलाई घाटा हुन्छ

■ **केपी ओली**, अध्यक्ष



विष्णु रिमालजस्ता सक्षम र योग्य नेता महाधिवेशनबाट पराजित हुँदा एकदमै दुःखी छु, उहाँ जिम्मेवारीमा नहुँदा पार्टीलाई पनि घाटा हुन्छ।

■ अध्यक्ष महाधिवेशनको धडधडीबाट माथि उठ्नुभएन

■ **योगेश भट्टराई**, उपमहासचिव



तपाईं (अध्यक्ष ओली) पार्टीलाई चुनावमा एकताबद्ध बनाएर लैजानुपर्छ भन्नुहुन्छ, तर कार्यविभाजन हेर्दा एघारौँ महाधिवेशनको धडधडीबाट माथि उठ्नुभएन। हटाउने नपर्ने मान्छेलाई हटाउने, एकलौटी कार्यविभाजन गर्ने कामले राम्रो सन्देश गएन।

■ एकसाथ तीन जिम्मेवारी



- नीति अनुसन्धान प्रतिष्ठान अध्यक्ष
- चुनाव परिचालन समिति सचिव
- घोषणापत्र लेखन समिति सदस्य

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले आगामी २१ फागुनको निर्वाचनलाई लक्षित गर्दै नेताहरूको कार्यविभाजन गरेको छ। एघारौँ महाधिवेशनअगाडि तत्कालीन जिम्मेवारीमा रहेकाहरूले पुरानै अस्थायी जिम्मेवारी हेर्ने गरी केन्द्रीय सचिवालयको मंगलबारको बैठकले रिक्त रहेका अत्यावश्यक स्थान र चुनावी कामको जिम्मेवारी हेर्ने गरी नेताहरूको कार्यविभाजन गरेको हो।

तर, राष्ट्रिय चुनावको मुखमा महाधिवेशनमा भएको आन्तरिक प्रतिस्पर्धाको धडधडीबाट मुक्त भएर पार्टीलाई एकताबद्ध बनाएको सन्देश जाने गरी अध्यक्ष केपी ओलीबाट कार्यविभाजन प्रस्ताव नआएको भन्दै नेता ईश्वर पोखरेलनिकट दुई पदाधिकारीले प्रतिवाद गरेका छन्। एघारौँ महाधिवेशनमा उपमहासचिव र केन्द्रीय सदस्य दुवै पदमा पराजित विष्णु रिमाललाई नीति अनुसन्धान प्रतिष्ठानको अध्यक्षसहित तीन ठाउँमा महत्त्वपूर्ण फरक-फरक जिम्मेवारी दिएर अरूमाथि पूर्वाग्रह राखेको भन्दै उपाध्यक्ष गोकर्ण विष्ट र उपमहासचिव योगेश भट्टराईले प्रतिवाद गरेका हुन्। तत्कालका लागि पोखरेललाई जिम्मेवारीबाट हटाउनु आवश्यक नै नभएको भन्दै बहुमतका नाममा कार्यविभाजनमा एकपक्षीय, पूर्वाग्रही निर्णय झल्किएको उनीहरूको आरोप छ।

रिमाललाई प्रतिष्ठान अध्यक्षसँगै चुनावी परिचालन समितिको सचिव र चुनावी घोषणापत्र मस्यौदा समितिको सदस्यमा पनि जिम्मेवारी दिइएको छ। एमालेमा नवौँ महाधिवेशनयता अध्यक्षपछिको दोस्रो वरीयताको नेतालाई नीति अनुसन्धान प्रतिष्ठानको प्रमुख रहने गरी जिम्मेवारी दिने अभ्यास थियो। एमालेभित्र प्रतिष्ठानलाई पार्टीको नीति निर्माण प्रभावित गर्ने, राष्ट्रिय-अन्तर्राष्ट्रिय नीतिमा आएको बदलावबारे निरन्तर बुद्धिजीवीहरूसँग अन्तर्क्रिया गरेर दस्ताबेज तयार पार्न सहयोग गर्ने थिंकट्यांकका रूपमा लिने गरिन्छ। दसौँ महाधिवेशनपछि दोस्रो वरीयतामा रहेका वरिष्ठ उपाध्यक्ष पोखरेललेे हेर्दै आएको सो जिम्मेवारी नवौँ महाधिवेशनपछि दोस्रो वरीयतामा रहेका वरिष्ठ नेता झलनाथ खनालले हेर्दै आएका थिए। चुनावमा पराजित भए पनि रिमालको स्थान उनीहरूकै बराबर रहेको र उनको आवश्यकता झन् खट्किएको सन्देश जाने गरी ओलीले कार्यविभाजन गरेको पोखरेलपक्षीय नेताहरूको आरोप छ।

'तपाईं पार्टीलाई चुनावमा एकताबद्ध बनाएर लैजानुपर्छ भन्नुहुन्छ, त्यो आवश्यक पनि छ, तर कार्यविभाजन हेर्दा एघारौँ महाधिवेशनको धडधडीबाट माथि उठ्नुभएन,' बैठकमा उपमहासचिव योगेश भट्टराईले भने, 'हटाउने नपर्ने मान्छेलाई हटाउने, एकलौटी कार्यविभाजन गर्ने कामले राम्रो सन्देश गएन।' तर, ओलीले भने बैठकमा रिमालजस्ता योग्य नेता पराजित भएको भन्दै दुःख व्यक्त गरे पनि अन्य पराजित नेताको भने नामै लिएनन्। ओलीले नै त्यसरी गम्भीर भएर दुःख व्यक्त गर्दै रिमाललाई जिम्मेवारीको प्रस्ताव गरेपछि अरू नेताहरूले पनि खासै प्रतिक्रिया जनाउने रुचि राखेनन्।

'विष्णु रिमालजस्ता सक्षम र योग्य नेता महाधिवेशनबाट पराजित हुँदा एकदमै दुःखी छु, उहाँ जिम्मेवारीमा नहुँदा पार्टीलाई पनि घाटा हुन्छ,' बैठकमा ओलीले भनेका थिए। उपमहासचिव लेखराज भट्टले प्रतिष्ठानको नियमावली संशोधन गर्ने र अध्यक्ष, कार्यकारी निर्देशक र सदस्यहरू केन्द्रीय कमिटीले चयन गर्ने गरी अहिलेलाई अध्यक्षमा रिमाल नियुक्त गर्ने निर्णय भएको जानकारी गराएका थिए।

बैठकले प्रदेशहरूको संयोजन गर्ने जिम्मेवारी सचिवहरूलाई दिएको छ। सचिव नभएको ठाउँमा केन्द्रीय सदस्यलाई संयोजनको जिम्मेवारी तोकिएको छ। जसअनुसार शेरधन राई (कोशी), लीलानाथ श्रेष्ठ (मधेश), महेश बस्नेत (बागमती), खगराज अधिकारी (गण्डकी), पद्मा अर्याल (लुम्बिनी), यामलाल कँडेल (कर्णाली) र गणेश ठगुन्ना (सुदूरपश्चिम) र डा. राजन भट्टराई (राजधानी) प्रदेश छन्। उनीहरूमध्ये राई, बस्नेत, अधिकारी, अर्याल, कँडेल र भट्टराई सचिव हुन् भने ठगुन्ना र श्रेष्ठ केन्द्रीय सदस्य मात्र हुन्। अर्का सचिव भानुभक्त ढकाललाई संगठन विभाग प्रमुखको महत्त्वपूर्ण जिम्मेवारी दिइएको छ। सचिव हिक्मत कार्की भने कोशी प्रदेशको मुख्यमन्त्री भएकाले जिम्मेवारी तोकिएन।

बैठकले अध्यक्ष ओलीकै नेतृत्वमा महासचिव र उपाध्यक्षहरू तथा पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, केन्द्रीय सदस्य प्रदीप ज्ञवाली र विष्णु रिमाल रहेको चुनावी घोषणापत्र मस्यौदा समिति तथा दोस्रो वरीयतामा रहेका उपाध्यक्ष रामबहादुर थापा बादल संयोजक र विष्णु रिमाल सचिव रहेको चुनावी परिचालन समिति पनि बनाएको छ। परिचालन समितिमा डा. राजन भट्टराई, हिक्मत कार्की, छविलाल विश्वकर्मा, रमेश बडाल, मीनबहादुर शाही र डा. भीष्म अधिकारी सदस्य तोकिएका छन्।

चुनावसम्मका लागि जिल्ला इन्चार्जहरू भने एघारौँ महाधिवेशनमा दोहोरिएर निर्वाचित केन्द्रीय सदस्यमध्ये निवर्तमान इन्चार्ज रहेकाहरूलाई नै अस्थायी जिम्मेवारी दिइएको र इन्चार्जहरू दोहोरिएर निर्वाचित नभएका ठाउँमा सिनियर केन्द्रीय सदस्यलाई अस्थायी संयोजनको जिम्मेवारी तोकिएको उपमहासचिव भट्टले जानकारी दिए। उनले निर्वाचनमा खेलेको भूमिकालाई आधार मानेर चुनावपछि नेताहरूको स्थायी कार्यविभाजन हुने पार्टी निर्णय रहेको पनि प्रष्ट्याए।

एमाले अध्यक्ष केपी ओलीले देशमा चुनावी माहोल बन्दै गएको देखिए पनि अहिलेको सरकार चुनाव सार्ने नियोजित खेलमा रहेको दाबी गरेका छन्। केन्द्रीय सचिवालयको मंगलबारको बैठकमा उनले मधेशमा भइरहेको साम्प्रदायिक दंगा, सरकारको सुस्त तयारी, गैरदलीय सरकारमा बसिरहेका दलका मन्त्रीहरूका गतिविधिलगायतलाई हेर्दा सरकार नै २१ फागुनको चुनाव सार्ने खेलमा रहेको दाबी गरे। उनले चुनावको मिति सारेर सरकार विभिन्न चरणमा आयोजना गर्ने खेलमा रहेकोसमेत खुलाए।

■ नेकपाले अघि बढायो सांगठनिक समायोजनको काम

केन्द्रीय नेताहरू नै कामविहीन



प्रेम गौतम/नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सांगठनिक समायोजनको काम अघि बढाएको छ। २९ पुसमा केन्द्रीय सदस्यहरूको शपथ भौतिक उपस्थिति र डिजिटल माध्यमबाट हुनेछ। कार्यदलले संगठनात्मक संरचना टुंगो लगाएर शपथग्रहण गर्ने र त्यसपछि विधानअनुसार केन्द्रीय कार्यसमिति विस्तार हुनेछ।

केन्द्रीय समितिको संख्या दुई हजार ४९९ हुने नेता प्रेमबहादुर सिंहले बताए। सबै घटकका नेतालाई समेट्नुपर्दा केन्द्रीय समितिको आकार ठुलो हुने उनले बताए। केन्द्रीय समितिको संख्या ठुलो भए पनि केन्द्रीय कार्यसमिति भने ६०१ सदस्यीय हुने उनले स्पष्ट पारे।

माओवादी, एकीकृत समाजवादीसहित १६ घटक मिलेर गत १९ कात्तिकमा नेपाली कम्युनिस्ट पार्टी गठन गर्दा संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपाललाई जिम्मेवारी दिइए पनि बाँकी नेताहरूको कार्यविभाजन भएको छैन।



● **अग्नि सापकोटा**
नेता, नेकपा

केन्द्रको कार्यविभाजन भएपछि मातहतका कमिटी र जनसंगठन समायोजनको प्रक्रिया अघि बढ्छ।

सांगठनिक समायोजनका काम बाँकी हुँदा केन्द्रीय नेताहरूले समेत काम पाएका छैनन्। तत्काल गर्नुपर्ने कामका लागि साबिक दलको प्रतिनिधित्वका आधारमा तत्कालका लागि जिम्मेवारी दिने गरिएको छ। विगतमा साबिक दलका स्थायी समितिमा रहेकाहरू समेटेर पोलिटब्युरो, पदाधिकारीलाई समेटेर सचिवालय र शीर्ष नेताहरू समेटेर कार्यसंयोजन समिति गठन गर्ने तयारीमा संयोजक प्रचण्ड र सहसंयोजक नेपाल छन्।

यसबिचमा नेकपाले सातै प्रदेशमा एकता सन्देश सभा गरेको छ। गत १२ मंसिरमा सुदूरपश्चिमबाट सुरु भएको सन्देश सभा १३ मंसिरमा लुम्बिनी, १४ मंसिरमा गण्डकी, १५ मंसिरमा कोशी, २० मंसिरमा मधेश, २१ मंसिरमा प्रवास (भर्चुअल), २७ मंसिरमा कर्णाली र ५ पुसमा बागमती, समन्वय र उपत्यका प्रदेशमा सम्पन्न भएको छ। हाल जिल्लाहरूमा नेकपाको नाममा सन्देश सभा र भेलाहरू भइरहेका छन्। कतिपय पालिकामा पनि सन्देश सभा र भेला भएका छन्। जिल्ला र पालिकाको सन्देश सभा र भेला अन्तिम चरणमा पुगेको नेताहरूले बताएका छन्।

देशव्यापी सन्देश सभाका कारण समायोजनमा केही ढिलाइ भएको नेता डा. बेदुराम भुसालले बताए। 'यसबिचमा प्रदेशस्तरीय पार्टी एकता सन्देश सभामा लाग्यौं। प्रतिनिधिसभा र राष्ट्रिय सभाको उम्मेदवार छनोट प्रक्रिया पनि यही बिचमा भयो। जिल्ला र पालिकामा पनि सन्देश सभा र भेलाहरू भइरहेका छन्। त्यसले समायोजनका बाँकी काममा केही ढिलाइ भएको छ। छिट्टै समायोजनको काम अघि बढाउँछौं,' भुसालले भने।

केन्द्रीय समितिमा एकता प्रक्रियामा सहभागी साबिकका पार्टीहरूका केन्द्रीय सदस्यहरूलाई समेटिएको छ भने पोलिटब्युरो, सचिवालय र कार्यसंयोजन समिति गठन गर्न बाँकी छ। केन्द्रीय नेताहरूको कार्यविभाजनसमेत हुन बाँकी छ। जसकारण जनसंगठन र जिल्लाहरूको एकतामा ढिलाइ भएको नेताहरू बताउँछन्।

केन्द्रीय नेताहरूको कार्यविभाजन भएपछि बाँकी समायोजन प्रक्रिया अघि बढ्ने नेता अग्नि सापकोटा बताउँछन्। 'केन्द्रको कार्यविभाजन भएपछि मातहतका कमिटी र जनसंगठन समायोजनको प्रक्रिया अघि बढ्छ,' उनले भने। पार्टी समितिहरू र जनसंगठनमा संगठनात्मक एकता र समायोजनका लागि विभिन्न तहमा कार्यदल गठन गर्ने समझदारी भए पनि हालसम्म गठन भएको छैन। एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, आयोजक, संगठनात्मक संरचनाको गठन सबै आपसी सहमति र समझदारीमा गरिने सहमति छ।

संक्षेप

एक महिनापछि अविना हत्याका मुख्य आरोपी पक्राउ

लहान/ सिराहाको कर्जन्हा नगरपालिका- १, बल्टियाकी १७ वर्षीया अविना वैद्य हत्याको मुख्य अभियुक्त एक महिनापछि पक्राउ परेका छन्। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा धनुषाको क्षिरेश्वर नगरपालिका- ३ का करिब ४५ वर्षीय रामबालक चौधरीलाई पक्राउ गरेको छ।कमला सिँचाइ नहरनजिकैको झाडीमा एक महिनाअघि मृत भेटिएकी अविनाको विवाहको प्रस्तावसँगै अन्य व्यक्तिसँग कुराकानी गरेको विवादले हत्या भएको खुलेको प्रहरीले मंगलबार पत्रकार सम्मेलन आयोजना गरी जानकारी दिएको छ। बन्दीपुरस्थित नेपाल राष्ट्रिय फूलकुमारी माविमा कक्षा ९ मा अध्ययनरत अविनाको हत्यामा चौधरी शंकास्पद देखिएकाले सिराहा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। कमला पूर्वी सिँचाइ नहरको करिब २० मिटर उत्तरतर्फको झाडीमा गत २२ मंसिरको दिउँसो बालिका मृत भेटिएपछि तत्काल घटनास्थल मुचुल्कालगायतका प्रक्रिया पूरा गरी अनुसन्धान थालिएको विज्ञप्तिमा उल्लेख छ। घटनालगत्तै केन्द्रीय अनुसन्धान ब्युरो, मधेश प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी र इलाका प्रहरी कार्यालय मिर्चैयाको संयुक्त प्रहरी टोलीले विभिन्न कोणबाट अनुसन्धान गर्ने क्रममा चौधरीको संलग्नता खुलेकाले पक्राउ गरिएको प्रहरीले जनाएको छ।

तीन एसएसपीसहित ४० प्रहरीको दरबन्दी मिलान

काठमाडौं/ नेपाल प्रहरीमा तीन वरिष्ठ उपरीक्षक (एसएसपी)सहित ४० प्रहरीको दरबन्दी थप तथा मिलान भएको छ। आर्थिक भार नपर्ने गरी केही अनावश्यक दरबन्दी कटौती गरी मिलान गरिएको हो। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरीको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गरेको हो। जसअनुसार प्रहरी महानिरीक्षकको सचिवालय, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र कानुन तथा मानव अधिकार महाशाखामा एसएसपीको दरबन्दी थप भएको हो। एक वर्षअघि नै सिआइबीमा आर्थिक अपराध हेर्न छुट्टै महाशाखा स्थापना गर्ने निर्णय भए पनि दरबन्दी थपिएको थिएन। मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरीको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गरेसँगै सो महाशाखाले औपचारिकता पाएको हो। एआइजीको नेतृत्वमा रहने सिआइबीमा अब एक डिआइजी, एसएसपी दुईजना र एसपी तीनजना हुने भएका छन्। त्यस्तै, प्रहरी महानिरीक्षकको सचिवालय र कानुन तथा मानव अधिकार महाशाखामा पनि एसएसपीको दरबन्दी स्वीकृत भएको छ। हाल प्रहरीमा एसपीको नेतृत्वमा कानुन र मानव अधिकार शाखा छुट्टाछुट्टै छन्। महाशाखा बनाई दुवै शाखालाई मर्ज गरिएको छ। प्रहरी महानिरीक्षकको सचिवालयमा एसएसपी कार्यरत रहे पनि दरबन्दी नहुँदा काजमा खटाउँदै आइएको थियो। प्रशासनतर्फ एसपीका चार तथा प्राविधिकतर्फ नौ दरबन्दी थपिएको छ। प्रहरी महानिरीक्षकको सचिवालय, सिंहदरबार गण, सिआइबी र प्रहरी अस्पतालमा एसपीको दरबन्दी राखिएको छ।

गैरीगाउँको काठ गोदाममा भीषण आगलागी

काठमाडौं/ काठमाडौं महानगरपालिका- ९ गैरीगाउँस्थित काठ गोदाममा आगलागी हुँदा करोडौं मूल्यबराबरको धनमाल जलेर नष्ट भएको छ। प्रहरीका अनुसार मंगलबार दिउँसोबाट लागेको आगो साँझ साढे ५ बजे नियन्त्रणमा आएको थियो। त्यसवेलासम्म काठ गोदाम र सँगै रहेको लोयला स्कुल जलेर नष्ट भएका थिए। काठ गोदाम स्थानीय ईश्वरबहादुर कार्कीको हो। विद्युत् सर्ट भएर आगलागी भएको हुन सक्ने प्रहरीको भनाइ छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले भने, 'मंगलबार दिउँसो काठ गोदाममा लागेको आगो सँगै रहेको लोयला स्कुलमा फैलियो। आगोले कति धनमाल जले, यकिन भइसकेको छैन। विद्युत् सर्ट भएर आगो लागेको हो कि भन्ने छ। अनुसन्धान हुँदै छ।' आगलागी भएलगत्तै नियन्त्रणका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको फायर फाइटर घटनास्थल खटिएका थिए। आगो नियन्त्रण गर्न नेपाल प्रहरी, सशस्त्र र काठमाडौं महानगरपालिकाको दमकल प्रयोग भएका थिए।

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव नियुक्ति बदरको माग गर्दै प्रधानमन्त्रीसमक्ष उजुरी

यम बम/नयाँ पत्रिका

राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी)का सदस्यसचिव डा. नरेश सुवेदीको नियुक्ति बदरको माग गर्दै मंगलबार प्रधानमन्त्री सुशीला कार्कीसमक्ष उजुरी परेको छ। वरिष्ठ अधिवक्ता पदमबहादुर श्रेष्ठले पूर्ववनमन्त्री ऐनबहादुर शाही ठकुरी प्रकृति संरक्षण कोषको अध्यक्षमा बहाल रहनु र उनले सदस्यसचिवमा सुवेदीलाई ३ पुसमा गरेको नियुक्ति दुवै गैरकानुनी रहेको उजुरीमा उल्लेख गरेका छन्।

ठकुरी अध्यक्षमा बहाल रहनु गैरकानुनी रहेकाले वनमन्त्री वा विज्ञलाई जिम्मेवारी दिन र सुवेदीको नियुक्ति बदर गरी प्रतिस्पर्धाबाट नयाँ नियुक्तिको माग गर्दै कोषका संरक्षकसमेत रहेकी प्रधानमन्त्री कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र वन तथा वातावरण मन्त्रालयमा एउटै व्यहोराका तीनवटा उजुरी गएका हुन्।

'ऐनबहादुर शाही ठकुरी वनमन्त्री भएकाले अध्यक्ष भएका हुन्। मन्त्रीबाट पदमुक्त भइसकेपछि पनि म नै अध्यक्ष हुँ भनेर सदस्यसचिवमा गरेको नियुक्ति गैरकानुनी छ। ठकुरी अध्यक्षमा बहाल नै रहनु र सदस्यसचिव



नरेश सुवेदी, सदस्यसचिव

नियुक्ति दुवै गैरकानुनी छ,' श्रेष्ठले भने, 'प्रकृतिको संरक्षण र व्यवस्थापन गर्ने उद्देश्यले स्थापना भएको संस्थामा विवाद हुन्छ भने त्यहाँ निष्पक्ष काम हुन सक्दैन। त्यही भएर सार्वजनिक सरोकारको विषय हो।' कोषका संरक्षकसमक्ष उजुरी दिएको र त्यहाँबाट निरूपण नभए अदालत जाने श्रेष्ठले बताए।

'जेन-जी आन्दोलनपछि केपी ओली नेतृत्वको मन्त्रिपरिषद् नै विघटन भएकाले ऐनबहादुर शाही वनमन्त्रीको हैसियतले मनोनयन भएको कोषको अध्यक्ष पदसमेत समाप्त भएको अवस्था छ। वनमन्त्रीको पद समाप्त भएपछि समेत गैरकानुनी रूपमा अध्यक्षको हैसियतले कोषको बैठक बसाउने र कोषको सदस्यसचिव नियुक्ति गर्ने साथै कोषसँग आबद्ध भएर कार्यरत कर्मचारीलाई विचलन पार्ने र गैरकानुनी रूपमा करारमा आफ्नो मानिस नियुक्ति गर्ने कार्यले नियमित रूपमा हुनुपर्ने प्रकृति संरक्षणको काममा प्रत्यक्ष असर पुगिरहेको छ,' उजुरीमा छ।

सुवेदीको नियुक्ति वन मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ पनि विपरीत देखिएको उजुरीमा उल्लेख छ।

'मापदण्डको दफा ८ मा नियुक्ति वा मनोनयनको प्रक्रिया निर्धारण गर्ने भन्ने व्यवस्थाअन्तर्गत सम्बन्धित कानुनमा अन्यथा व्यवस्था भएकामा बाहेक सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनसम्बन्धी प्रक्रिया मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ भन्ने कानुनी व्यवस्था भएकाले प्रकृति संरक्षण कोष सदस्यसचिवको नियुक्ति सार्वजनिक पद भएको, तर अन्य व्यवस्था नभएकाले यसै मापदण्ड लागू हुनेमा सोको पालनासमेत भएको छैन,' उजुरीमा छ।

कोशीमा २१ महिनापछि मन्त्रीहरूको सेटै फेरियो

विराटनगर/ कोशी प्रदेश सरकारका सबै मन्त्रीहरू परिवर्तन भएका छन्। कांग्रेस-एमाले गठबन्धनअनुसार २१ महिनाअघि तेस्रोपटक मुख्यमन्त्री नियुक्त भएका हिक्मतकुमार कार्कीले आलोपालो सहमतिअनुसार मंगलबार सबै विभागीय मन्त्री र राज्यमन्त्री परिवर्तन गरेका छन्। मुख्यमन्त्री कार्कीले आठ विभागीय मन्त्री र दुईजना राज्यमन्त्री नियुक्त गरेका छन्। नवनियुक्त मन्त्रीहरूले मंगलबार नै प्रदेश प्रमुख परशुराम खापुङबाट शपथग्रहण गरेर जिम्मेवारी सम्हालेका छन्।

कोशी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्सहित जम्मा नौवटा मन्त्रालय छन्। जसमा एक राज्यमन्त्रीसहित भौतिक, कृषि, स्वास्थ्य र पर्यटन वन तथा वतावरण मन्त्रालय कांग्रेसको भागमा छ। एमालेको भागमा मुख्यमन्त्री र एक राज्यमन्त्रीसहित आन्तरिक मामिला, सामाजिक विकास, खानेपानी, सिँचाइ तथा ऊर्जा र आर्थिक मामिला तथा योजना मन्त्रालय छ।

मंगलबार नियुक्त मन्त्रीहरूमा कांग्रेसका प्रदीप सुनुवार भौतिक तथा पूर्वाधार विकास, मानबहादुर लिम्बू स्वास्थ्य, भीम पराजुली पर्यटन, वन तथा वातावरण, उद्योग, कृषि तथा सहकारी र शोभा चेम्जोङ भौतिक पूर्वाधार विकास राज्यमन्त्री छन्। एमालेबाट तिलचन पाठक खानेपानी सिँचाइ तथा ऊर्जा, इन्द्रमणि पराजुली आन्तरिक मामिला तथा कानुन, विदुर लिङथेप आर्थिक मामिला तथा योजना र रामप्रकाश महतो सामाजिक विकासमन्त्री र उमाकान्त गौतम आन्तरिक मामिला राज्यमन्त्री बनेका छन्। कोशी प्रदेश सभाको दोस्रो कार्यकालमा २७ वैशाख ०८१ मा एमाले-कांग्रेस गठबन्धनबाट एमाले संसदीय दलका नेता कार्की तेस्रोपटक मुख्यमन्त्री बनेका थिए। तेस्रो कार्यकालमा मुख्यमन्त्री कार्कीले पाँचपटक मन्त्रिपरिषद् विस्तार गरिसकेका छन्। एमाले कोशी प्रदेश इन्चार्ज शेरधन राईले पार्टीका मन्त्रीहरू फेर्न मुख्यमन्त्री कार्कीलाई दबाब दिइरहेका थिए।

प्रत्यक्षतर्फ रास्वपाको उम्मेदवार बन्न तीन सयभन्दा बढीको आवेदन, चार दिन समय थप

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फको उम्मेदवारका लागि आवेदन दिने समय चार दिन थपेको छ। मंगलबार बसेको केन्द्रीय सचिवालय बैठकले २६ पुससम्म समय थपेको प्रवक्ता मनीष झाले बताए। उनका अनुसार २२ पुस बेलुकासम्म प्रत्यक्षतर्फ उम्मेदवार बन्न तीन सयभन्दा बढीको आवेदन प्राप्त भएको छ।

रास्वपाले २१ मंसिरमा प्रत्यक्षतर्फ उम्मेदवार बन्न चाहनेलाई २५ हजार रुपैयाँ तिरेर अनलाइन आवेदन दिन आह्वान गरेको थियो। मंगलबारसम्म समय तोकिएकोमा एकता प्रक्रियाबाट आएकालाई पनि समेटून चार दिन थपिएको हो। उम्मेदवारका लागि सार्वजनिक आह्वान गरेको रास्वपाले प्राइमरी इलेक्सन, लिडरसिप एकेडेमी र पोलिटिकल प्रोक्जिमिटी चरणबाट छनोट गर्दै आएको छ। उम्मेदवार चयन गर्ने प्रक्रियामा ५० प्रतिशत मतभार प्राइमरी इलेक्सन, १० प्रतिशत प्रदेश तहबाट दिइने मतभार र बाँकी ४० अंक केन्द्रीय सचिवालयले कार्यसम्पादन मूल्यांकनका आधारमा दिने गरिन्छ।

यसअघि समानुपातिकतर्फ उम्मेदवार बन्न रास्वपामा ५० हजार रुपैयाँ तिरेर ४१८ जनाले आवेदन थिए।



जसमध्ये योग्य ३८५ आवेदकले छनोट प्रक्रियामा भाग लिएका थिए। तर, यहीबिचमा बालेन र कुलमान समूहसँग एकता गरेर उनीहरूलाई पनि समावेश गर्नुपर्दा छनोट प्रक्रिया पार गरेका सबैजना उम्मेदवार बन्न पाएनन्।

■ प्रत्यक्षतर्फ उम्मेदवार छान्न उपसमिति

रास्वपाले प्रत्यक्षतर्फ उम्मेदवार छान्न १९ पुसमै उपसमिति गठन गरिसकेको छ। चुनावमा योग्य उम्मेदवार छनोटको प्रत्याभूतिका लागि पार्टी उपसभापति डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा उम्मेदवार सिफारिस उपसमिति गठन गरिएको प्रवक्ता झाले बताए। उनका अनुसार उपसमितिलाई योग्य उम्मेदवार एवं छनोट प्रक्रियासमेतको सिफारिस गर्ने जिम्मेवारी दिइएको छ। उपसमितिको सदस्यहरू पार्टी सचिवालयले मनोनयन गर्नेछ। ६ माघमा तोकिएको उम्मेदवारी दाखिलाको अघिल्लो दिनसम्म उपसमितिले उम्मेदवार टुंग्याउनेछ। निर्वाचनको तयारीअन्तर्गत रास्वपाले निर्वाचन परिचालन समिति गठन, समानुपातिक उम्मेदवारको परिचालन कार्यविधि, निर्माण, निर्वाचन स्रोत व्यवस्थापन कार्यविधि निर्माण र स्थानीय तह उम्मेदवार क्लब गठनको गृहकार्य गरिरहेको छ।

■ पाँच केन्द्रीय सदस्यले लिए शपथ

बालेन समूहबाट केन्द्रीय सदस्य बनेका २६ मध्ये पाँचजनाले सभापति रवि लामिछानेबाट पद तथा गोपनीयताको शपथ लिएका छन्। 'विभिन्न कारण अस्ति उपस्थित हुन नसकेका केन्द्रीय सदस्यहरूको शपथग्रहण केन्द्रीय कार्यालय वनस्थलीमा भएको छ। पार्टी सभापति रवि लामिछानेले शपथग्रहण गराउनुभयो,' प्रवक्ता झाले भने। १९ पुसमा केन्द्रीय सदस्य मनोनीत भएका रामकुमार ढुंगाना, सरिता ज्ञवाली, लक्ष्मी बर्देवा, शिवशंकर यादव र मधुसूदन ढकालले शपथ लिएका हुन्।

मिडिया लोकतन्त्रको दर्पण बन्ने कि राजनीतिक औजार ?

सञ्चारमाध्यमको भूमिकालाई पूर्ण रूपमा संवैधानिक मूल्यतर्फ मोड्न कानुनी सुधार मात्र पर्याप्त नभई पेसागत नैतिकता, आर्थिक स्वतन्त्रता र बौद्धिक साहससमेत अपरिहार्य हुन्छ



● ललितकुमार यादव

अग्रलेख

नेपालको लोकतान्त्रिक अभ्यास नेपालको संविधान, २०७२ को कार्यान्वयनसँगै नयाँ चरणमा प्रवेश गऱ्यो । तर, यसको व्यावहारिक यात्रा अझै अस्थिर, विवादग्रस्त र अपूरो, अधुरो नै देखिन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रको औपचारिक संरचना स्थापित भइसकेको छ । तर, शासन प्रणालीको आत्मा, विधिको शासन, उत्तरदायित्व, पारदर्शिता र सुसूचित नागरिक सहभागिता अझै संस्थागत हुन सकेको छैन । यही अन्तरविरोधको अवस्थाले सञ्चारमाध्यमलाई केवल सूचना प्रवाह गर्ने माध्यमभन्दा माथि उठेर लोकतन्त्रको सक्रिय संरक्षक वा वैचारिक विचलनको औजार बन्ने दोबाटोमा उभ्याएको छ ।

नेपालको संविधानको प्रस्तावनामै 'जनताको सार्वभौमसत्ता', 'पूर्ण प्रेस स्वतन्त्रता' र 'लोकतान्त्रिक मूल्य-मान्यता'प्रति प्रतिबद्धता व्यक्त गरिएको छ । प्रस्तावनाको यो भावनात्मक अभिव्यक्ति केवल घोषणात्मक होइन । यसले सम्पूर्ण संवैधानिक संरचनाको दर्शन र दिशानिर्देश गर्छ । सञ्चारमाध्यम यस दर्शनको व्यावहारिक संवाहक हुन् । तर, जब सञ्चारमाध्यम शक्ति, पुँजी वा दलगत स्वार्थसँग गाँसिन्छन्, तब संविधानको प्रस्तावनाले कल्पना गरेको लोकतन्त्र व्यवहारमा अनुवाद हुन सक्दैन ।

संविधानको धारा ४ मा नेपाललाई लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरिएको छ । लोकतन्त्रको अर्थ यहाँ बहुमतको शासन मात्र होइन, निरन्तर बहस, आलोचना र आत्मसुधारको प्रक्रिया पनि हो । यही प्रक्रिया सम्भव बनाउने प्रमुख संरचना सञ्चारमाध्यम नै हो । यदि सञ्चारमाध्यमले सत्ता समीकरणलाई लोकतन्त्रको विकल्प ठान्छन् भने धारा ४ ले परिकल्पना गरेको शासन प्रणाली औपचारिक आवरणमा सीमित हुन्छ । पछिल्ला वर्षमा सञ्चार सामग्रीको ठुलो हिस्सा सरकार परिवर्तन, गठबन्धन अंकगणित र नेताको व्यक्तिगत गतिविधिमा केन्द्रित देखिन्छ, जसले लोकतन्त्रलाई प्रक्रियाभन्दा व्यक्तिमा सीमित गरिदिएको भान हुन्छ ।

नेपालको संविधान २०७२ को धारा १७ ले विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । यस धाराले सञ्चारमाध्यमलाई राज्यको आलोचना गर्ने संवैधानिक वैधता प्रदान गरेको छ । तर, यही धाराको प्रयोग कसरी भइरहेको छ भन्ने प्रश्न गम्भीर छ । अभिव्यक्ति स्वतन्त्रताका नाममा अप्रमाणित सूचना, घृणात्मक अभिव्यक्ति र चरित्र हत्या बढ्दै गएको देखिन्छ । अन्तर्राष्ट्रिय अध्ययनले देखाएको छ कि जब प्रेस स्वतन्त्रता उत्तरदायित्वबाट अलग हुन्छ, तब लोकतन्त्र कमजोर बन्छ । नेपालका सन्दर्भमा पनि धारा १७ को प्रयोग लोकतान्त्रिक सुधारका लागि हो कि राजनीतिक ध्रुवीकरणका लागि भन्ने प्रश्न केन्द्रमा आउँछ नै ।

धारा १९ को सञ्चारको हकले स्वतन्त्रतालाई थप स्पष्टता प्रदान गरेको छ । सञ्चार सामग्री प्रकाशन तथा प्रसारण गर्नुपूर्व प्रतिबन्ध नलगाउनु, सञ्चारमाध्यम बन्द नगर्नु र प्रकाशन स्वतन्त्रता सुनिश्चित गर्नु यस धाराका प्रमुख उपलब्धि हुन् । तर, यही स्वतन्त्राको वातावरणमा सञ्चारमाध्यममाथि आर्थिक र राजनीतिक दबाबका नयाँ स्वरूप विकसित भएका छन्- विज्ञापन निर्भरता, राजनीतिक पहुँच, 'न्यारेटिभ म्यानेजमेन्ट' र डिजिटल एल्गोरिदम आदि । यी दबाब संविधानमा उल्लेख नभए पनि व्यवहारमा प्रेस स्वतन्त्रताका गम्भीर अवरोध बनेर उभिएका छन् । कानुनी स्वतन्त्रता र संरचनागत परनिर्भरताबिचको यही द्वन्द्व नेपाली सञ्चारमाध्यमको मुख्य समस्या हो ।

संविधानको धारा २ ले सार्वभौमसत्ता जनतामा निहित रहेको स्पष्ट गरेको छ । तर, सार्वभौमसत्ता व्यवहारमा तब मात्र अर्थपूर्ण हुन्छ, जब जनता सूचित हुन्छन् । सूचित जनमत निर्माण गर्ने मुख्य संयन्त्र सञ्चारमाध्यम नै हुन् । यदि सञ्चारमाध्यमले तथ्यभन्दा भावनालाई, विश्लेषणभन्दा सनसनीलाई र सार्वजनिक हितभन्दा राजनीतिक लाभलाई प्राथमिकता दिन्छ भने सार्वभौमसत्ता निष्क्रिय हुन्छ । यो अवस्था लोकतन्त्रका लागि औपचारिक तर खोक्रो अभ्यासको संकेत हो ।



सञ्चारमाध्यमले तथ्यभन्दा भावनालाई, विश्लेषणभन्दा सनसनीलाई र सार्वजनिक हितभन्दा राजनीतिक लाभलाई प्राथमिकता दिन थालेमा सार्वभौमसत्ता निष्क्रिय हुन पुग्छ

धारा ५१ मा राज्यका नीति सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, सामाजिक न्याय र समानुपातिक विकासबारे स्पष्ट रूपमा उल्लेख गरिएको छ । यी दायित्व कार्यान्वयन भए-नभएको निगरानी गर्ने संवैधानिक दायित्व कुनै एक निकायमा सीमित छैन, तर सञ्चारमाध्यम यसको प्रमुख वाहक हो । तर, अभ्यासले देखाउँछ कि सञ्चारमाध्यममा सुशासनसम्बन्धी सामग्री प्रायः घटनामुखी हुन्छ, प्रणालीगत विश्लेषण कम देखिन्छ । भ्रष्टाचारलाई व्यक्तिमा सीमित गर्ने तर संरचनागत कारणमाथि बहस नगर्ने प्रवृत्तिले धारा ५१ को मर्म अधुरो बनाइरहेको छ ।

> पछिल्ला वर्षमा सञ्चार-माध्यमबाट प्रकाशित, प्रसारित सामग्रीको ठुलो हिस्सा सरकार परिवर्तन, गठबन्धन अंकगणित, नेताको व्यक्तिगत गतिविधिलगायतमा केन्द्रित देखिँदा यसले लोकतन्त्रलाई प्रक्रियाभन्दा व्यक्तिमा सीमित गरिदिएको भान भएको छ

संघीयताको सन्दर्भमा धारा ५६ अत्यन्त महत्त्वपूर्ण छ । यस धाराले संघ, प्रदेश र स्थानीय तहबिचको संरचना तय गर्दै शक्ति विकेन्द्रीकरणको मार्ग खोल्छ । तर, सञ्चारमाध्यमको अभ्यास अझै केन्द्रमुखी छ । अधिकांश राष्ट्रिय सञ्चारमाध्यमले संघीय शासनका प्रदेश र स्थानीय तहका नीति, बजेट र प्रशासनिक अभ्यासलाई गौण ठानिरहेका छन् । यसले संघीय लोकतन्त्रलाई व्यवहारमा कमजोर बनाएको छ । सञ्चारमाध्यमको केन्द्रमुखी संरचना स्वयं संघीयताको अवरोध बनेको देखिन्छ ।

समावेशिता र सामाजिक न्याय संविधानको अर्को केन्द्रीय स्तम्भ हो । धारा ४२ ले सामाजिक न्यायको हक सुनिश्चित गर्दै सीमान्तकृत समुदायको राज्य संरचनामा समानुपातिक सहभागिताको प्रत्याभूति गरेको छ । तर, सञ्चारमाध्यममा सीमान्तकृत समुदायका मुद्दा प्रायः संवेदनात्मक घटनामा मात्र सीमित छन् । नीतिगत बहस, बजेट विश्लेषण र संरचनागत विभेदको अध्ययन कम देखिन्छ । यसले सञ्चारमाध्यम स्वयं समावेशी अभ्यासबाट टाढा रहेको संकेत गर्छ ।

मौलिक हकसम्बन्धी धाराहरू, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४३ सामाजिक सुरक्षाको हक, धारा ४४ उपभोक्ताको हक आदि सञ्चारमाध्यमका नियमित अनुसन्धानात्मक एजेन्डा बन्नुपर्ने विषय हुन् । तर, राजनीतिक समाचारको भिडमा यी धारा प्रायः ओझेलमा परिरहेका छन् । यसले संविधान र सञ्चारमाध्यमको अभ्यासबिचको गहिरो दूरी उजागर गर्छ ।

सञ्चारमाध्यम स्वयं पनि संविधानको सीमाभित्र बाँधिएका छन् । धारा २४ ले छुवाछुत तथा भेदभावलाई निषेध गरेको छ, धारा २८ ले गोपनीयताको हक सुनिश्चित गरेको छ । यी धाराको उल्लंघन हुने गरी समाचार सम्प्रेषण हुनु प्रेस स्वतन्त्रता होइन, संविधानमाथिको अतिक्रमण हो । त्यसैले, आत्मनियमन, सम्पादकीय अनुशासन र पत्रकार आचारसंहिता केवल पेसागत निष्ठा र आवश्यकता होइन, संवैधानिक कर्तव्य पनि हो ।

नेपालका सञ्चारमाध्यम संवैधानिक रूपमा अत्यन्त शक्तिशाली छन् । तर, त्यति हुँदाहुँदै पनि यी संरचनागत रूपमा कमजोर र स्वार्थप्रेरित हुने जोखिममा रहेका छन् । यही कारणले यो कहिले लोकतन्त्रको दर्पण बन्छ, कहिले राजनीतिक औजार । यसको भूमिका पूर्ण रूपमा संवैधानिक मूल्यतर्फ मोड्न कानुनी सुधार मात्र पर्याप्त हुँदैन । पेसागत नैतिकता, आर्थिक स्वतन्त्रता र बौद्धिक साहस अपरिहार्य छ ।

प्रश्न संस्थागत छ, व्यक्तिगत होइन । सञ्चारमाध्यमले कुन प्रकारको लोकतन्त्र निर्माण गर्न योगदान पुऱ्याइरहेका छन् भन्ने प्रश्न नै अहिलेका लागि यक्ष प्रश्न हो । नेपालको संविधान, २०७२ ले सञ्चारमाध्यमलाई स्वतन्त्रता मात्र होइन, लोकतान्त्रिक भविष्य निर्माणको जिम्मेवारी पनि सुम्पिएको छ । इतिहासको यस घडीमा सञ्चारमाध्यमले स्पष्ट छनोट गर्नैपर्छ । सत्ता र स्वार्थको औजार बन्ने कि संविधान र लोकतन्त्रको दर्पण ?

(यादव खाद्य व्यवस्था तथा व्यापार कम्पनीमा कार्यरत छन्)

---

३ प्रश्न

पेट्रोलियमविज्ञ
सुशील भट्टराईलाई



पेट्रोलमा १० प्रतिशत इथानोल मिश्रण कत्तिको चुनौतीपूर्ण हुन्छ ?

विश्वमा अहिले धेरै देशले इथानोल मिश्रण भएको पेट्रोल प्रयोगमा ल्याइरहेका छन् । नेपालले इन्धन खरिद गर्दै आएको इन्डियन आयल कर्पोरेसनले समेत इथानोल मिश्रण गरेको पेट्रोल भारतीय बजारमा बिक्री गरिरहेको छ । त्यसैले, नेपालमा पनि यसलाई प्रयोगमा ल्याउन सकिन्छ । तर, यसको गुणस्तरको सुनिश्चितता हुनुपर्छ ।

अहिलेकै पेट्रोलको गुणस्तरमा वेलावेला प्रश्न आउँछ । इथानोल मिश्रण गर्दा उपभोक्ताले दुःख पाउने त होइनन् ?

सरकारले इथानोल मिश्रण गरेको पेट्रोल गुणस्तरका हिसाबले कुनै कमजोर हुँदैन भन्ने कुराको ग्यारेन्टी गरेर प्रचलनमा ल्याउनुपर्छ । उपभोक्तालाई ढुक्क पार्न इथानोल मिश्रणबारे सचेतना वृद्धि गर्ने र विकसित देशले प्रयोग गरिरहेको स्थितिबारे जानकारी पनि गराउनुपर्छ । त्यस्तै, मूल्य पनि तुलनात्मक रूपमा कसरी सस्तो हुन्छ भन्ने कुरामा पनि सरकारले अभ्यास गर्नु जरुरी छ ।

पेट्रोलमा इथानोल मिश्रण गरेपछि के-के फाइदा हुन सक्छन् ?

पहिलो कुरा त १० प्रतिशत इथानोल खपत गर्न सकियो भने त्यति नै परिमाणको पेट्रोल आयात विस्थापन गर्न सकिन्छ । अर्कातिर, तुलनात्मक रूपले वातावरणमा स्वच्छता कायम गर्न पनि सहयोग पुग्छ । इथानोल स्वदेशभित्रै उत्पादन गर्न सकिने भएकाले यहाँको कच्चापदार्थको प्रयोग र उद्योग स्थापनापछि सिर्जना हुने रोजगारीले पनि पक्कै केही फाइदा दिलाउन सक्छ ।

प्रेरक प्रसंग

खुसी हुने कसरी ?

यो घटना इन्डोनेसियाको हो । एउटा स्कुलको छात्रले एक दिन अचानक जिद्दी गर्न थाले, 'आज म स्कुल जान्नँ ।' उनले स्कुल नजाने भनेर अति नै जिद्दी गरे । उनका बाबुले बडो प्रेमपूर्वक उनीसित स्कुल नजाने भनेर त्यसरी जिद्दी गर्नुको कारण सोधे । बाबुलाई जवाफ दिँदै उनले भने, 'यो नयाँ स्कुलका केटाहरूले मलाई जिस्क्याउँछन्, हेप्छन् र सताउँछन् ।' बालकको कुरा सुनेपछि तिनका बाबुले सम्झाउँदै भने, 'यसमा के अनौठो कुरा छ त, केही समयपछि त तिमी पनि उनीहरूसँग घुलमिल भइहाल्छौ र उनीहरू तिम्रा साथी बन्नेछन् ।' 'जे भए पनि म स्कुल जान्नँ,' यति भन्दै ती बालकले आफ्ना किताब फ्याँकिदिए ।



आमाबाबुले धेरै सम्झाए । तर, त्यो केटो आफ्नो जिद्दीमा अडिग रह्यो ।

केटाका बाबुले आफ्ना साथीलाई छोराको यस्तो समस्याबारे बताए । उनका साथीले ती बालकलाई एउटा ससानो कुलोमा लिएर गए । उनले एउटा ठुलै आकारको ढुंगा कुलोको बिचमा फ्याँकिदिए र भने, 'यो ढुंगाले पानीलाई रोक्नेछ । अब पानी अगाडि जान सक्दैन ।' उनले त्यसो भनेको केही समयसम्म त पानी रोकियो पनि । तर, बिस्तारै फेरि पानी आफ्नै गतिमा बग्न थाल्यो र त्यो ढुंगो पानीमा डुब्यो । अब पानीले आफ्नो बाटो समात्यो ।

यसपछि उनले ती बालकसँग भने, 'बाबु, कुनै प्रकारको रोकावट या बाधादेखि हामी कहिल्यै डराउनुहुँदैन । हेर पानी पनि केहीबेर रोकिएपछि फेरि त्यो बाधामाथि विजय प्राप्त गरेर पहिलेजसरी नै बगिरहेको छ । फेरि तिमी त मानिस भएर पनि किन बाधादेखि डराइरहेका छौ ?'

ती बालक अर्को दिनदेखि स्कुल जान थाले । केही दिनमै उनलाई जिस्क्याउने केटाहरू साथी बने र पछि स्वतन्त्रता संग्राममा उनका अनुयायी बने । ती बालक अरू कोही नभई इन्डोनेसियाका पूर्वराष्ट्रपति सुकार्नो थिए । इन्डोनेसियालाई स्वतन्त्र बनाउनमा उनको ठुलो योगदान रह्यो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेताहरू संयमित बनून्

काँग्रेस नेता विमलेन्द्र निधि र कार्यकर्ताबिच पार्टी केन्द्रीय कार्यालय सानेपामा धकेलाधकेल भएको र नेता निधिले आक्रोशित भएर 'चुप्' भनेर औंला ठड्याउँदै चिच्याएको भिडियो देखियो । नेताले यसरी आक्रोशित भएर होइन, आफ्ना कार्यकर्ताको कुरा सुनेर उनीहरूको माग सम्बोधन गरेर नजाने हो भने अबका दिनमा नेताहरूले नेतागिरी गर्ने छाडिदिए हुन्छन् । नेताहरू संयमित बनून् र कार्यकर्तालाई धम्क्याउन छाडून् ।

● **बलराम महर्जन,** कीर्तिपुर, काठमाडौं

केन्द्रीय नेताले पनि वडामा भिडेर महाधिवेशन प्रतिनिधि बन्न पाउने व्यवस्था बनाओ न, अनि यिनका 'को हो यो बोल्ने ?' भन्ने धम्की कसरी 'म्याउँ' हुन्छ देखिइहाल्छ नि !

● **ईश्वर किरण**

आफूहरूलाई आर्फैंमाथि त्यसरी औंला ठड्याउने ठाउँमा पुऱ्याउने कार्यकर्ता पनि यिनै हुन भन्ने बिर्सेछन् निधिले । नेतासँग संयम पनि चाहिन्छ है !

● **नारायण पौडेल**

अब कसैले विशेष महाधिवेशन रोक्ने कुचेष्टा गरे स्थिति भयावह हुनेछ, चेतना भया !

● **मिलन विष्ट**

हेर हेर बिजोग ! वडा सदस्य जित्ने हैसियत नभएका नेताको ! आफ्नै परिवारबाट तिरस्कृत देश हाँक्ने गफ दिन्छन् यार !

● **गणेश भट्टराई**

यस्ता ताण्डव काँग्रेस पार्टी कार्यालय, सानेपामा धेरै दशकअगाडिदेखि नै हुँदै आएका छन्, जुन यो सामान्य नै मानिन्छ ।

● **जनक ओझा**

देशको राजनीतिक परिस्थितिलाई ख्याल गरी संयमित हुनु नेता हुनुको गुण हो । यी विमलेन्द्र निधि बाबुको नाम भजाएर अहिलेसम्म राजनीतिमा अडिइरहेका छन् । यिनी काँग्रेसको भविष्यका बाधक हुन् ।

● **मोहन ओली**

रवि-बालेन एक भएजस्तै ओली र देउवा पनि एक भएर पार्टी एकीकरण गरे नि हुन्छ । काँग्रेस त बिपी काँग्रेस होइन ओली काँग्रेस भइसक्यो अहिले ।

● **एके खड्का**

यो ट्रेलर हो, विशेष महाधिवेशन कथंकदाचित रोक्ने कुचेष्टा भयो भने नेताहरू जिल्ला जान सक्ने स्थिति हुँदैन । अर्को कुरा विमलेन्द्र काकाजस्ता नेताले कार्यकर्तासँग बोल्ने शैली यही हो त ? नेताले हरेक कुरामा संयम अपनाउनुपर्दैन र ?

● **सिजापति थापा**

आयोगले जग हँसायो

२३ र २४ भदौमा जेन-जी आन्दोलन हुँदा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री र काँग्रेस नेता रमेश लेखक गृहमन्त्री थिए । जेन-जीको २३ गतेको शान्तिपूर्ण आन्दोलनमा अकस्मात प्रहरीले अन्धाधुन्ध अश्रुग्यास र गोली चलायो, जसका कारण अबोध बालबालिकाले ज्यान गुमाउनुपऱ्यो । प्रहरीले कसको आदेशमा गोली चलायो ? के भिड नियन्त्रणको अन्तिम विकल्प भनेको गोली नै हो ?

कलेज र स्कुल पोसाकमै प्रदर्शनमा आएका युवामाथि सरकार निर्मम बन्यो । प्रहरीको गोली लागेर १८ जनाले घटनास्थलमै ज्यान गुमाए भने कतिपयको अस्पतालमा उपचारका क्रममा मृत्यु भयो । दोषी को हो र निर्दोष को हो ? त्यो त छानबिनले नै बताउला, तर पनि त्यतिबेलाका प्रधानमन्त्री र गृहमन्त्रीले नैतिकताका आधारमा घटनाको जिम्मा लीनुपर्दैन ? के पूर्वप्रधानमन्त्री ओलीले छानबिन आयोगमा गएर त्यसबेलाको सत्यतथ्य जानकारी गराउनुपर्दैन ? अनि, आयोगले चाहिँ बयानको नाटक मञ्चन गरी ओलीको डेरामै पुगेर लिखित बयान बोकेर फर्किनुहुन्छ ? के यसबाट जगहँसाइ भएन र ?

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

राज्यको नीतिगत अकर्मण्यताको परिणाम

राज्य कर्मशील नबनेसम्म नीति नागरिकमुखी हुँदैन, पसिना बगाउनेहरू हारिरहन्छन्, परिवार विखण्डित भइरहन्छ र सन्तान भविष्यको अन्धकारमा भासिइरहन्छन्



● राजेन्द्र लम्साल

आज हाम्रो समाज अभियोग पत्र लिएर आएको छ र कठघरामा उभिएको छ, मात्र राज्यको नीतिगत अकर्मण्यता प्रस्तुत गर्न । यहाँ व्यक्ति विशेष अपराधी होइन, अपराध व्यवस्थाले गरेको हो । जसले श्रमलाई निर्वासनमा पठायो, परिवारलाई विखण्डन गऱ्यो र सम्बन्धलाई असुरक्षित बनायो । राज्यले जब नागरिकलाई स्वदेशमै पसिना बगाउने अवसर दिन सकेन, तब लाखौंलाख नागरिक परदेसिन बाध्य भए । उनीहरू अपराधी थिएनन्, विवश थिए । घरमा रोग र भोकको क्रन्दन थियो । जीवनका आशा सम्भावना तथा सपना थिए, परन्तु राज्य मौन थियो । वैदेशिक रोजगारीबाट परितोषिक मुलुकमा भित्रिन्थ्यो, परन्तु बदलामा अनिश्चितता, घर, परिवारको रुण दारुण कथा, अन्ततः निर्वासनको अँध्यारोमा जीवनको हार व्यहोर्नुपऱ्यो नेपाली युवाले ।

गतिशील समयको दूरी मात्र भौगोलिक रहेन । भावनात्मक बन्यो । वर्षौंसम्म पतिको अनुपस्थितिमा रहँदा घरभित्रै एक्लोपनले जरा गाड्यो । नजानिँदो ढंगले पुरुष मित्रता बढ्दै गयो । प्रतिलिंगीय मित्रताले एक्लोपनको भाव स्पर्श गर्न थाल्यो । थाहै लागेन, संसर्ग भावनात्मक उद्वेगमा वासना हुँदै प्रेममा बदलियो । उप्रान्त डग्न थाल्यो नैतिकता । सञ्चार भयो वासना, अन्ततः प्रेमांग बदलियो, मातृ वात्सल्य खस्यो गर्तमा । परपुरुषको अंगालोमा समाहित भयो अस्तित्व । बारम्बारको निकटताले गोपनीयता प्रतिरक्षित हुन सकेन, सन्तानका अगाडि बाबु खोसिएको यथार्थ, मातृवात्सल्य जीवित राख्ने चाहभित्रै मऱ्यो । पसिना बगाएर घरपरिवारको रक्षा गर्ने अभिभावकको अस्तित्व नामेट भएको हृदयविदारक कथा कसरी उल्लेख गर्ने ? कति गहिरो घाउ, कसरी सहन गर्ने ?

सबैभन्दा ठुलो सजाय सन्तानले भोगे । न पिताको आश्रय, न त मातृप्रेम ! वृद्ध पितामाता निष्पट्ट गरेको दियोको सन्नाटाभित्रबाट परदेसिएका सन्तानको आगमनको प्रतीक्षामा छन् । छोरो विदेश, बुहारीको त्यो हविगत ! नातिनातिनाको अनिश्चित भविष्य, कुहिरोको कागजस्तो अन्योलपूर्ण जीवनको उत्तरार्ध कसरी सहन गर्ने ? राज्यले वृद्धभत्ता त भर्ला, परन्तु छातिभित्रको रित्तोपन किमार्थ भर्नेछैन ।

देशको ग्रामीण क्षेत्रको मात्र अध्ययन गर्ने हो भने हिजो परिवार पालिएको जमिन पूर्णतः बाझिएको छ । बस्ती रित्तिँदै छन् । सुनसान निर्जन घर, आफ्नो प्रतिरक्षाको पर्खाइमा भएको आभास हुन्छ । जहाँ जीवनको अस्तित्व छ, त्यहाँ तिनै अभागी परिवारको आत्मकथासिवाय देशको भविष्य देखिँदैन ।

दलका प्रतिनिधि, नागरिकका अन्तर भावनामाथि खेलबाड गर्न छाड्दैनन् । हामीलाई हाम्रै विचारले यहाँसम्म ल्याएको । हाम्रै दृष्टिकोणले यस्तो दलदलमा भास्यो । निस्कने निकास कहीँ कतै देखिँदैन र पनि व्यवस्थाप्रतिको अनुराग मेटिँदैन । कस्तो विचार जमाइएछ दिमागमा ? कसरी देशको अस्तित्व रक्षा गर्ने ? हामी दल प्रतिनिधिले के आत्मबोध गरौं भने हामी लिलामीका घोडा भइसकेका छौं । अब पनि ढाँटेर आत्मरतिको संसार निर्माण नगरौं । हामीलाई यो अवस्थामा पुऱ्याउने, नेतृत्वमा पुऱ्याइएका दल प्रतिनिधि नै हौं । हाम्रो नीतिगत अकर्मण्यता नै समस्याको जड हो । अब त पुरातन सोचले काम गर्दैन । युग प्रविधिले धेरै ठुलो उच्चता हासिल गरिसक्यो । हाम्रा थोत्रा दिमाग युगको उचाइमा पुग्ने सक्दैनन् । हामीले पुस्तान्तरको दरार भर्ने सक्दैनौं । आजको विज्ञान प्रविधिको उच्चता देख्ने आजकै पुस्ता छ त किन लिसो लाग्ने ? अब त अभिभावक बन्दा बढी सम्मान हुन्छ ।

नयाँ पुस्तासँग प्रश्नैप्रश्न छन् । यदि राज्यले रोजगारी सिर्जना गरेको भए ? यदि नीति परिवारमैत्री बनाएको



भए ? यदि स्वदेशमै श्रमको सम्मान गर्ने वातावरण बनेको भए ? कृषि क्रान्ति हुन सक्थ्यो, औद्योगिक क्रान्ति हुन सक्थ्यो । पर्यटन उद्योगले विश्वका नागरिकलाई आकर्षण गर्न सक्थ्यो । जडीबुटीको विषयमा मात्र सोचिएको भए हिमाली जिल्लाले आत्मनिर्भर अर्थ व्यवस्था तयार गरिसक्ने थिए । हाम्रो दृष्टिभंगीमा नउग्रिएको हो, स्विकार्नैपर्छ । विदेशमा पसिना बगाएर देश, अझ घर उजाडिएको कसलाई स्वीकार्य छ ? के सन्तान मूल्यहीन हुँदा रमिते बन्नु बहादुरी हो ?

तथापि, दोष व्यक्तिमाथि थोपर्नु कायरता हो । दोषी त त्यो राज्य हो, जसले नीतिमा संवेदना प्रस्तुत गरेन । तथ्यांकमा गर्व गऱ्यो र समाजको आत्मा उपेक्षित भयो । आज देखिएको पारिवारिक विघटन, नैतिक विचलन र सन्तानको विचल्ली कुनै संयोग होइन । यो अकर्मण्य नीतिको अनिवार्य परिणाम हो । हामी आफूले आफैंलाई धिक्कार्नुपर्छ । हाम्रा श्रमशील पाखुरा वैदेशिक निर्वासनमा थुनिएका छन् त कसरी जोतिन्छ जमिन, र फल्छ फसल ? भूमण्डलीय अर्थ निवेश व्यवस्थाले हामीलाई घिच्याएर फिरन्ते श्रमिक बनाएको किमार्थ होइन । हाम्रै अकर्मण्य नीतिगत व्यवस्थाले स्वदेशमै मानसिक शरणार्थी बनाएको हो । हामी भौतिक निर्माणलाई विकास भन्छौं नि ! अन्तर गहिराइमा पसेर हेरौं त, विकासको पूर्वचित्र सम्भावनाको निकट क्रियाशील दिमागमा हुनुपर्छ ।

हामीले त मानव आवादको अनुपातमा लगानीमैत्री वातावरण बनाएर सामूहिक उत्पादन प्रणालीकै सुरुवात गर्नुपर्थ्यो । भूस्वामित्वको विषयमा आपसी समझदारी निकास हुन सक्थ्यो । स्थानीय सरकारले मध्यस्थ गर्थ्यो । जग्गाको चक्लाबन्दी, ब्लक उत्पादन, उत्पादित वस्तुको प्रशोधन र बजारीकरण गर्ने मात्र व्यवस्था स्थापित भएको भए, के हामी लखेटिनुपर्थ्यो ? विकसित देशहरू त्यत्तिकै कहाँ त्यो उचाइमा पुगेका हुन् र ? नागरिकको साथविना कसरी विकास सम्भव छ ?

हामी मात्र प्रश्न सूचक भयौं र दिशाविहीन यात्रा सुरु भयो । भविष्य पत्तो नभएका हामी अझ पनि सचेतन दिमागले युगसापेक्ष योजना निर्माण गर्नेछ भन्ने बुझ्दैनौं र पुरानै आधारमा टासिन्छौं त युगले कसरी बाजी मार्छ ? हामी थोत्राहरूको अकर्मण्यता देशको नीतिगत व्यवस्थाको कारक किमार्थ बन्नुहुन्न ।

अन्ततः यो लेख करुणाको याचना होइन, आरोप पत्र हो । जबसम्म राज्य कर्मशील बन्दैन, तबसम्म नीति नागरिकमुखी हुँदैन । पसिना बगाउनेहरू हारिरहनेछन् । परिवार विखण्डित भइरहनेछ । शाखासन्तान भविष्यको अन्धकारमा भासिइरहनेछन् । तथापि, हामी ठोकुवासाथ भन्छौं- मुलुकमा देखिएको श्रम पलायन, परनिर्भर अर्थतन्त्र र परिवारको दारुण विघटनको दोषी निमित्त राज्यको नीतिगत अकर्मण्यता हो ।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पको भेनेजुएला आक्रमण : विश्वलाई तीन चेतावनी

जनवरी ३ मा भेनेजुएलामा राष्ट्रपति निकोलस मदुरो र उनकी श्रीमती सिलिया एडेला फ्लोरेस डे मदुरोलाई नियन्त्रणमा लिएर गरिएको अमेरिकी सैन्य कारबाही अन्तर्राष्ट्रिय कानुनअन्तर्गत उत्तिकै जोखिम र गैरकानुनी थियो । ट्रम्प प्रशासनले अब अन्तरिम आधारमा भेनेजुएलामाथि 'शासन गर्ने' भनेको कुरा अझ बढी रोमाञ्चक छ । अमेरिकाले देशको विशाल तेललाई पनि नियन्त्रण गर्न खोज्नेछ ।

प्रतिस्पर्धात्मक घरेलु राजनीति र मदुरो शासनको जर्जर रेकर्डका बाबजुद भेनेजुएला अन्तर्राष्ट्रिय कानुनअन्तर्गत एक मान्यता प्राप्त सार्वभौम राज्य हो । जसमा यसको प्राकृतिक स्रोतमाथि स्थायी सार्वभौमिकता समावेश छ । भेनेजुएलाको तेलमाथि हुने अमेरिकी कब्जा अन्तर्राष्ट्रिय कानुनको थप उल्लंघन हुनेछ ।



● डोनाल्ड रोथवेल

रोथवेल अस्ट्रेलियन राष्ट्रिय विश्वविद्यालयका अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक हुन् ।

तर, अमेरिकाले अन्तर्राष्ट्रिय कानुनका साथ आफ्नो आक्रमणलाई औचित्य दिने प्रयास गरेको छैन । बरु, ट्रम्प प्रशासनले विश्वव्यापी नियमलाई पूर्ण रूपमा बेवास्ता गर्न घरेलु कानुन प्रयोग गरिरहेको छ । यो एक कुनै अन्तर्राष्ट्रिय कानुनी आधारविनाको नयाँ रणनीति हो ।

ट्रम्प प्रशासनको शत्रुता

पहिलो र दोस्रो ट्रम्प प्रशासनले मदुरो शासनप्रति शत्रुता देखाएका छन् । अमेरिकी सरकारले लगातार दुई प्रमुख मुद्दा उठाउँदै आएको छ, अमेरिकामा अवैध ल्याटिन अमेरिकी आप्रवासी प्रवेशमा भेनेजुएलाले खेलेको भूमिका र अमेरिकामा लागुपदार्थको ओसारप्रसारमा उसको समर्थन ।

२०२४ को अमेरिकी राष्ट्रपति चुनाव अभियानका क्रममा दुवै प्रमुख मुद्दा थिए र ट्रम्पको मगा (मेक अमेरिका ग्रेट अगेन) आन्दोलनका प्रमुख आधार हुन् । मदुरो शासनको वैधतामाथि पनि प्रश्न उठाइएको छ । २०१८ र २०२४ मा सम्पन्न चुनावलाई अमेरिकासहित पश्चिमा देशले समर्थन जनाएनन् ।

यद्यपि, मदुरो शासनको वैधता सैन्य हस्तक्षेपका लागि कानुनी आधार होइन । बरु, ट्रम्प प्रशासन भेनेजुएलामा आफ्ना कार्य जायज ठहऱ्याउन अमेरिकी घरेलु कानुनमा भर परिरहेको छ । २०२० मा मदुरो र उनकी श्रीमतीलाई लागुपदार्थको तस्करीको आरोपमा अमेरिकी ग्रान्ड जुरीको अभियोगले कानुनी तर्कलाई समर्थन गर्छ ।



न्युयोर्कमा टेलिभिजन क्यामेराअगाडि मदुरोलाई थुनामा राखिएका अन्य कुनै पनि कैदीजस्तै परेड गरिएको कुराले अमेरिकी घरेलु कानुनको महत्त्वलाई अझ जोड दिन्छ । कुनै पनि विदेशी राष्ट्रप्रमुखलाई उनीहरूको राष्ट्रपतिपरिसरमा पक्राउ गर्नु, हिरासतमा राख्नु र २४ घन्टाभित्र अमेरिकामा कानुनी रूपमा कारबाही गर्नु अनौठो घटना हो ।

मदुरो र उनकी श्रीमतीले अन्ततः विभिन्न आपराधिक आरोपमा मुद्दाको सामना गर्नुपर्नेछ । निकोलस मदुरो भेनेजुएलाका राष्ट्रपति हुन् र त्यसैले अमेरिकी अदालतमा फौजदारी अभियोजनबाट विदेशी राज्य प्रमुख उन्मुक्तिको हकदार हुन्छन् भन्ने कुरा सम्भवतः खारेज हुनेछ, किनकि ट्रम्प प्रशासनले उनको राष्ट्रपतित्वलाई अवैध मान्दै आएको छ ।

त्यस्तैगरी, अमेरिकी बाह्य-क्षेत्रीय कानुन प्रवर्तनमार्फत मदुरोको गिरफ्तारीको तरिकाले अमेरिकी अदालत झमेलामा पर्नेछैन । एकपटक अमेरिकी ग्रान्ड जुरीमा अभियोग जारी भएपछि अमेरिकाले गिरफ्तारी वारेन्टमार्फत मदुरोको सुपुर्दगी माग गर्न सक्थ्यो ।

ट्रम्प प्रशासनले सम्भवतः यस्तो कुनै पनि सुपुर्दगी अनुरोधलाई भेनेजुएलाले बेवास्ता गर्न सक्ने पहिल्यै अनुमान गरेको थियो । त्यसैले, प्रशासनले न्याय मन्त्रालयका अधिकारीलाई मदुरोको पक्राउ सहज बनाउन अमेरिकी सेनालाई काराकासमा प्रवेश गर्न कदम चाल्यो ।

■ कानुन प्रवर्तन कि कानुन उल्लंघन ?

ट्रम्प प्रशासनले भेनेजुएला र मदुरो शासनविरुद्धको आफ्नो कानुनी अभियानलाई कसरी अगाडि बढाएको छ भन्ने विषयको मूल मर्म अमेरिकी कानुनमाथि यसको निर्भरता हो । सेप्टेम्बरदेखि अमेरिकाले समुद्रमा सैन्य हमलामार्फत भेनेजुएलाको लागुपदार्थ व्यापारसँग जोडिएका साना डुंगालाई लक्षित गर्न थाल्यो ।

अमेरिकी कानुनको बाह्य-क्षेत्रीय प्रवर्तनको आधारमा क्यारिबियनभर अमेरिकी प्रवेश बिन्दुमा लागुऔषध ढुवानी गर्ने ज्ञात तस्कर समूहविरुद्ध अमेरिकाले यी कुरालाई जायज ठहऱ्यायो । डिसेम्बरमा अमेरिकी तटरक्षक दलले अमेरिकी प्रतिबन्धको अधीनमा रहेका तेल ट्यांकलाई पछ्याउन र जफत गर्न थाल्यो । यो अभ्यास अमेरिकी कानुनको आधारमा पनि जायज थियो, प्रतिबन्धित ट्यांकरलाई भेनेजुएलाको तटबाट रोकेर जफत गरिएको थियो ।

मदुरो दम्पतीलाई पक्राउ, गिरफ्तारी र नजरबन्द गर्न अमेरिकी कानुन प्रवर्तनलाई अहिले विस्तार गरिएको छ । अमेरिकाले आफ्नै कानुन लागू गरिरहेको छ भन्ने तर्कमा भर पर्दै ट्रम्प प्रशासनले अन्तर्राष्ट्रिय कानुनले जे भने पनि आफ्ना कार्यका लागि घरेलु कानुनलाई आधार मानेको छ । यो अन्तर्राष्ट्रिय कानुनप्रति अमेरिकी अपवादवादको स्पष्ट उदाहरण हो, जसको लामो इतिहास छ । यसले अमेरिकाको आफ्नै कानुन छ र अन्य सबै कानुनमाथि हाबी छ भन्ने अमेरिकी दृष्टिकोणलाई प्रतिबिम्बित गर्छ । अन्तर्राष्ट्रिय कानुनले आफ्नो राष्ट्रिय हितलाई अगाडि बढाउने क्षमतालाई अनावश्यक रूपमा सीमित गर्नुहुँदैन भन्ने अमेरिकी धारणा छ ।

यो एउटा यस्तो धारणामा पनि आधारित छ कि यसले सामना गर्न सक्ने कुनै पनि अन्तर्राष्ट्रिय आपत्तिलाई सजिलै व्यवस्थित गर्न वा सुरक्षित रूपमा बेवास्ता गर्न अमेरिका सक्षम छ ।

यी घटनाका तत्काल तीनवटा क्षेत्रीय र विश्वव्यापी पाठ छन् । पहिलो, ट्रम्प प्रशासनले घरेलु राजनीतिक इच्छाका आधारमा जसलाई पनि रोज्छ र उसलाई प्रतिबन्ध लगाउने क्षमता राख्छ । व्यक्ति, संस्था र निगम सबैलाई राष्ट्रपतिको कार्यकारी आदेश, कानुन र बलमार्फत लक्षित गरिएको छ । धेरैजना उच्च सतर्कतामा हुनेछन् ।

दोस्रो, भेनेजुएलाविरुद्धको अमेरिकी कारबाहीले संयुक्त राष्ट्र संघको बडापत्रको उल्लंघन गरे पनि संयुक्त राष्ट्र संघ अमेरिकालाई रोक्न लगभग शक्तिहीन हुनेछ । यो यसको सुरक्षा परिषद्का स्थायी सदस्यसँग रहेको भिटो शक्तिको कारणले हो, संयुक्त राष्ट्र संघप्रति ट्रम्पको घृणाको कुरा त परै जाओस् ।

तेस्रो, अमेरिकी सहयोगी र साझेदारले यो असाधारण अमेरिकी कानुन प्रवर्तन अभ्यासको प्रभावबारे धेरै सचेत हुनुपर्छ । यदि, अमेरिकी सेनाले भेनेजुएलामा भन्दा बढी बलियो प्रतिक्रियाको सामना गऱ्यो भने यसले युरोपेली देश र क्यानडाका लागि नेटो सन्धि र अस्ट्रेलियाका लागि एएनजेडयुएस सन्धिको आवश्यकता बढाउन सक्छ । तसर्थ, अमेरिका यही बाटोमा हिँडिरह्यो भने यसको हस्तक्षेपवादको परिणाम विश्वभरका धेरैले महसुस गर्ने सम्भावना छ ।

- द कन्भरसेसनबाट

ग्रिनल्यान्डमाथि अमेरिकाले आक्रमण गरे नेटोको अन्त्य हुने डेनिस प्रधानमन्त्रीको चेतावनी

वासिंटन डिसी/ डोनाल्ड ट्रम्पले ग्रिनल्यान्ड कब्जा गर्ने धम्की दिएपछि डेनमार्ककी प्रधानमन्त्री मेट फ्रेडरिक्सनले नेटो सहयोगीमाथि अमेरिकाले आक्रमण गरे सो सैन्य गठबन्धन र 'दोस्रो विश्वयुद्धपछि स्थापित सुरक्षा व्यवस्था' दुवैको अन्त्य हुने चेतावनी दिएकी छिन् ।

भर्खरै भेनेजुएलामाथि सफल सैन्य कारबाही गरेर उत्साही अमेरिकी राष्ट्रपतिले आइतबार अमेरिकालाई ग्रिनल्यान्ड 'एकदम' आवश्यक भएको दोहोऱ्याए । हाल स्वायत्त शासन रहेको ग्रिनल्यान्डमा कुनै समय डेनमार्कको उपनिवेश थियो । अहिले पनि सो टापुको विदेश तथा सुरक्षा नीति अझै डेनमार्कले हेर्ने गरेको छ ।

युरोप र उत्तरी अमेरिकी महादेशबिच रहेको ग्रिनल्यान्डको रणनीतिक अवस्थितिका कारण यहाँ पहिलेदेखि अमेरिकी ब्यालिस्टिक क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली राखिएको छ । त्यसबाहेक यस टापुमा दुर्लभ खनिजको ठुलो स्रोत रहेको अनुसन्धानले देखाएको छ । हाल विश्व बजारमा दुर्लभ खनिजमा चीनको प्रभुत्वको विकल्प खोजिरहेको वासिंटनका लागि यो खनिज पनि सो टापु चाहनुको कारण बनेको छ । उता स्वयत्त ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनले ट्रम्पलाई 'विलयको स्वेरकल्पना' परित्याग गर्न आग्रह गर्दै भने, 'साथीहरूबिच धम्की, दबाब र विलयजस्ता कुराको कुनै स्थान हुनुहुँदैन ।' उता अमेरिकी राष्ट्रपतिले चढ्ने विमान 'एयर फोर्स वन'मा पत्रकारसँग बोल्ने क्रममा ट्रम्पले ग्रिनल्यान्डमाथि आगामी '२० दिनभित्रै' निर्णय लिने बताए ।



उता पहिलेदेखि ग्रिनल्यान्डलाई डेनमार्कबाट पूर्ण रूपले स्वतन्त्र बनाउनुपर्ने अभियान चलाइरहेको ग्रिनल्यान्डको विपक्षी दल नालेराकका नेता पेले ब्रोबर्गले भने ट्रम्पको टिप्पणीप्रति सकारात्मक प्रतिक्रिया जनाएका छन् । 'भोलिका दिन हामी स्वतन्त्र हुन चाहन्थ्यौं भने अमेरिकाले ग्रिनल्यान्डलाई स्वतन्त्र राष्ट्रको रूपमा जोगाउनेछ भन्नेमा म पूर्ण विश्वस्त छु,' ब्रोबर्गले भने । उनले ग्रिनल्यान्ड सरकारले ट्रम्प प्रशासनसँग वार्ता गर्नुपर्ने बताएका छन् । 'मानिलिऊँ अमेरिकाले लिइहाल्यो भने पनि उसले हामीलाई डेनमार्कले पहिले नै नगरेको केही गर्न सक्दैन,' ब्रोबर्गले भने ।

उता डेनमार्कका नर्डिक छिमेकी स्विडेन, नर्वे र फिनल्यान्ड सबैले डेनमार्कप्रति आफ्नो समर्थन व्यक्त गरेका छन् । त्यस्तै बेलायत र जर्मनीजस्ता अन्य युरोपेली सहयोगीले पनि ग्रिनल्यान्डको भविष्य यसका जनताको हातमा रहेको कुरामा जोड दिएका छन् ।

इतिहासमा आज

जनवरी ७



सन् १९७९ : छिमेकी भियतनामको फौज प्रवेश गरेर कम्बोडियाको खमेरुज शासन अन्त्य गऱ्यो । योसँगै पोल पोट नेतृत्वको चार वर्षको कठोर शासन अन्त्य भयो ।

सन् ४९ : गोल क्षेत्र जितेपछि पछि हट्न दिइएको सिनेटको आदेशलाई अस्वीकार गरेपछि पोम्पेसँग नजिक रहेको सिनेटले जुलियस सिजरलाई रोमन गणतन्त्रको शत्रु घोषणा गऱ्यो । यस निर्णयले रोम साम्राज्यलाई विध्वंसकारी गृहयुद्धमा धकेल्न भूमिका खेल्यो ।

सन् १६१० : ग्यालिलियो ग्यालिलीले बृहस्पतिका पहिलो तीन भूउपग्रह आइओ, युरोपा र गेनिमेट पत्ता लगाए । यस खोजपछि सबै कुराले पृथ्वीको चक्कर लगाउने त्यतिवेलासम्मको भ्रम तोडियो ।

सन् १७८२ : संयुक्त राज्य अमेरिकाको पहिलो व्यावसायिक बैंक 'बैंक अफ नर्थ अमेरिका'को काम सुरु भयो ।

सन् १८२२ : स्वतन्त्र अश्वेत अमेरिकीहरूले पश्चिम अफ्रिकामा केही जमिन किनेर 'लाइबेरिया' नामक स्वतन्त्र अश्वेत राज्य बनाउने अभियान सुरु गरे । पहिलो बस्ती बसाइएको स्थान हाल लाइबेरियाको राजधानी मनरोभिया हो ।

सन् १९०२ : बक्सर विद्रोहपछि राजधानी सारेकी साम्राज्ञी डोवगर सिसी र शाही भारदर सियानबाट पेकिङ फर्किए ।

सन् १९४६ : कम्बोडिया इन्डो-चीन क्षेत्रमा रहेको फ्रान्सेली साम्राज्यभित्रको स्वशासित राज्य बन्यो ।

सन् १९५९ : अमेरिका समर्थित तानासाह फुल्गेन्सियो बाटिस्टा अपदस्थ भएर बनेको फिडेल क्यास्ट्रो नेतृत्वको क्युबाली सरकारलाई अमेरिकाले केही दिनभित्रै मान्यता दियो ।

सन् १९९० : इटलीको पिसास्थित ढल्किएको टावरमा संरचनात्मक समस्या आएपछि सुरक्षाका लागि पर्यटकको प्रवेश बन्द गरेर मर्मत सुरु गरियो ।

सन् २०१५ : फ्रान्सेली व्यंग्य पत्रिका 'चार्ली हेब्दो'को पेरिसस्थित मुख्यालयमा आइएसले गरेको आक्रमणमा १२ जना मारिए ।

सन् २०२२ : अमेरिकाको म्यारिल्यान्ड राज्यस्थित बाल्टिमोरमा पहिलोपटक सुँगुरको मुटुको मानवमा सफल प्रत्यारोपण भयो ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन : ४-५८९२५७

शिलबन्दी वोलपत्र आह्वानको सूचना नं.- ०४/०८२/८३

प्रकाशित मिति : २०८२/०९/२३

यस श्री बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने का.म.पा.वडा नं. ६ स्थित विभिन्न स्थानहरूमा निर्माण कार्यहरू गर्न नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ ।

शर्तहरू

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ । (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only) (छ) Bid security (Bank Gurantee)

२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई का.म.न.पा.वडा नं. ६ स्थित शान्तिनगर महाकाल फाटमा संकटा मन्दिर निर्माण गरी मूर्ति स्थापना गर्ने कार्य, तीनचुली भज्यू गुठीको भवन निर्माण गर्ने कार्य र जम्बुघ्याङ धुर्सा निर्माण, पानी फिल्टर, रिर्जब टेयांकी, गेट र लामा पढ्ने ठाउ निर्माण गर्ने कार्य गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र वोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्नेछ र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ । वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ ।

३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । बैंक ग्यारेण्टी(विल्ड बोण्ड) वोलपत्र पेश गरेको दिनदेखी १२० दिन अवधिको पेश गर्नु पर्नेछ । नगद जमानतको लागि कुल ठेक्का लागत अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११० ९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश :सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ ।

७. रित पूर्वक भरी नआएको, शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन ।

८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ ।

९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ ।

१०. जुन फर्मको नाममा वोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ ।

११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ । साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१२ वोलपत्र फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ अन्यथा समिति जिम्मेवारी हुने छैन ।

तपशिल

ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का लागत अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
BNADC/TEM-09-82/83	का.म.न.पा.वडा नं. ६ स्थित शान्तिनगर महाकाल फाटमा संकटा मन्दिर निर्माण गरी मूर्ति स्थापना गर्ने कार्य	२.५ प्रतिशत	३४,९७,२३६.८९	१,५००
BNADC/BLD-10-82/83	तीनचुली भज्यू गुठीको भवन निर्माण गर्ने कार्य	२.५ प्रतिशत	८९,९८,७७४.४२	१,५००
BNADC/BLD-11-82/83	जम्बुघ्याङ धुर्सा निर्माण, पानि फिल्टर रिर्जब टेयांकी, गेट र लामा पढ्ने ठाउ निर्माण गर्ने कार्य	२.५ प्रतिशत	३९,९९,०७१.०५	१,५००

Government of Nepal
Ministry of Forests and Environment
Department of Forests and Soil Conservation
Babarmahal, Kathmandu, Nepal, Phone: +977-1-5327574
Website: http://DoFSC.gov.np/, Email: info@dofsc.gov.np

Invitation for Electronic Bids

For Supply and Delivery of Uniform for Armed Forest Guard
Contract Identification Number: DoFSC/NCB/G/2082/83-01
Date of Notice Publication: 7th January 2026

1. **The Department of Forests and Soil Conservation (DOFSC)** invites **Electronic Bids** from eligible bidders for the procurement of Goods **"Supply and Delivery of Uniform for Armed Forest Guard"** under National Competitive Bidding (NCB) single stage single envelope procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Document in English at the office of Department of Forest and Soil Conservation, Babar Mahal, Kathmandu or may visit e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**

   Bidder can submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO: **www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit the cost of bidding document (NRs. 3,000.00) in the following Rajaswa (Revenue) account as specified below:**
   Name of the Bank: Rastriya Banijya Bank Ltd., Teku Branch, Kathmandu
   Name of Office: **Ko. Le. Ni. Ka. (DTCO), Babarmahal, Kathmandu (DoFSC)**
   Office Code Number: **329013501**
   Office Account Number: **1000200010000**
   Rajaswa (Revenue) Shirshak Number: **14229**
3. Pre-bid meeting shall be held at the office of Department of Forest and Soil Conservations,, **Babarmahal, Kathmandu, Nepal at 22 January 2026.**
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM (Noon) on 6th February 2026. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 6th February 2026 at the office of Department of Forests and Soil Conservation, Forestry Complex, Babarmahal, Kathmandu, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 3,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. A pass report of flexibility endurance of leather shoe and chemical composition and gsm of fabric must be submitted along with the bid on or before the bid submission deadline.
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **deposit Account Number: 1201200001002524 (on behalf of Department of Forests and Soil Conservation, Babarmahal, Kathmandu) at Nepal Rastra Bank, Baluwatar, Kathmandu** and scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the eBid.
9. Samples of required items available at DoFSC can be observed by the interested bidders during office hours upon submission of a written application along with a copy of firm/company registration certificate and a copy of VAT registration certificate.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

बिजुली बक्यौताको दोस्रो किस्ता तिर्न आएनन् २९ उद्योगी

प्राधिकरण न लाइन काट्छ, न पुनरावलोकन खुलाउँछ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

लोडसेडिङको समयमा प्रयोग गरेको बिजुलीको प्रिमियम बक्यौताको पहिलो किस्ता तिरेका उद्योगीले दोस्रो र तेस्रो किस्ता तिर्न आनाकानी गरेका छन्। उद्योगीले मंसिरमा दोस्रो र पुसमा तेस्रो किस्ता तिर्नुपर्ने समय तोकिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार पाँच उद्योगले मात्रै नियमित किस्ता तिरेका छन्। त्यसमा अशोक स्टिल, हुलास स्टिल र हामा आइरन छन्, जो गत ४ कात्तिकमा प्राधिकरणले लाइन काट्नुअघि नै २८ किस्तामा बक्यौता तिर्ने गरी प्रक्रियामा आएका थिए। यसैगरी, पञ्चकन्या प्लास्टिक र पञ्चकन्या स्टिलले दोस्रो किस्ता तिरेका छन्।

बक्यौता नतिरेको भन्दै प्राधिकरणले गत ४ र ८ कात्तिकमा २५ उद्योगको लाइन काटेपछि पञ्चकन्या समूहका दुई उद्योगले १७ कात्तिकमा पहिलो किस्ता तिरेका थिए। साथै, विद्युत् नियमन आयोगमा प्राधिकरणको निर्णयविरुद्ध उजुरी दर्ता गरेको थियो। तर, त्यसमा आयोगले अन्तरिम आदेश नदिएपछि उद्योगहरू नियमित किस्ता तिर्न आएका हुन्।

लोडसेडिङका वेला प्राधिकरणले थप ६५ प्रतिशत प्रिमियम शुल्क सर्तमा उद्योगहरूलाई ट्रंकलाइनबाट २० घण्टा र डेडिकेटेड फिडरबाट २४ घण्टासम्म विद्युत् दिएको थियो। त्यसरी विद्युत् प्रयोग गर्ने ग्राहक दुई सय ५० भन्दा बढी थिए। तर, केही उद्योगले भने त्यस्तो बक्यौता तिर्न आनाकानी गर्दै आएका छन्। पछिल्लोपटक प्राधिकरणले पुनरावलोकन प्रक्रिया खारेज गरेर १२ असोजमा सार्वजनिक सूचना जारी गर्दै २ कात्तिकसम्म बक्यौता तिर्न २८ किस्ताको सुविधा दिँदै अल्टिमेटम दिएको थियो। त्यस अवधिमा बक्यौता तिर्न नआएका ३१ उद्योगमध्ये २५ उद्योगमा लाइन काटिएको थियो। ६ उद्योगले भने पहिले नै अदालतबाट अन्तरिम आदेश पाएका कारण लाइन काटिएन।

लाइन काटिएपछि १७ कात्तिकमा प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्री सुशीला कार्की, ऊर्जामन्त्री कुलमान घिसिङ र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको उपस्थितिमा उद्योगीले पहिलो किस्ता तिर्ने र प्राधिकरणले लाइन जोड्ने सहमति भएको थियो। साथै, उद्योगीको पहिलो किस्तालाई धरौटीसमेत मानेर प्राधिकरणले न्यायिक प्रक्रिया (पुनरावलोकन) अघि बढाउने सहमति भएको थियो। त्यसपछि उद्योगीले धरौटीका रूपमा पहिलो किस्ताबराबरका रूपमा रकम भुक्तानी गरेका थिए। पुनरावलोकनका लागि उद्योगीले बक्यौता पाँच प्रतिशत रकम तिर्नुपर्छ। तर, पहिलो किस्ता रकमलाई नै धरौटी पनि मानेर न्यायिक प्रक्रिया बढाउने सहमति भएको थियो। त्यसपछि उद्योगीले धरौटीका रूपमै पहिलो किस्ता तिरेको बताएका थिए। साथै, प्राधिकरणले पनि न्यायिक प्रक्रिया अघि बढाउनुपर्ने उनीहरूको भनाइ थियो। तर, प्राधिकरणले न्यायिक प्रक्रिया अघि नबढाएपछि उद्योगीहरू पनि बक्यौता तिर्न आएका छैनन्।

अझै पनि बक्यौता बाँकी भएका उद्योगको संख्या ४६ वटा छ। त्यसमा दुई सरकारी उद्योग छन्, जसले बक्यौता तिर्ने गरी लिखित प्रतिबद्धता गरेका छन्। तीन उद्योग भने बन्द छन्, जसले नियमित महसुल तिरेका छैनन्। हाल उक्त तीन उद्योगको लाइन काटिएकै अवस्था छ। ६ उद्योगले भने अन्तरिम आदेश लिएर बसेका थिए। तीबाहेक कुल ३५ वटा उद्योग किस्ता तिर्ने गरी प्रक्रियामा थिए। त्यसमा पाँच उद्योगले मात्रै दोस्रो किस्ता तिरेका छन्। बाँकी ३० मध्ये यसबिचमा थप रिलायन्स स्पिनिङ मिल्सले अदालतबाट अन्तरिम आदेश पाएको छ, त्यो अवस्थामा अब २९ उद्योगले किस्ता तिर्न बाँकी देखिन्छ। तर, उनीहरू किस्ता तिर्ने प्रक्रियामा आएका छैनन्।

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारूले पहिलो किस्ताबराबरको रकम धरौटीका रूपमा बुझाएको बताए। अब प्राधिकरणले पुनरावलोकन प्रक्रिया नै अघि बढाउनुपर्ने उनको भनाइ छ।

'सहमतिअनुसार हामीले धरौटीका रूपमा पहिलो किस्ताबराबरको रकम भुक्तानी गरेका हौँ। अब हामी पुनरावलोकनका लागि प्राधिकरणको निर्णयको पर्खाइमा छौँ,' उनले भने, 'प्रधानमन्त्री कार्यालयले नै पुनरावलोकन सुन्नुपर्ने भनेको छ। त्यसअनुसार पनि प्राधिकरणले पुनरावलोकन प्रक्रिया अघि बढाउनुपर्छ। पुनरावलोकन प्रक्रियामा जे निर्णय आउँछ, त्यसअनुसार भुक्तानी हुन्छ।'

प्राधिकरणका प्रवक्ता राजन ढकालले उद्योगीबाट बक्यौता असुल गर्न नियमित ताकेता भइरहेको बताए। 'हामीले नियमित रूपमा उद्योगीहरूलाई किस्ता तिर्न ताकेता गरेका छौँ। पछिल्लोपटक मंसिर अन्तिम साता पत्राचार भएको थियो। तर, उद्योगीहरू बक्यौता तिर्न आएका छैनन्,'



उनले भने, 'यद्यपि, यसलाई कसरी निकास दिने भनेर थप छलफल भइरहेको छ। यसबिचमा अदालतबाट पनि विभिन्न आदेश आएका छन्। आवश्यक सहजीकरण गर्नु भन्दै प्रधानमन्त्री कार्यालयबाट पनि पत्र आएको छ। केही द्विविधा पनि देखिएको छ। यसमा अब कसरी अघि बढ्ने भनेर समानान्तर रूपमा छलफल भइरहेको छ।'

पुनरावलोकनको मौका दिने तयारीमा

यसैबिच प्राधिकरणले उद्योगीलाई पुनरावलोकनको मौका दिने तयारी गरेको छ। प्रधानमन्त्री कार्यालयको पत्रका आधारमा पुनरावलोकन खुलाउन सकिने प्राधिकरणका एक कर्मचारीले बताए। गत २१ कात्तिकमा प्रधानमन्त्री कार्यालयले पठाएको पत्रमा 'पुनरावलोकन सुन्ने व्यवस्था मिलाउन' भन्ने उल्लेख छ। यद्यपि, यसबारे प्राधिकरणको सञ्चालक समितिबाट निर्णय हुनुपर्छ। सञ्चालक समितिका अध्यक्षसमेत रहेका ऊर्जामन्त्री कुलमान घिसिङले गत असोजमा पुरानो पुनरावलोकन प्रक्रिया रद्द गरेर सिधै बक्यौता उठाउने प्रक्रियामा अघि बढेका थिए। अहिले प्रधानमन्त्री कार्यालयबाट पुनरावलोकन सुन्ने भनेर पत्र आएपछि पुनरावलोकन प्रक्रिया खुलाउने कानुनी दबाब बढेको छ। यद्यपि, यसमा पुनरावलोकन प्रक्रिया अघि बढाउन चुनौती हुने एक कर्मचारीले बताए।



नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारू भन्छन्-
सहमतिअनुसार हामीले धरौटीका रूपमा पहिलो किस्ताबराबरको रकम भुक्तानी गरेका हौँ। अब हामी पुनरावलोकनका लागि प्राधिकरणको निर्णयको पर्खाइमा छौँ, प्रधानमन्त्री कार्यालयले नै पुनरावलोकन सुन्नुपर्ने भनेको छ। त्यसअनुसार पनि प्राधिकरणले पुनरावलोकन प्रक्रिया अघि बढाउनुपर्छ।

■ पहिलो किस्ता मात्रै तिरेका उद्योगका बक्यौता

शुभश्री अग्नि सिमेन्ट	७७ लाख ६३ हजार
सर्वोत्तम सिमेन्ट	१० करोड ८१ लाख १० हजार
लक्ष्मी स्टिल	२२ करोड ९ लाख ३५ हजार
सम्राट सिमेन्ट	२ करोड ८३ लाख ३० हजार
रोल्पा सिमेन्ट	७७ लाख ८८ हजार
शुभ लक्ष्मी पोलिमर्स	२ लाख ८३ हजार
विनायक स्पात प्रालि	५ लाख ८१ हजार
जिबी टेक्सटाइल-१	३२ लाख ८१ हजार
जिबी टेक्सटाइल-२	१२ लाख ९ हजार
नारायण रबर उद्योग	६ लाख ५४ हजार
घराना फुड्स	१ करोड ८० लाख ९९ हजार
सिद्धार्थ पेटप्लास्ट	१ करोड ७६ लाख ३३ हजार
गोयन्का फुड्स	१ करोड ४२ लाख ३९ हजार
श्याम प्लास्टिक उद्योग	४७ लाख ३४ हजार
एसआर फुड्स	१ करोड ४३ लाख २४ हजार
भलबारी स्वचालित	२८ लाख ८६ हजार
एसआर स्टिल	१५ लाख ६६ हजार
एभरेस्ट रोलिङ मिल	१६ लाख ९५ हजार
त्रिवेणी सिन्थेटिक यार्न	४ करोड २४ लाख १२ हजार
हिमाल आइरन एन्ड स्टिल	१३ करोड ४० लाख ५१ हजार
शिवम् सिमेन्ट	६४ करोड ४९ लाख ९८ हजार
सोनापुर मिनरल एन्ड आयल	२३ करोड ४३ लाख २० हजार
कसमस सिमेन्ट फ्याक्ट्री	९ करोड ४२ लाख ३५ हजार
घोराही सिमेन्ट उद्योग	४९ करोड ३ लाख ७३ हजार
अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज	४३ करोड २४ लाख १७ हजार
त्रिवेणी स्पिनिङ मिल्स	३० करोड ९५ लाख २२ हजार
विशाल सिमेन्ट इन्डस्ट्रिज	३ करोड २३ लाख २८ हजार
जगदम्बा स्टिल प्रालि	१ अर्ब ५४ करोड ४६ लाख ३४ हजार
जगदम्बा सिन्थेटिक	१९ करोड ७७ लाख २० हजार

■ अदालतको अन्तरिम आदेश लिएका

मारुती सिमेन्ट	५७ करोड ४५ लाख
अरिहन्त मल्टिफाइबर लि	११ करोड ५३ लाख
युनाइटेड सिमेन्ट प्रालि	११ करोड ३७ लाख
रघुपति जुट मिल	८ करोड ५१ लाख
अरिहन्त पोलिप्याक लि	६ करोड ६२ लाख
बाबा जुट मिल	२ करोड ४९ लाख
रिलायन्स स्पिनिङ मिल्स	पहिलो किस्ता तिरेको, बाँकी खुद ७२ करोड ६१ लाख ८४ हजार

■ लाइन काटिएका, तर उद्योग नै बन्द रहेका

बुटवल सिमेन्ट	१८ करोड ४५ लाख
एभरेस्ट पेपर मिल	९ करोड ४४ लाख
निगाले सिमेन्ट प्रालि	५ करोड ८१ लाख

किमाथांका अरुण स्वदेशी लगानीमै बनाउने मोडालिटी तयार

९८ अर्ब लागत अनुमानको आयोजना निर्माण सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनीले गर्ने, साढे ६८ अर्ब ऋण र सवा २९ अर्ब स्वपुँजीबाट जुटाइने



नयाँ पत्रिका

किमाथांका अरुण अर्धजलाशययुक्त जलविद्युत् आयोजना स्वदेशी लगानीमै निर्माण गर्ने गरी लगानी ढाँचा (मोडालिटी) तयार गरिएको छ। चार सय ५४ मेगावाटको यो आयोजना सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनीले निर्माण गर्ने गरी लगानी मोडालिटी तयार गरिएको हो।

संखुवासभाको भोटकोला गाउँपालिका- २ मा पहिचान गरिएको किमाथांका अरुण अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको कुल लागत अनुमान ९७ अर्ब ९४ करोड रहेको छ। आयोजनाको कुल लागतमध्ये ७० प्रतिशत अर्थात् ६८ अर्ब ५५ करोड ऋणबाट र ३० प्रतिशत अर्थात् २९ अर्ब ३८ करोड स्वपुँजी (इक्विटी)बाट जुटाउने गरी वित्तीय व्यवस्थापनको मोडालिटी तयार गरिएको छ।

हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसिएल), कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बिमा कम्पनीहरू र बैंक तथा वित्तीय संस्थाको सहवित्तीयकरणमार्फत ऋण लिने प्रस्ताव गरिएको छ। इक्विटीबाट प्राप्त हुने रकम कम्पनीका संस्थापक र गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली, आयोजना प्रभावित जिल्लाका स्थानीय बासिन्दा, अति विपन्न परिवारका सदस्य र सर्वसाधारणलाई सेयर निष्कासन गरी संकलन गरिनेछ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले वित्तीय विश्लेषणसहित तयार पारिएको प्रस्तावित लगानी मोडालिटीअनुसार तत्काल वित्तीय व्यवस्थापनको प्रक्रिया अगाडि बढाउन निर्देशन दिए।

विद्युत् उत्पादन कम्पनीसँग विद्युत् आयोजनाहरूको अनुमतिपत्र (लाइसेन्स) रहेको, तर कुनै पनि आयोजना निर्माणमा जान नसकेको उल्लेख गर्दै मन्त्री घिसिङले कम्पनीको दीर्घकालीन आम्दानी तथा दिगोपनका लागि पनि किमाथांका आयोजना आफैँले बनाउनुपर्ने बताए। घिसिङले आयोजनाको प्रस्तावित लगानी ढाँचा र त्यसबमोजिम कम्पनीको संस्थागत इक्विटी योजनालाई तत्काल कम्पनी सञ्चालक समितिबाट पारित गरी पेस गर्न निर्देशन दिए।

किमाथांका अरुणको अध्ययन तथा पूर्वनिर्माणमा ७३ करोड १४ लाख रुपैयाँ खर्च भएको छ। आयोजनाको कार्यालय तथा कर्मचारी आवास (क्याम्प) निर्माणका लागि जग्गा अधिग्रहण भइसकेको छ। बाँध, जलाशय, विद्युत्गृहलगायतका संरचना निर्माणका लागि आवश्यक पर्ने जग्गा अधिग्रहणका लागि मुआब्जा तथा क्षतिपूर्ति निर्धारण भइसकेको छ। यसका लागि करिब ४५ करोड रुपैयाँ लाग्नेछ।

आयोजनाबाट वार्षिक दुई अर्ब ६९ करोड युनिट (२६९०.९७ गिगावाट आवर) विद्युत् उत्पादन हुनेछ। यसमध्ये हिउँदयामको पिक तथा अफ पिक ऊर्जा क्रमशः ४७ करोड ३१ लाख र ३५ करोड ३३ लाख युनिट रहेको छ। त्यस्तै, वर्षायामको ऊर्जा एक अर्ब ८६ करोड ४६ लाख युनिट रहेको छ। उक्त विद्युत् बिक्रीबाट वार्षिक १६ अर्ब ९१ करोड रुपैयाँ आम्दानी हुनेछ। विद्युत् उत्पादन कम्पनीमा सरकारको ३०, नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सञ्चय कोष तथा नेपाल टेलिकमको १०-१०, नागरिक लगानी कोषको पाँच, एचआइडिसिएलको चार, राष्ट्रिय जीवन बिमा कम्पनीको दुई प्रतिशत संस्थापक सेयर स्वामित्व रहेको छ। सर्वसाधारणका लागि २९ प्रतिशत सेयर छुट्याइएको छ।

अब बिमा दाबी भुक्तानी अनलाइनबाटै

काठमाडौं/ बिमा कम्पनीहरूले सबै प्रकारका बिमा दाबी भुक्तानी विद्युतीय (अनलाइन) प्रणालीमार्फत गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ। नेपाल बिमा प्राधिकरणले मंगलबार एक परिपत्र जारी गर्दै १ माघदेखि सबै प्रकारका बिमा दाबी भुक्तानी अनलाइनबाट गर्न निर्देशन दिएको हो।

जीवन बिमा, निर्जीवन बिमा, लघु बिमा, पुनर्बिमा कम्पनी र बिमा दलालहरूलाई यो निर्देशन लागू हुनेछ। उनीहरूले सबै प्रकारका भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाका बैंक खातामा अनिवार्य रूपमा विद्युतीय प्रणालीमार्फत गर्नुपर्नेछ।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशन, २०८२ मा बिमा कम्पनीले अनिवार्य रूपमा व्यक्तिको बैंक वा वित्तीय संस्थामा रहेको खातामा जम्मा हुने गरी दाबी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै, नेपाल सरकारले सार्वजनिक निकायबाट हुने सबै प्रकारका भुक्तानी बैंकिङ प्रणालीमार्फत डिजिटल माध्यमबाट गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइसकेको सन्दर्भमा बिमा दाबी भुक्तानीलाई पनि अनलाइनबाटै गर्नुपर्ने निर्देशन जारी गरिएको प्राधिकरणले उल्लेख गरेको छ।

यसअघि प्राधिकरणले बिमा कम्पनीका कुनै पनि प्रकारका कर्मचारी तथा श्रमिकलाई दिइने पारिश्रमिक अनिवार्य रूपमा बैंक वा वित्तीय संस्थामार्फत भुक्तानी गर्ने व्यवस्था गर्न बिमा कम्पनीहरूलाई निर्देशन दिएको थियो।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०९/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	
भगल धामीको नाति, गजेन्द्र धामीको छोरा, रौतहट जिल्ला, साविक डुमरिया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **नरेन्द्र धामी** (ना.प्र.नं. ६२२, जारी मिति २०५८/०६/२३, जि.प्र.का. रौतहट)।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. गजेन्द्र धामीको बुहारी, नरेन्द्र धामीको पत्नी, रौतहट जिल्ला, साविक डुमरिया (म) गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **लिला देवी धामी** (ना.प्र.नं. १४१८, जारी मितिः २०६०/०१/१९, जि.प्र.का. रौतहट)।	२. गजेन्द्र धामीको बुहारी, पवन धामीको पत्नी, रौतहट जिल्ला, साविक डुमरिया (म) गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **संगीता कुमारी धामी** (ना.प्र.नं. ३२२०८२/२९३८, जारी मिति २०६९/१२/२०, जि.प्र.का. रौतहट)।
३. गजेन्द्र धामीको नाति, नरेन्द्र धामीको छोरा, रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **अरुण कुमार धामी** (ना.प्र.नं. ३२२०८०/२६५६, जारी मिति २०७३/१२/२१, जि.प्र.का. रौतहट)।	
धितोको विवरण	
लिला देवी धामी (ना.प्र.नं. १४१८, जारी मिति २०६०/०१/१९, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक डुमरिया (म) गा.वि.स. वडा नं. ८ स्थित कि.नं. १५३३ को क्षेत्रफल ०-५-५ (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।	

Siddhartha Bank
शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website : www.siddharthabank.com

भलाकुसाः बहुउद्देश्यीय अभियान सहकारी संस्था लि.
चन्द्रागिरि-१०, सतुंगल, काठमाडौंको

धितोमा रहको अचल सम्पति लिलाम विक्री गर्ने सम्बन्धी ७ अन्तिम दिने सूचना

(प्रकाशित मिति २०८२/०९/२३ गते, बुधबार)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले आफ्नो तथा आफ्ना एका परिवारका सदस्यहरुको नामको अचल सम्पत्ति (घर जग्गा) यस संस्थाको नाममा धितो राखी कर्जा लिई कर्जा लिंदा गरेको सहमती अनुसार यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम हालसम्म नबुझाएको र बुझाउनको लागि बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बसेको हुँदा यस अघि मिति २०८०/०८/२९ गते, २०८०/१२/१५ गते २०८१/०३/०५ गते तथा २०८१/०६/२१ 'अन्नपूर्ण पोष्ट' राष्ट्रिय दैनिकमा ३५ दिने, १५ दिने गरि ४ पटक सूचना प्रकाशित गर्दा समेत यस सहकारीमा आई आफुले तिर्नु पर्ने साँवा ब्याजको केही रकम बुझाई हप्ता दश दिनको समय माग गरेकाले लिलामी स्थगित गरि थप समय प्रदान गरिएको र सो समय सकिएको महिनौं बित्दा समेत बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बसेको हुँदा तपसिलमा उल्लेख गरेका ऋणी सदस्यको नाममा पुनः यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम समेत बुझाउन आउनु होला। उल्लेखित म्याद भित्र पनि साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम दाखिला हुन नआएमा उक्त ७ दिने म्याद नाघेको भोलिपल्ट अर्थात यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा (उक्त दिन बिदा परे सोको भोलिपल्ट) संस्था सँग भएको शर्त कबुलियत, तमसुक बमोजिम कर्जा लिंदा धितो स्वरुप यस सँस्थाको नाममा राखेको तपसिलका अचल सम्पत्ति (घर जग्गा) घर जग्गा सहकारी ऐन २०७४ को दफा ७९,८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउँदछौं। साथै यस सहकारीमा धितोमा रहेका उल्लेखित अचल सम्पत्ति (घर जग्गा) तपसिलमा उल्लेखित मिति र समयमा लिलाम बढाबढ हुने हुँदा उक्त लिलाम बढाबढमा भाग लिई लिलाम सकार गरी लिन ईच्छुक सर्वसाधारणहरु तथा संस्थाहरुलाई समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

तपशिल

सि.नं.	ऋणीको तीन पुस्ते नाम,थर र ठेगाना	फोटो	धितोमा रहेको सम्पत्तिको विवरण	धन जमानी दिने व्यक्तिको विवरण	तिर्न बाँकी साँवा, ब्याज, हर्जानाको विवरण
१.	सदस्यता नं. : २५३ नाम : हिरामाया लामा ना.प्र.प.नं. : ५०६ पिता : अशोक कुमार लामा बाजे : लाप्साङ्ग लामा ठेगाना : मकवानपुर जिल्ला, टिस्टुङ्ग गा.वि.स., वडा नं. ८, तारुका हाल : का.जि.च.न.पा-१०, सतुंगल, सिमचाः फाँट		ऋणी हिरामाया लामाको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा का. जि.सतुंगल गा. बि. स. वडा नं. ७, कि.नं. २५५ र २५६ को ५.६० व. मि. र ९७.० व.मि गरि २ टुक्रा जग्गाहरु र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत	ऋणी हिरामाया लामाको एकाघरको पति श्रीमान् मोहन लामा।	साँवा, ब्याज, हर्जाना समेत गरी जम्मा बाँकी रहेको रु : १,०३,५०,५१४/-

लिलाम बिक्रीका शर्तहरु:

१. धितो बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने ब्यक्तिले आफूले कबोल गरेको अङ्कको १०% ले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ।
२. लिलाम बढाबढमा भाग लिने ब्यक्ति/सँस्थाले लिलाम सकार गरेको मितिले ७ दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ र बाँकी रुपैया बुझाए पछि मात्र अचल सम्पत्ति नामसारीको प्रक्रिया अगाडी बढाईने छ।
३. तोकिएको दिनमा सार्बजनिक बिदा परे त्यसको लगत्तै सरकारी कार्यालय खोल्ने दिनमा लिलाम बढाबढ गरिने छ।
४. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अङ्क बोल्ने ब्यक्ति वा संस्थालाई लिलाम स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।
५. लिलाम बिक्री हुने अचल सम्पत्ति सम्बन्धी कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस सँस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुने छ।
६. सहकारी ऐन, सहकारी नियमावली तथा संस्थाको विनियम अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा कबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा संस्थाले प्रचलित ऐन कानून बमोजिम उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले ब्यहोर्नु पर्नेछ। धितो नामसारी गर्दा लागेको सम्पूर्ण खर्चहरु लिलाम सकार गर्नेले ब्यहोर्नु पर्नेछ।
८. संस्थामा सुरक्षणमा रहेको सम्पत्ति बिक्रीबाट पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा कानून बमोजिम ऋणीको नाममा रहेको अन्य चल अचल सम्पत्ति समेतबाट बाँकी कर्जा रकम असुल उपर गरिनेछ।
९. लिलाम बढावढ यस संस्थाको कार्यालयमा मिति २०८२/०९/३० गते दिनको ११ बजे बाट दिनको ४:०० सम्म हुनेछ।

उद्यमशीलता विकासमा एआई प्रयोग गर्ने नीति लिन निजी क्षेत्रको सुझाव



नयाँ पत्रिका

उद्योगी-व्यवसायी र सरोकारवालाले कृत्रिम बौद्धिकता (एआई)लाई रोजगारी सिर्जना र उद्यमशीलता विकासमा प्रयोग गर्ने नीति लिन सरकारलाई सुझाव दिएका छन्। उनीहरूले लागत घटाउने, आर्थिक परादर्शिता तथा सुशासन कायम गर्ने र रोजगारी सिर्जना गराउने गरी एआईको प्रयोग हुनुपर्नेमा जोड दिएका हुन्।

नेपाल चेम्बर अफ कमर्सले मंगलबार आयोजना गरेको 'एआई नीति र औद्योगिक विकासमार्फत नेपालको डिजिटल भविष्यबारे' बृहत् अन्तर्क्रियाका सहभागी तथा वक्ताहरूले हरेक क्षेत्रमा एआईको सदुपयोग गर्नुपर्ने धारणा राखेका हुन्। उनीहरूले एआईको माध्यमबाट कृषि, स्वास्थ्य, शिक्षा, वित्त, ऊर्जा तथा सार्वजनिक सेवामा गुणस्तर सुधार गर्दै सीमित स्रोतबाट अधिकतम उपलब्धि हासिल गर्नुपर्नेमा जोड दिए। यसका लागि सरकार, निजी क्षेत्र र सरोकारवालाबिच सहकार्य आवश्यक रहेको उनीहरूले बताए।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले देशको सुशासनका लागि आइटीको विकास महत्त्वपूर्ण भएको बताए। सरकारी सेवालाई चुस्त र प्रभावकारी बनाउन एवं आर्थिक पारदर्शिताका लागि पनि आइटीको विकास महत्त्वपूर्ण हुने उनको भनाइ थियो।

कार्यक्रममा नेपाल चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालले एआई केवल प्रविधिको विषय मात्र नभई आर्थिक पारदर्शिता, उद्यमशीलता प्रवर्द्धन र रोजगारी सिर्जनाको महत्त्वपूर्ण आधार बन्दै गएको बताए। डिजिटल रूपान्तरणमार्फत सार्वजनिक सेवालाई प्रभावकारी बनाउने, व्यावसायिक लागत घटाउने र निर्णय प्रक्रियामा पारदर्शिता ल्याउन एआईको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै अग्रवालले सरकारले सोहीअनुसारको नीति लिनुपर्ने बताए।

कार्यक्रममा चेम्बरका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले आइटीको विकासमार्फत दिगो आर्थिक विकास गर्नुपर्ने बताए। सार्वजनिक-निजी साझेदारीमार्फत आइटी क्षेत्रको विकास गर्न सकिए युवाको वैदेशिक पलायन रोक्न सकिने उनको भनाइ थियो। उक्त अवसरमा चेम्बरको आइटी, सफ्टवेयर र टेक्नोलोजी समिति तथा युनियन अफ इन्फर्मेसन कम्युनिकेसन एन्ड टेक्नोलोजी नेपालबिच सूचना प्रविधि र एआईको क्षेत्रमा सहकार्य गर्ने सम्बन्धमा सम्झौतासमेत भएको छ।

मुक्तिनाथ विकास बैंक २०औँ वर्षमा
शैक्षिक सामग्री वितरण तथा कर्मचारीलाई सम्मान

काठमाडौं/ मुक्तिनाथ विकास बैंक लिमिटेड १९औँ वर्ष पूरा गरी २०औँ वर्षमा प्रवेश गरेको छ। सो अवसरमा बैंकले गत शनिबार केन्द्रीय कार्यालय काठमाडौंसहित क्षेत्रीय कार्यालय जनकपुर, नारायणगढ, धादिङ, पोखरा, इटहरी, बुटवल र लम्कीमा बृहत् रक्तदान कार्यक्रम सञ्चालन गरेको छ। रक्तदानबाट ७५५ युनिट रगत संकलन गरी स्थानीय रक्तसञ्चारगृहलाई हस्तान्तरण गरिएको बैंकले जनाएको छ।

त्यसैगरी, 'सन् २०५० मा मेरो नेपाल' शीर्षकमा कक्षा ८ देखि १० सम्मका विद्यार्थीबिच राष्ट्रव्यापी चित्रकला प्रतियोगिता पनि आयोजना गरेको छ। प्रतियोगितामा सर्वोत्कृष्ट भएकी काठमाडौंकी रिया खड्काले प्रथम स्थानसहित ५० हजार रुपैयाँ प्राप्त गरिन्। हरेक क्षेत्रीय कार्यालयअन्तर्गतको उत्कृष्ट चित्रकारलाई जनही १० हजार रुपैयाँ प्रदान गरिएको बैंकले जनाएको छ।

त्यसैगरी, बैंकले सातवटै प्रदेशका कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति, विभिन्न



विद्यालयका विद्यार्थीलाई न्यानो कपडा तथा स्टेसनरी सामग्री वितरण, बागमती सफाइ महाअभियानलाई सफाइ सामग्री हस्तान्तरणलगायतका कार्यक्रम गरेको छ।

बैंकको केन्द्रीय कार्यालय लाजिम्पाटमा आयोजित कार्यक्रममा मुक्तिनाथ विकास बैंकको संस्थागत गीत विमोचन, संस्थामा १० वर्ष सेवा अवधि पूरा गरेका ४७ कर्मचारीलाई सम्मान पनि गरिएको बैंकले जनाएको छ।

नबिलको एटिएमबाट 'खल्ती'को रकम निकाल्न पाइने

काठमाडौं/ खल्ती वालेटका प्रयोगकर्ताले अब नबिल बैंकका एटिएमबाट खल्ती एपको प्रयोग गरी नगद निकाल्न पाउने भएका छन्। यसका लागि नबिल बैंक र खल्ती वालेटबिच सम्झौता भएको छ। सम्झौताअनुसार खल्तीका प्रयोगकर्ताले बैंकका देशभरका विभिन्न स्थानमा रहेका एटिएमबाट कार्डको प्रयोग नगरी सहज रूपमा खल्ती वालेटमा भएको रकम निकाल्न सक्ने बैंकले जनाएको छ।



बैंकलाई वालेटदेखि एटिएम कारोबारको प्रणालीलाई एक-आपसमा जोड्न उक्त सम्झौता गरिएको बैंकको भनाइ छ। सम्झौताअनुसार वालेट प्रयोगकर्ताले दैनिक अधिकतम पाँच हजार रुपैयाँ र मासिक रूपमा अधिकतम २५ हजार रुपैयाँ नगद निकाल्न सकिनेछ।

नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईंले उक्त सम्झौतापछि बैंकको एटिएम नेटवर्कलाई वालेटका प्रयोगकर्तासम्म विस्तार गर्न सहयोग पुगेको बताए। 'नबिल बैंक प्रविधिको अधिकतम उपयोग गरी ग्राहकलाई सहज रूपमा सेवा प्रवाहका लागि प्रतिबद्ध छ, सोहीअनुसार खल्तीसँग सम्झौता भएको हो,' उनले भने, 'नयाँ सुविधाले ग्राहकको समय बचत हुनुका साथै कार्ड व्यवस्थापनको झन्झट पनि हट्नेछ। नेपालको फिनटेक इकोसिस्टममा डिजिटल रूपान्तरणमा नबिल बैंकको प्रतिबद्धता अझ बलियो हुनेछ,' उनले थपे।

खल्ती वालेटका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले नबिल बैंकसँगको यो सहकार्य डिजिटल अर्थतन्त्र निर्माणका लागि महत्त्वपूर्ण प्रयास भएको बताए।

सिटिजन्स सन्तुलित योजनामा मागभन्दा बढी आवेदन

काठमाडौं/ सिटिजन्स म्युचुअल फन्डअन्तर्गतको चौथो बन्दमुखी योजना 'सिटिजन्स सन्तुलित योजना'को इकाइ खरिदका लागि मागभन्दा बढी आवेदन परेको छ। सिटिजन्स क्यापिटल लिमिटेडको योजना व्यवस्थापन तथा डिपोजिटरी र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको कोष प्रवर्द्धनमा सञ्चालन यस योजनाले ४ देखि १८ पुससम्म इकाइ निष्कासन गरेको थियो।

योजनाका अनुसार एक अर्ब आकारको उक्त योजनामा एक अर्ब २५ करोड रुपैयाँभन्दा बढीको आवेदन प्राप्त भएको छ। यो रकम योजनाले माग गरेको पुँजीभन्दा करिब २५ प्रतिशत बढी हो।

यससँगै सिटिजन्स सन्तुलित योजना सिटिजन्स क्यापिटल लिमिटेडद्वारा सञ्चालन गरिएका म्युचुअल फन्डमध्ये अधिक आवेदन प्राप्त गर्ने योजनाको सूचीमा पर्न सफल भएको छ। लगानीकर्ताको उल्लेखनीय सहभागिताले सिटिजन्स क्यापिटललाई नेपालको पुँजी बजारमा एक दक्ष, व्यावसायिक र विश्वासिलो संस्थाका रूपमा स्थापित गराएको कम्पनीको भनाइ छ। सिटिजन्स क्यापिटल लिमिटेड, सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सहायक कम्पनी हो।

आइटी छात्रवृत्ति कार्यक्रममा आठ उत्कृष्ट विद्यार्थी छनोट

काठमाडौं/ आइटी छात्रवृत्ति कार्यक्रम- २०२५ का लागि आठ उत्कृष्ट विद्यार्थी छनोट भएका छन्। टेकस्किल्स इन्स्टिच्युट अस्ट्रेलिया र नेपाल ट्युबको सहकार्यमा आयोजित कार्यक्रमको अन्तिम चरणबाट उत्कृष्ट प्रदर्शन गरेका आठजना विद्यार्थी छात्रवृत्तिका लागि छनोट भएका छन्। छनोट हुनेमा सोफिया तामाङ, विवेक अधिकारी, प्रार्थना मिश्र, पुष्पा सुक्ला, रशम शाही, शिशम श्रेष्ठ, सोनिका रिजाल र सुरेश शाही उत्कृष्ट रहेका छन्।



राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान तथा नेपाल क्रिकेट संघ (क्यान)का महासचिव पारस खड्का प्रमुख अतिथिका रूपमा उपस्थित थिए। छनोट भएका शीर्ष आठ विद्यार्थीले अब टेकस्किल्स इन्स्टिच्युट अस्ट्रेलियाको अस्ट्रेलियन मापदण्डअनुसारको १६ हप्ते रोजगारीमैत्री तालिम प्राप्त गर्नेछन्।

नेपाल बैंक र मेडिकेयर हस्पिटलबिच छुट सम्झौता



काठमाडौं/ नेपाल बैंक र मेडिकेयर हस्पिटलबिच छुट सम्झौता भएको छ। बैंकमा खाता रहेका ग्राहकलाई छुट दिने गरी सम्झौता गरिएको हो।

सम्झौतापत्रमा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजनका प्रमुख निर्मल सुवेदी र मेडिकेयरका तर्फबाट व्यवस्थापन प्रबन्धक रोशन ओझाले हस्ताक्षर गरे। यो साझेदारीअन्तर्गत बैंकमा आबद्ध सबैले चाबहिलमा रहेको मेडिकेयर हस्पिटलमा १० प्रतिशत छुट पाउनेछन्।

रिज लाइन इनर्जी लिमिटेड
Ridge Line Energy Ltd.
रजिष्टर्ड कार्यालय, ललितपुर महानगरपालिका-१, ललितपुर, फोन नं.: ०१-५९००११४
(आयोजनाको नाम : सुपर चेपे जलविद्युत आयोजना–९.०५ मे.वा.)
वेवसाईटः https://www.ridgeline.com.np, इमेल : info@ridgeline.com.np

आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरूको लागि संकलन केन्द्र थप गरिएको बारेको सूचना

रिज लाइन इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.१,१८,५०,००,०००/- (एक अर्ब अठार करोड पचास लाख)को १०% अर्थात रु.११,८५,००,०००/- (एघार करोड पचासी लाख) रकम बराबरको रु.१०० अंकित दरका ११,८५,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र गोरखा जिल्लाका अजिरकोट गाउँपालिकाको सम्पुर्ण वडाहरु र लमजुङ जिल्ला दुधपोखरी गाउँपालिकाको वडा नं. १, २, ३ तथा दोर्दी गाउँपालिकाको वडा नं. ४, ५, ६ का बासिन्दाहरुको लागि देहाय बमोजिमको संकलन केन्द्र थप गरिएको व्यहोरा जानकारी गराउँदछौं।

सि.नं.	थप गरिएको संकलन केन्द्रको नाम
१.	हिमालयन बैंक लिमिटेड, दुधपोखरी शाखा, लमजुङ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६४१००, ५४७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

महालक्ष्मी विकासको १०.७३ प्रतिशत लाभांश पारित



काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडको २४औँ वार्षिक साधारणसभाबाट १०.७३ प्रतिशत लाभांश पारित भएको छ। बैंक सञ्चालक समितिका अध्यक्ष राजेश उपाध्यायको अध्यक्षतामा सोमबार भएको सभाले ५.३७ प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थसमेत) तथा पाँच प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

साथै, गत आवको वित्तीय विवरण छलफल गरी पारित गरिएको छ।

यसका साथै संस्थापक समूह (क) बाट तीनजना र सर्वसाधारण समूह (ख) बाट तीनजना गरी ६ जना सञ्चालक निर्वाचित भएका छन्। संस्थापकबाट राजेश उपाध्याय, सञ्जय गिरी र ग्रोइंग प्रालिका सागर मल्ल निर्वाचित भए। सर्वसाधारण सेयरधनीबाट श्यामसुन्दर रुंगटा, राहुल अग्रवाल र शालिकराम अर्याल निर्वाचित भएका छन्। नवनिर्वाचित सञ्चालक समितिको पहिलो बैठकले उपाध्यायलाई सञ्चालक समितिको अध्यक्ष चयन गरेको छ।

बैंकका अनुसार अघिल्लो आव ०८०/८१ को तुलनामा गत आवमा बैंकका समग्र वित्तीय परिसूचकमा सकारात्मक परिवर्तन देखिएको छ। अघिल्लो आवमा आधार दर ९.३९ प्रतिशत रहेकामा गत आवमा ६.९४ प्रतिशत रहेको छ।

सर्टिफिकेट हरायो

मिति २०८२/९/१८ गते रत्नपार्क बाट तिनकुनेबाट मेरो निम्न व्यहोरा भएको HSEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

NAME: HARISH AYER
SYMBOL NO: 37200553
Reg. NO : 717207158
CONTACT : 9862492484

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति : २०८२/०९/२३ गते

यस कम्पनीको मिति २०८२/०८/२१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम सावित कम्पनी **एस. एन. एस. टेक्नोलोजी**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एशियन अटोमोवाईल्स ईण्डष्ट्रिज (Asian Automobiless Industries)** (दर्ता नं: ८८५४६/६८/६९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश स्वास्थ्य निर्देशनालय
मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति : २०८२/०९/२३

यस कार्यालयबाट मिति २०८२/०८/१० गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारीस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्र दाता	कबोल अंक (पि एस र मु. अ. कर सहित)	कैफियत
1.	MBHTC/ MORANG/ WORKS/ NCB-1-082-083	CONSTRUCTION OF DIALYSIS BUILDING.	श्री सरोवर ईन्फ्रा प्रा.लि. सानेपा-२ ललितपुर	38,22,625.20	

मेडिकल सुपरिन्टेन्डेन्ट

Invitation for Bids
Proposal for Procurement of Human Resource Management Software

Published date: January 7, 2026
Deadline for Submission: - January 21, 2026

Citizens Bank International Limited invites sealed Bids for Procurement of "Human Resource Management Software" as per the terms and conditions outlined below: -

1. Tender Documents can be procured during office hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path, Durbar Marg, Kathmandu upon payment of NPR 5,000.00 (Nepalese Rupees Five Thousand only), at A/c no. 999-01290040101 nonrefundable, latest by 11:00 hours on January 21, 2026.
2. Sealed Tenders should be submitted to Head Office of the Bank latest by 17:00 hours on January 21, 2026. Sealed tenders will be opened on 11:00 hours on January 22, 2026 at Head Office of the Bank at Narayanhiti Path, Durbar Marg, Kathmandu in presence of respective bidders(s) or in presence of its authorized representative. However, non-presence of the bidder(s) or its representative will not affect or change the pre-scheduled bid opening date for opening of the Bids. Qualification document (Eligibility proposal) will be evaluated first and date, time and place for opening of another sealed Bids (Technical Proposal then Financial Proposal) of qualified bidder will be notified and will be opened in the presence of qualified bidders/authorized representatives who choose to attend. The bid documents of financial offer of the unqualified bidder shall be returned to the respective bidders in sealed (unopened) condition.
3. If the last date of purchasing, submission and opening falls on a public holiday, immediate next working day shall be considered the last day for respective jobs.
4. Documents received after the deadline of the submission will not be considered for further evaluation.
5. The bidders meeting the following conditions will only qualify to participate in the bid: -
i) Bidder should have minimum of 3 years working experience in ICT business in Nepal and should submit the self-certified copies of Company registration, Memorandum of Association, Article of Association and VAT/TAX registration. All Original Equipment Manufacturer (OEM) should have a local partner and must apply for Bid through local partner.
ii) The Bidder should have sufficient capacity to execute the work by local support, OEM or any other implementation partner with respect to personnel and technical competence. In case of implementation to be done by anyone other than OEM, then bidder must submit the certification, experience and agreement with bidder for the implementation task.
iii) The Bidder must be a financially sound and profit making company and should be in profit for last one year. The bidder must submit audited financial statement of last one year.
iv) The Bidder must have tax clearance certificate of last fiscal year issued by tax office of concerned nation.
v) Bidder shall be an authorized partner & service provider of the offered solution and have authorization to resell and implement the quoted product in Nepal. Further, Bidder should submit the manufacturer authorization letter (MAF) of quoted solution.
vi) The purposed product should not have EOL (End of Life) for at least five years from the date of purchase. Letter from OEM shall be required.
vii) The bidder should have implemented the similar solution at least one enterprise organization. Appreciation/Reference letter issued by Commercial Bank(s)/ renowned corporate houses to back the claim of experience. Priority will be given to the bidder having the maximum number of work experiences and certified employee.
6. Bids must be accompanied by bid security of 5% of the bid amount either in the form of earnest money (refundable) deposited in cash at the Head Office of the Bank or in the form of bank guarantee (Bid Bond) issued in favor of the Bank having validity of 90 days from the last date of bid submission.
7. All other information is mentioned in the bid documents.
8. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the "Bids" received from the bidders, wholly or partly; any or all the bids without assigning reason whatsoever.

Citizens Bank
General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977-01-4527842,+977-01-4527843
Fax 977-01-4527044, Email: gsd@ctznbank.com
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL
www.ctznbank.com

NEPAL CANCER HOSPITAL & Research Center Ltd. "Care with Excellence"
मिति:२०८२।९।२३
दोस्रो पटक प्रकाशित
quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No. 230865

नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर लिमिटेड
हरिसिद्धि ललितपुर
चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०८२।९।४ गते बसेको संचालक समितिको ९९ औ बैठकको निर्णय बमोजिम यस कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति स्थान र समय:
मिति : २०८२ साल पुष महिना २६ गते शनिवार (जनवरी १०, २०२६)
समय: बिहान ११ बजे
स्थान: अस्पतालको सभा कक्ष

छलफलको विषयहरु:
(क) सामान्य प्रस्तावहरु:
१. आ.व ०८१।०८२ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२.लेखापरीक्षण प्रतिवेदन सहितको आ.व ०८१।०८२ को वासलात,नाफा नोक्सान हिसाब पारित गर्ने।
३.आ.व ०८२।०८३ को लागि लेखापरीक्षक नियुक्त गरी पारिश्रमीक तोक्ने।
४.आ.व ०८१।०८२ को नाफाबाट शेयर धनीहरुलाई कर सहित २० प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने।

ख. विविध

संचालक समितिको आज्ञाले
प्रकाश कोइराला
कम्पनी सचिव

द्रष्टव्य:
१. साधारण सभामा जो जस्को नाउँमा शेयर रहेको छ सोही व्यक्तिमात्र सहभागी हुन पाउँने छ।
२. साधारण सभामा उपस्थित हुन असमर्थ शेयर धनीहरुले कम्पनीको शेयर धनीहरुलाई मात्र प्रतिनिधि(प्रोक्सी) नियुक्ति गरी पठाउन सक्नेछन।
३. प्रतिनिधि(प्रोक्सी) नियुक्ति गरेको विषय साधारण सभा हुनु भन्दा २४ घण्टा अगाडि कम्पनीको कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ।
४. साधारण सभा पश्चात मात्र कम्पनीको शेयर खरिद बिक्री कार्य गर्न सकिनेछ।
५. सभामा भाग लिन आउने शेयर धनीले आफ्नो परिचय खुल्ने प्रमाण ल्याउनु पर्ने छ।

यस सम्बन्धमा कुनै जानकारी आवस्यक भएमा कम्पनी सचिवलाई (फोन नं ९८४१२५५०७१, ९८०१२२९९४२) सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०९/२३ गते

यस माछापुच्छ्रे बैंक लि. धरान शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/०६/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
१. रमिता श्रेष्ठ ना.प्र.नं. ३५/०४६/४७, जि.प्र.का. मोरङ्ग जारी मिति : २०४६/११/३० बाबु : हृदय नारायण श्रेष्ठ पति : सुन्दर श्रेष्ठ, ससुरा : गोरख मान श्रेष्ठ ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. ६ हाल : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ३	२. सुन्दर श्रेष्ठ ना.प्र.नं. १५३२२/६२९८/२३२०, जि.प्र.का. सुनसरी जारी मिति : २०४०/०३/२४ बाबु : गोरख मान श्रेष्ठ बाजे : हरी भक्त श्रेष्ठ ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४ हाल : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ३
व्यक्तिगत जमानतकर्ताहरु	
१. सुन्दर श्रेष्ठ ना.प्र.नं. १५३२२/६२९८/२३२०, जि.प्र.का. सुनसरी जारी मिति : २०४०/०३/२४ बाबु : गोरख मान श्रेष्ठ बाजे : हरी भक्त श्रेष्ठ ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४ हाल : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ३	२. रमिता श्रेष्ठ ना.प्र.नं. ३५/०४६/४७, जि.प्र.का. मोरङ्ग जारी मिति : २०४६/११/३० बाबु : हृदय नारायण श्रेष्ठ पति : सुन्दर श्रेष्ठ, ससुरा : गोरख मान श्रेष्ठ ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. ६ हाल : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ३
धितोमा रहेको सम्पतिको विवरण	
हरी भक्त श्रेष्ठको नाति, गोरख मान श्रेष्ठको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ३ बस्ने सुन्दर श्रेष्ठको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम भएको सुनसरी जिल्ला, भरौल गा.वि.स./न.पा. वडा नं. ५ ग स्थित कि.नं. ७४४ र ७४३ को क्षेत्रफल क्रमशः ०-१-१.२५-० (बि.क.धु.क.) र ०-०-१५-० (बि.क.धु.क.) बमोजिमको घर/जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।	

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दाबी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८२/१०/०७ बुधबार कार्यालय समय सम्म शाखा कार्यालय, धरान	२०८२/१०/०८ बिहीबार दिनको ३:३० बजे शाखा कार्यालय, धरान

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, धरान

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०
बुधबार २३ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपालको टी-२० विश्वकप टोली घोषणा

शेर मल्लले पहिलोपटक स्थान बनाउँदा बसिर र जोराको पुनरागमन

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगिताका लागि मंगलबार नेपाली टोलीको घोषणा भएको छ। शेर मल्लले पहिलोपटक स्थान बनाउँदा बसिर अहमद र सन्दीप जोरा टोलीमा पुनरागमन गरेका छन्। नेपाल क्रिकेट संघ (क्यान)को प्रारम्भिक चरणमा परेका नौजना खेलाडी अन्तिम चरणबाट बाहिरिएका छन्। मुख्य प्रशिक्षक स्टुवार्ट लले अनुभवी र युवा खेलाडीलाई प्राथमिकतामा राखेका छन्। नेपाली टोलीको कप्तानी रोहितकुमार पौडेल र उपकप्तानीमा दीपेन्द्रसिंह ऐरीले गर्नेछन्।

गत २७ मंसिरमा भएको दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीहरूले विश्वकप टोलीमा स्थान बनाउन सकेनन्। एनपिएलमा सुदूरपश्चिम रोयल्सका विकेटकिपर ब्याट्सम्यान विनोद भण्डारी, अविनाश बोहरा र ईशान पाण्डेले उत्कृष्ट प्रदर्शन गरे पनि राष्ट्रिय टोलीमा स्थान सुरक्षित गर्न सकेनन्। यसैगरी, एनपिएलमा काठमाडौं गोर्खाजले महँगा खेलाडीका रूपमा भित्र्याएका आदिल अन्सारी पनि अन्तिम सूचीमा परेनन्।

विराटनगर किंग्सलाई पहिलोपटक प्ले-अफमा पुऱ्याउन बलिङमा उत्कृष्ट प्रदर्शन गरेका प्रतिश जिसी, जनकपुर बोल्ट्सका रूपेश सिंह र काठमाडौंका भीम सार्की पनि बाहिरिएका छन्। सन् २०२४ मा वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गरेको टी-२० विश्वकप खेलेका अनिल शाह, कुशल मल्ल, कमलसिंह ऐरी र सागर ढकाल भने योपटक टोलीमा परेनन्। टोलीमा पुनरागमन गर्दा बसिरले दोस्रो एनपिएलमा उत्कृष्ट प्रदर्शन गरेका थिए।

विराटनगर किंग्सबाट प्रतिस्पर्धा गरेका बसिरले नौ खेलमा एक सय ९१ रन बनाएका थिए। नेपाली राष्ट्रिय टोली 'ए' र त्रिभुवन आर्मीका खेलाडी बसिरले एनपिएलमा कर्णाली याक्ससविरुद्ध विराटनगरलाई सनसनी जित दिलाउने क्रममा उत्कृष्ट प्रदर्शन गरेका थिए।

शेर पहिलोपटक टोलीमा

लुम्बिनी लायन्सलाई पहिलोपटक एनपिएलको विजेता बनाउने क्रममा शेरले उत्कृष्ट बलिङ प्रदर्शन गरेका थिए। यसै प्रदर्शनका आधारमा उनी राष्ट्रिय टोलीको प्रारम्भिक प्रशिक्षणमा परेका थिए। क्लोज क्याम्पमा उत्कृष्ट प्रदर्शन गरेका कारण उनले राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भए। दोस्रो एनपिएलमा उनले कुल १० खेलमा बलिङ गरी सर्वाधिक १७ विकेट लिएका थिए। सो एनपिएलमा १७ विकेट लिने तीन बलर थिए। विराटनगरका सन्दीप लामिछाने र सुदूरपश्चिमका अविनाश बोहरा थिए। रनरेटका कारण शेर तेस्रो स्थानमा रहे। लुम्बिनीबाट लिग चरणमा उनले विराटनगर र जनकपुरविरुद्ध उत्कृष्ट बलिङ प्रदर्शन गरे। त्यसपछि पहिलो इलिमिनिटरमा उनले काठमाडौंविरुद्ध २२ रन खर्चेर तीन विकेट लिए। उपाधि भिडन्तमा सुदूरपश्चिमविरुद्ध उनी थप सशक्त रूपमा प्रस्तुत भए। यस खेलमा उनले १८ रन खर्चेर तीन विकेट हात पारे। एनपिएलमा शेर उदीयमान खेलाडी बनेका थिए।



▶ सोमपाल कामी ▶ शेर मल्ल

तेस्रोपटक विश्वकप खेल्दै सोमपाल

सोमपाल कामी लगातार तेस्रोपटक विश्वकप खेल्ने पहिलो नेपाली क्रिकेटर बनेका छन्। सन् २०१४ मा बंगलादेशले आयोजना गरेको टी-२० विश्वकपमा नेपालले डेब्यु गरेको थियो। सो टोलीमा सोमपाल थिए। क्यानको घोषित खेलाडीमध्ये उनी सबैभन्दा सिनियरमा पर्छन्। नेपालले समग्रमा तेस्रो तथा लगातार दोस्रोपटक विश्वकपमा स्थान सुरक्षित गर्दा उनी प्रमुख खेलाडीका रूपमा रहे। पहिलो संस्करणमा सोमपालले तीन खेलमा चार विकेट लिँदा कुल नौ ओभर बलिङ गरेका थिए।

गत संस्करणमा उनले तीन खेलमा प्रतिस्पर्धा गरेका थिए। उनले समग्रमा आठ ओभर बलिङ गरी ५४ रन खर्चेर तीन विकेट हात पारेका थिए। विश्वकपमा उनले सात विकेट हात पारेका छन्। फास्ट बलर सोमपालले सन् २०१४ मा हङकङविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। नेपाली टोलीबाट उनले ८६ टी-२० आईमा बलिङ गर्दै ८१ विकेट हात पारेका छन्। ब्याटिङ क्रममा उनले ५१ इनिङ्समा तीन सय ६५ रन जोडेका छन्। ब्याटिङमा उनको स्ट्राइक १११.६२ रहेको छ। अहिलेसम्म ९९ टी-२० फ्रेन्चाइजमा उनले तीन सय ८२ रन तथा ९४ विकेट हात पारेका छन्।

१० खेलाडी दोस्रोपटक विश्वकप खेल्दै

क्यानले विश्वकपका लागि १५ सदस्यीय टोली घोषणा गर्दा १० जना खेलाडीले लगातार दोस्रोपटक विश्वकप खेल्दै छन्। सन् २०२४ को टी-२० विश्वकप खेलेका रोहित, आसिफ, कुशल भुर्तेल, सन्दीप जोरा, गुल्सन झा, करण केसी, सन्दीप लामिछाने र ललित राजवंशीले आगामी महिनामा हुने विश्वकपमा सहभागी हुँदै छन्। अमेरिका र वेस्ट इन्डिजले आयोजना गरेको विश्वकपमा खेलेका अनिल शाह, कुशल मल्ल, प्रतिश जिसी, कमलसिंह ऐरी, अविनाश बोहरा र सागर ढकालले भने स्थान बनाउन सकेनन्। रोहितको कप्तानीमा नेपालले दोस्रोपटक विश्वकप खेल्दा १० वर्ष प्रतिक्षा गर्नुपरेको थियो। सन् २०१४ पछि नेपाल एकैपटक सन् २०२४ मा मात्र विश्वकपमा स्थान बनायो। नेपाललाई आफ्नो कप्तानीमा लगातार दोस्रोपटक विश्वकप स्थान सुरक्षित गराउने रोहित पहिलो कप्तान हुन्। सन् २०१४ को विश्वकप खेल्दा नेपालका कप्तान पारस खड्का थिए।

विनोद, आदिल र कुशल अटाएनन्

एनपिएलमा सुदूरपश्चिमलाई लगातार दोस्रोपटक फाइनल स्थान बनाउने क्रममा विकेटकिपर ब्याट्सम्यान विनोद भण्डारीसँगै आदिल मोहमद र कुशल मल्ल भने बाहिरिएका छन्। दोस्रो एनपिएलमा विनोद सर्वाधिक रन बनाउने सूचीको तेस्रो र नेपाली खेलाडीमध्ये दोस्रो भए। उनले नौ खेलमा दुई अर्धशतकीय सहयोगमा दुई सय ६४ रन जोडेका थिए। फाइनलमा उनी लुम्बिनी लायन्सविरुद्ध शून्य रनमा आउट भएका थिए। एनपिएलमा प्रदर्शन आधारमै विनोद प्रारम्भिक चरणमा छनोट भएका थिए। तर, उनले अन्तिम चरणमा आफ्नो स्थान सुरक्षित गर्न सकेनन्। गत संस्करण खेलेका कुशल मल्ल पनि बाहिरिए। उनले दोस्रो एनपिएलमा सात खेलमा एक सय ३५ रन मात्र बनाएका थिए। राष्ट्रिय टोलीका अनभुवी खेलाडी कुशल भने पछिल्लो समयमा राम्रो लयमा छैनन्। उनले विश्वकप छनोटमा २२ रन बनाएका थिए। एनपिएलमा उनले एक विकेट मात्र लिएका थिए। काठमाडौंका मोहमदले आठ खेलमा सात इनिङ्स ब्याटिङ गरी ९३ रन जोड्दा एक अर्धशतकीय इनिङ्स खेले। आदिलले विश्वकप छनोटदेखि एनपिएलसम्म गतिलो प्रदर्शन गर्न सकेनन्।

नेपाली टोली

रोहित पौडेल (कप्तान) र उपकप्तान दीपेन्द्र सिंह ऐरी (उपकप्तान), सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, सन्दीप जोरा, आरिफ शेख, बसिर अहमद, सोमपाल कामी, करण केसी, नन्दन यादव, गुल्सन झा, ललित राजवंशी, शेर मल्ल र लोकेश बम।

एन्फालाई जिल्ला, प्रदेशपछि केन्द्रको निर्वाचन गर्न राखेपको निर्देशन

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले मंगलबार अखिल नेपाल फुटबल संघ (एन्फा)लाई राष्ट्रिय खेलकुद परिषद्ले प्रक्रियागत रूपमा निर्वाचन गर्न निर्देशन दिएको छ। नेपाली खेलकुदको सर्वोच्च प्रशासनिक निकाय खेलकुद परिषद्का संघसंस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राईले एन्फालाई पत्राचार गर्दै तहगत निर्वाचन, प्रचलित नियम र विधानबमोजिम काम गर्न निर्देशन दिएका हुन्।

'प्रदेश तथा जिल्ला संघको संरचना ऐनअनुसार पुनः व्यवस्थित गरी तहगत निर्वाचनमार्फत प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, प्रदेशका नाम स्पष्ट उल्लेख गर्नुपर्ने तथा प्रचलित कानुनअनुसार आवश्यक सबै संशोधन गर्नुपर्नेछ,' एन्फालाई काटेको पत्रमा राईले भनेका छन्। १६ पुसमा एन्फाको कार्यसमिति बैठकले आगामी २८ माघमा चुनावी साधारणसभा निर्णय गरेको थियो। पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फा कार्यसमितिको कार्यकाल आगामी ६ असारमा सकिँदै छ।

एन्फाले निर्धारित समयभन्दा पाँच महिनाअघि 'अर्ली इलेक्सन' गर्न लागेको हो। एन्फाका असन्तुष्ट समूहले 'अर्ली इलेक्सन'को विरोध गर्दा पनि कार्यसमितिमा बहुमत सदस्याका आधारमा नेम्वाङले निर्वाचनको मिति घोषणा गरेका थिए। यसैबिच, परिषद्ले एन्फालाई आगामी साधारणसभाका लागि विभिन्न बुँदामा संशोधन गर्न पनि निर्देशन दिएको छ। परिषद्ले एन्फालाई राष्ट्रिय खेलकुद विकास ऐन २०७७ र राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ मा एन्फाको विधान बाझिएकाले आवश्यक संशोधन गरी स्वीकृत विधान र प्रचलिन कानुनबमोजिम काम गर्न पनि निर्देशन दिएको छ।

एन्फाले जिल्ला र प्रदेशको निर्वाचन नगरी एकैपटक केन्द्रको निर्वाचन गराउन लागेको हो। एन्फाले विधान, २०७७ को धारा ३० बमोजिम साधारणसभाको उपधारा २ मा उल्लेख भएअनुसार निर्वाचन गराउन लागेको जनाएको छ। 'विधान, २०७७ को धारा ३० बमोजिम साधारणसभाको उपधारा २ कार्यसमितिले मिति, समय र स्थान तोक्नेछ,' एन्फाको विधानमा उल्लेख छ।

एन्फाले कुनै विशेष कारण साधारणसभा गर्नुपरे विधानको धारा ३७ (१०)को पालना गर्नुपर्छ । तर, एन्फाले एकै वर्षमा दुईपटक साधारण सभा गर्न लागेको हो। गत वैशाखमा एन्फाले धुलिखेलमा वार्षिक साधारणसभा गरेको थियो। एन्फाले १० महिनाभित्र दोस्रो साधारणसभा गर्न लागेको हो। 'यदि कार्यसमितिको ५० प्रतिशतभन्दा बढी पद रिक्त हुन आएमा (मृत्यु, राजीनामा, तीनवटा बैठकमा लगातार अनुपस्थित भएर) महासचिवले ३५ दिनभित्र बाँकी अवधिका लागि रिक्त पदहरूको पूर्तिका लागि साधारणसभाको बैठक बोलाउन सक्नेछ,' एन्फाको विधानमा छ। यस धाराअनुसार अग्रिम निर्वाचन केवल पद रिक्त अवस्थामा मात्र सम्भव छ। अहिले एन्फामा कुनै पनि पद रिक्त छैन । एन्फा विधानमा कतै पनि चारवर्षे कार्यकालअघि नै निर्वाचन गर्ने उल्लेख छ। विधानविपरीत निर्वाचन गर्न लागेको भन्दै एन्फाका उपाध्यक्षद्वय दीर्घबहादुर केसी र विराटजंग शाहीसहित केन्द्रीय सदस्य रूपेश अधिकारीले विरोध गर्दै आएका छन्।

खेल संक्षेप

भलिबलको उपाधि होटेल समिटलाई

बागलुङ/ आठौं बागलुङ महोत्सवको अवसरमा आयोजित गण्डकी प्रदेश खुला पालिकास्तरीय भलिबल प्रतियोगिताको उपाधि होटेल समिट धौलागिरि बागलुङले जितेको छ। प्रतियोगिताको मंगलबार पुरुषतर्फको फाइनलमा गलकोट नगरपालिकालाई ३-१ को सेटमा हराउँदै होटेल समिटले उपाधि चुमेको हो। लगातार दुई सेट आफ्नो पक्षमा पारेको होटेल समिटले तेस्रो सेट गुमाउन पुग्यो। चौथो सेटमा पुनरागमन जित निकाल्दै उपाधि पनि जित्यो। टोलीलाई विजेता बनाउने क्रममा पूर्वराष्ट्रिय खेलाडी तथा गण्डकी प्रदेश भलिबल टोलीका कप्तान सन्जुविक्रम शाहले प्रदर्शन गरेका थिए। च्याम्पियन होटेल समिटले दुई लाख एक हजार र उपविजेता गलकोट नगरपालिकाले एक लाख २१ हजार रुपैयाँ पाएका छन्। तेस्रो स्थानका लागि भएको खेलमा मेरो डेन्टल होमले पर्वतको कुश्मा नगरपालिकालाई ३-१ को सेटमा पराजित गरेको छ। पुरुष भलिबलमा १२ टोलीले भाग लिएका थिए। प्रतियोगितामा सम्बन्धित पालिका र जिल्लाबाहिर गण्डकीका दुईजना खेलाडी समावेश गर्न पाइने नियम राखिएको थियो।

ओप्स महोत्सव बिहीबारदेखि

काठमाडौं/ अर्गनाइजेसन अफ प्राइभेट स्कुल (ओप्स)को आयोजनामा आठौं ओप्स खेलकुद महोत्सवको दोस्रो चरण बिहीबारदेखि हुने भएको छ। ओप्सका अध्यक्ष लोकेन्द्रबहादुर खड्काले मंगलबार सिनियर फुटसल, भलिबल, एथलेटिक्स र ब्याडमिन्टनमा प्रतिस्पर्धा हुने बताए। भलिबलमा छात्रमा प्रतिस्पर्धा हुनेछ। १२ टोली सहभागिता रहने छात्रा फुटसल सिर्जना ज्ञानसागर माविमा खेलाइनेछ। छात्र फुटसल र छात्र भलिबल सेक्रेट हार्ट माविमा हुनेछ। छात्र फुटसलमा १६ र छात्र भलिबल आठ टोलीले खेल्नेछन्। एथलेटिक्स हल्चोकस्थित एपिएफमा हुनेछ। खेलकुद महोत्सवअन्तर्गत पहिलो चरणमा टेबलटेनिस, बास्केटबल, जुनियर फुटसल र बुद्धिचालको प्रतिस्पर्धा भएको ओप्सले जनाएको छ।

तेस्रो तिनपोखरी फुटबल कप हुने

संखुवासभा/ संखुवासभाको खाँदबारी नगरपालिका- ७ स्थित रहेको खाँदबारी रंगशालामा तेस्रो तिनपोखरी कप पुरुष फुटबल प्रतियोगिता आयोजना हुने भएको छ। आयोजक तिनपोखरी समाज विकास क्लबले मंगलबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिता २६ पुसदेखि १ माघसम्म हुने जानकारी दिएको छ। आयोजक क्लबका अध्यक्ष मिनेश चापागाईंले प्रतियोगिताको बजेट २० लाख २८ हजार रुपैयाँ रहेको बताए। तिनपोखरी कपमा कोशी प्रदेश र संखुवासभा जिल्लाभित्रका नाम चलेका क्लबहरूको सहभागिता रहने उनले बताए। प्रतियोगिताको विजेताले दुई लाख ५१ हजार र उपविजेताले एक लाख २१ हजार रुपैयाँ पाउनेछन्। यसैगरी, विधागत उत्कृष्ट खेलाडीहरूलाई सम्मान गरिने अध्यक्ष चापागाईंले बताए।

राष्ट्रिय महिला भलिबलको तयारी पूरा

काठमाडौं/ शेरबहादुर खड्का स्मृति प्रतिष्ठान बालकोटको आयोजनामा हुने नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको तयारी पूरा भएको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा बुधबारदेखि हुने प्रतियोगिताको पहिलो दिन दुई खेल हुने प्रतिष्ठानका अध्यक्ष रञ्जन खड्काले जनाएका छन्। सातौं संस्करणको विजेता न्यु डायमन्ड युथ स्पोर्टस् क्लबले त्रिभुवन आर्मीको सामना गर्नेछ। दोस्रो खेलमा साबिक विजेता नेपाल पुलिसले नेपाल एपिएफ क्लबविरुद्ध खेल्नेछ। राउन्ड रोविन लिगका आधारमा हुने प्रतियोगितामा चार टोली मात्र सहभागी छन्। राउन्ड रोविन लिगमा शीर्ष दुई स्थानमा रहने टिमले पुनः उपाधिका लागि खेल्नेछन्। विजेताले पाँच लाख, उपविजेताले दुई लाख ५० हजार र तेस्रो हुने टोलीले एक लाख २५ हजार रुपैयाँ पाउने खड्काले बताए। सर्वोत्कृष्ट खेलाडीलाई ५० हजार प्रदान गरिनेछ। विधागततर्फ सात उत्कृष्ट खेलाडीलाई २५ हजार रुपैयाँ दिइनेछ। प्रतियोगिताको उद्घाटनमा एक राष्ट्रिय महिला खेलाडीलाई ५० हजारसहित शेरबहादुर खड्का स्पेसल अवार्डबाट सम्मान गरिनेछ।

ग्लोबल छनोटको तयारी गर्दै महिला खेलाडी



काठमाडौं/ राष्ट्रिय महिला क्रिकेट टोलीले टी-२० विश्वकप ग्लोबल छनोटको पूर्वसन्ध्या बुधबार माथिल्लो मूलपानी मैदानमा अमेरिकाविरुद्ध अभ्यास खेल खेल्दै छ। नेपाल पहिलोपटक आइसिसी टी-२० विश्वकप ग्लोबल छनोटमा पुगेको हो। ग्लोबल छनोटमा १० राष्ट्रहरू सहभागी छन्। छनोटको मुख्य प्रतिस्पर्धाअघि आइसिसीले अभ्यास खेल आयोजना गरेको हो। नेपालले ९ जनवरीमा स्कटल्यान्ड र ११ जनवरीमा जिम्बाबेविरुद्ध अभ्यास खेल खेल्नेछ। ग्लोबल छनोटका शीर्ष चार टोलीले आगामी जुनमा इंग्ल्यान्डमा आयोजना हुने टी-२० महिला विश्वकपमा स्थान बनाउनेछन्।
तस्बिर *सौजन्य : क्यान*

बंगलादेशसँग छलफल गर्दै आइसिसी

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)सँग छलफल गर्ने भएको छ। बंगलादेशले आसन्न टी-२० पुरुष विश्वकपमा भारतमा नखेल्ने निर्णय गरेपछि विवाद सुल्झाउन आइसिसी वार्ताका लागि तयार भएको हो।

भारतमा आफ्ना खेलाडीहरू सुरक्षित नभएको जनाउँदै बंगलादेशले आफ्ना सबै खेल श्रीलंकामा राख्न आग्रह आइसिसीसमक्ष गरेको छ। बंगलादेशले श्रीलंकाबाहेक अन्य स्थानमा विश्वकप खेल्न नसक्ने अडान राखेको छ।

आइसिसीले प्रारम्भिक चरणमा बंगलादेशलाई पूर्वघोषित तालिकाअनुसार जानुपर्ने जनाएको छ। विश्वकपअन्तर्गत समूह 'सी'मा बंगलादेशले तीन खेल खेल्नेछ। बंगलादेशले ७ फेब्रुअरीमा वेस्ट इन्डिज, ९ फेब्रुअरीमा इटाली, १४ फेब्रुअरीमा इंग्ल्यान्ड र १७ फेब्रुअरीमा नेपालविरुद्ध प्रतिस्पर्धा गर्नेछ। बंगलादेशले पहिलो तीन खेल कोलकाताको इर्डन गार्डेन रंगशालामा प्रतिस्पर्धा गर्नेछ। मुम्बईको बाँखडे रंगशालामा नेपालसँगको खेल तय छ।

भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले इन्डियन प्रिमियर लिगको फ्रेन्चाइज टोली कोलकाता नाइट राइडर्समा अनुबन्ध भएका बंगलादेशी पेस बलर मुस्तफिजुर रहमानलाई हटाउन निर्देशन दिएपछि बंगलादेश र भारतबिच विवाद चर्किएको हो। गत अक्सनमा कोलकाताले रहमानलाई अनुबन्ध गरेको थियो। आइसिसीका अध्यक्ष जय शाहले बिसिसिआईसँग विवादको कारण माग गरेको एजेन्सीले जनाएको छ। बंगलादेश क्रिकेट बोर्डले आइसिसीसँगको वार्तामा आफ्ना अध्यक्ष अमिनुल इस्लाम र प्रमुख कार्यकारी निजामुद्दिन चौधरीलाई चयन गरेको छ।

स्पोर्टस् समिटमा टी-२० विश्वकप ट्रफी प्रदर्शन

आइसिसीले विभिन्न राष्ट्रमा टी-२० विश्वकपको ट्रफी टुर गराएको छ। यसैक्रममा नेपालमा पहिलोपटक ट्रफी आइपुगेको हो।

कास्कीमा रोहितराज पराजुली

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)ले सोमबार आयोजना गरेको एनएसजेएफ स्पोर्टस् समिटमा आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको ट्रफी प्रदर्शन राखिएको छ। आगामी महिना भारत र श्रीलंकामा संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन्। आइसिसीले विभिन्न राष्ट्रमा ट्रफी टुर गराएको छ। यसैक्रममा नेपालमा पहिलोपटक सो ट्रफी आइपुगेको हो। राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार शीतलनिवासमा ट्रफी सार्वजनिक गरेका थिए। त्यसपछि ट्रफी पोखरा पुऱ्याइएको हो।

नेपाल क्रिकेट संघ (क्यान)को निर्धारित कार्यक्रमअनुसार विश्वकप ट्रफी मंगलबार दिउँसो काठमाडौंको वसन्तपुर दरबार स्क्वायरमा प्रदर्शनीमा राखिने कार्यक्रम तय भएको थियो। तर, मञ्चको स्पोर्टस् समिटमा ट्रफी प्रदर्शन गरिएको हो। क्यानले विशेष कारणवश ट्रफी वसन्तपुर दरबार स्क्वायरमा प्रदर्शनी नहुने जनाएको छ।



स्पोर्टस् समिटमा पोखरामा खेल पर्यटन र अर्थतन्त्र विषयमा छलफल भएको थियो। जसमा नेपाल पयर्टन बोर्डका अफिसेटिङ डाइरेक्टर सुनील शर्मा, राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्यसचिव टंकलाल घिसिङ, पोखरा टुरिजम बोर्डका संस्थापक अध्यक्ष अशोक पालिखे र पोखरा भ्रमण वर्षका संयोजक गोपी भट्टराईले आ-आफ्नो मन्तव्य राखेका थिए। भट्टराईले पोखरामा भौतिक पूर्वाधार पर्याप्त रहे पनि त्यसलाई सुहाउँदो रूपमा प्रतियोगिता नभएको गुनासो पोखे। पूर्वसदस्यसचिव घिसिङले भौतिक पूर्वाधारले सम्पन्न पोखरामा ठुलो स्तरका अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने बताए।

२२औं स्पोर्टस् अवार्ड आज

पहिलोपटक पोखरामा आयोजना हुन लागेको २२औं एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डको सम्पूर्ण तयारी पूरा भएको छ। काठमाडौंबाहिर पहिलोपटक अवार्ड हुन लागेको हो। यसपल्टको कार्यक्रम पोखराको सभागृहमा आयोजना हुनेछ। मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले अवार्डलाई लिएर आफू धेरै उत्साहित रहेको बताएका छन्। 'अवार्डको सबै तयारी पूरा भएको छ। सुरुमा मोफसलमा अवार्ड कार्यक्रमको आयोजना गर्दा धेरै चुनौती सामना गर्नुपर्ने लागेको थियो,' अधिकारीले भने, 'तर पोखरामा आएपछि हामीले चुनौतीभन्दा पनि बढी अवसर देखेका छौं। अब पोखरा राष्ट्रिय र अन्तर्राष्ट्रिय अवार्ड कार्यक्रमको पनि गन्तव्य बन्नेछ।' अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुपको निरन्तरता कायमै छ।

अवार्डमा यसपल्ट पनि १० विधामा अवार्ड प्रदान गरिनेछ। त्यसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पाराएथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ दी इयर र एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड रहेका छन्। पिपल्स च्वाइस अवार्डको मनोनयनमा रहेका खेलाडीमा उसुका विजय सिन्जाली, टेबल टेनिसकी इभाना थापा, भलिबलका हिमाल सुनारी, क्रिकेटकी पूजा महतो र फुटबलकी रेखा पौडेल रहेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com